# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

शुक्रबार, मंसिर १, २०७४ | Friday, November 17, 2017 | www.newsofnepal.com | नेसं ११३८ कछलागा १४ | वर्ष २३, अंक ३०२ | पृष्ठ १२ | मूल्य रू. १०/–


ठोरीका मतदाता भन्छन्

## ‘हामी दुई नम्बर प्रदेशमा बस्दैनौं’

कृष्णउदास खनाल, वीरगन्ज

मंसिर २१ गते सम्पन्न हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यका लागि हुने निर्वाचनमा पर्सा जिल्लामा ठाउँ ठाउँका मतदाताको अपेक्षा उम्मेदवारसँग फरक फरक रहेको पाइएको छ।

पर्साको ठोरी गाउँपालिकाका मतदाता भने पर्सा जिल्ला र दुई नम्बर प्रदेशबाट नै अलग गराउने प्रतिबद्धता जनाउने उम्मेदवारलाई मात्रै मत दिने पक्षमा रहेको बताएका छन्।

निकै पहिले चितवनवासी रहेका ठोरीका नागरिक फेरि चितवनवासी हुने इच्छा जनाएका छन्। करिब एक महिनाअगाडि नै ठोरी गाउँपालिकाले चितवन जिल्लामा आफूहरू समाहित हुने निर्णय गरेको थियो। ठोरीका नागरिकहरूको चाहनाअनुसार नै यस्तो निर्णय गरिएको ठोरी गाउँपालिकाका अध्यक्ष पीएल श्रेष्ठले बताउनुभयो। उहाँले ठोरीका नागरिकलाई वीरगन्जभन्दा भरतपुर जान सजिलो हुने भएकाले पनि यस्तो निर्णय गरिएको बताउनुभयो।

पर्साको सदरमुकाम वीरगन्जबाट करिब ६८ किलोमिटर सुदूरउत्तरमा रहेका ठोरी र त्यस गाउँपालिकाका मतदाताले अहिले भोट माग्न आउने राजनीतिक दलका उम्मेदवारसँग भन्ने गरेका छन्- ‘ठोरीलाई चितवनमा गाभ्ने मुख्य राजनीतिक एजेण्डा बनाइदिनुस्।’

जुन दलका उम्मेदवारले ठोरीलाई तीन नम्बर प्रदेशमा समायोजन गर्ने नीति लिएर आउनेछन् उसैलाई मत दिने निर्णयमा आफूहरू पुगेको ठोरीका स्थानीय मतदाता रवीना ढुंगानाले बताउनुभयो। ठोरीसहित पर्साको निर्मलबस्ती र सुवर्णपुरका वासिन्दा चितवनमा समाहित हुन चाहे पनि मधेसवादी दल र नेपाली कांग्रेसले भने उनीहरूको चाहना असम्भव रहेको बताउँदै आएका छन्।

ठोरीबाट वीरगन्जभन्दा भरतपुरमा बढी यात्रुवाहक बस सेवा सञ्चालनमा आउने गरेको स्थानीयहरूले बताएका छन्। भौगोलिक रूपबाट पनि भरतपुरनजिक भएकाले ठोरीका नागरिकले यस्तो माग गरेको ठोरी गाउँपालिका-१ का वडा अध्यक्ष रामप्रकाश कुँवरले बताउनुभयो।

## पश्चिम सेती निर्माणका लागि संयुक्त कम्पनी

हेमन्त जोशी, काठमाडौं

नेपाल विद्युत् प्राधिकरण र चिनियाँ कम्पनी थ्री गर्जेजको सहायक कम्पनी सीडब्लूई इन्भेस्टमेन्ट कर्पोरेसनबीच पश्चिम सेती जलविद्युत् आयोजना निर्माणका लागि संयुक्त लगानी सम्झौता (जेभीए) बमोजिम संयुक्त कम्पनी खोल्ने सहमति भएको छ।

आयोजनालाई अगाडि बढाउन बिहीबार सीडब्लूई र प्राधिकरणबीच संयुक्त कम्पनी रहने गरी ‘पश्चिम सेती जलविद्युत् विकास लिमिटेड’ कम्पनी निर्माण गरिने सम्झौता भएको हो। आयोजनालाई अगाडि बढाउन गरिएको उक्त सम्झौतामा प्राधिकरणका तर्फबाट प्रमुख कार्यकारी अधिकृत कुलमान घिसिङ र सीडब्लुईका तर्फबाट कम्पनीको लगानी विभागका निर्देशक याओ फिकओङले हस्ताक्षर गर्नुभयो। सम्झौताअनुसार उक्त कम्पनीमा चिनियाँ पक्षका ३ जना, प्राधिकरणका १ जना र दुवै पक्षले मिलेर मनोनयन गरेको एकजना गरी ५ जनाको सञ्चालक समिति रहनेछन्।

सीडब्लूईले लामो समयसम्म आयोजना ओगटेर मात्र राख्ने तर काम अगाडि बढाउन नसकेको भन्दै आलोचना हुँदै आएको थियो। जलाशयमा आधारित ७ सय ५० मेगावाट क्षमताको आयोजना निर्माण, सञ्चालन र स्वामित्व हस्तान्तरण (बुट) मोडलमा निर्माण गरिने गरी सम्झौता भएको नेपाल विद्युत् प्राधिकरणका प्रवक्ता प्रबल अधिकारीले जानकारी दिनुभयो। अधिकारीका अनुसार थ्री गर्जेज र प्राधिकरणको टोलीबीच आयोजनाको वित्तीय व्यवस्थापन, विद्युत् महसुल, र बजारको बारेमा समेत छलफल भएको छ।

खर्चको पुँजीकरण, यसको महसुल नीति, स्थानीय शेयरको वित्तीय व्यवस्थापनको प्रक्रिया र ऋण लगानीका लागि ग्यारेन्टीलगायत विषयलाई पनि बिहीबारको छलफलले टुंग्याएको छ।

### आयोजना प्रभावितलाई १० प्रतिशत सेयर

सम्झौताबमोजिम आयोजनामा ७५ प्रतिशत लगानी थ्री गर्जेजले गर्नेछ भने २५ प्रतिशत प्राधिकरणको लगानी रहनेछ। सीडब्लूईको ७५ प्रतिशत शेयरमा १० प्रतिशत आयोजना प्रभावित क्षेत्रमा वितरण गरिने र १४ प्रतिशतसम्म स्थानीय लगानीकर्ताले शेयर खरिद गर्न सक्नेछन्। प्रवक्ता अधिकारीका अनुसार आयोजनाबाट उत्पादित विद्युत्लाई मुलुकभित्रै प्रयोग गरिनेछ।

(क्रमशः पृष्ठ ९ मा)

## नारायणकाजीलाई लक्षित गरी विस्फोट

नेपाल समाचारपत्र

गोरखा

गोरखामा नारायणकाजी श्रेष्ठलाई लक्षित गरी राखिएको बम विस्फोट भएको छ। गोरखा नगरपालिका-१० स्थित सिर्दीखोला पुलनजिकै सुतली बम विस्फोट भएको जिल्ला प्रहरी कार्यालय गोरखाका प्रमुख प्रहरी उपरीक्षक प्रकाश अधिकारीले जानकारी दिनुभयो। विस्फोटबाट कुनै क्षति नभएको प्रहरीले जानकारी दिएको छ। नारायणकाजी वाम गठबन्धनका तर्फबाट गोरखा क्षेत्र नं. २ मा प्रतिनिधिसभा सदस्यको उम्मेदवार हुनुहुन्छ। घटनाबारे थप अनुसन्धान भइरहेको उहाँले बताउनुभयो।






## राष्ट्रपतिको आग्रहले बम परिवार खुसी

नेपाल समाचारपत्र

काठमाडौं



अदालतबाट मृत्युदण्डको सजाय पाएर हाल संयुक्त अरब इमिरेट्स (यूएई)को जेलमा रहेका नेपाली अमरबहादुर बमको रिहाइका लागि राष्ट्रपति विद्यादेवी भण्डारीले त्यहाँका उच्च अधिकारीलाई आग्रह गर्नुभएको छ।

वैदेशिक रोजगारका सिलसिलामा यूएई पुगेका दार्चुलाको तत्कालीन धारी गाविसका बम विगत १४ वर्ष अघिदेखि यूएईको जेलमा छन्। सो मुलुक पुगेको ३ दिनपछि भएको एक हत्याकाण्डमा बमसमेत सहयोगी रहेको ठहर गर्दै त्यहाँको अदालतले उनलाई मृत्युदण्डसहितको सजाय सुनाएको थियो।

विभिन्न चरणमा बमको रिहाइका लागि नेपालले पत्राचार गरे पनि सुनुवाइ भएको छैन। यूएई भ्रमणका क्रममा राष्ट्रपति भण्डारीले त्यहाँका उच्च अधिकारीसँगको भेटवार्तामा बमको रिहाइका लागि आग्रह गर्नुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ। ४ दिने औपचारिक भ्रमणका क्रममा राष्ट्रपति भण्डारीले मंगलबार र बुधबार त्यहाँका राजकुमार शेख मोहम्मद विन अल जाहेद नाहिद, प्रधानमन्त्री शेख महम्मद बिन रसिद अल मुक्तुमलगायतका उच्च अधिकारीसँग भेटवार्ता गर्नुभएको थियो। भ्रमण टोलीमा संलग्न आपूर्तिमन्त्री जयन्त चन्दले बम रिहाइबारे राष्ट्रपतिले ध्यानाकर्षण गराउनुभएको र सोबारे छिट्टै यूएईले सकारात्मक खबर पठाउने बताउनुभयो।

यसैबीच यूएईको ४ दिने औपचारिक भ्रमण पूरा गरी राष्ट्रपति भण्डारी बिहीबार स्वदेश फर्कनुभएको छ। भ्रमणका क्रममा राष्ट्रपति भण्डारीले त्यहाँका उच्च अधिकारीसँग नेपालको स्वास्थ्य, शिक्षा, व्यापार, पर्यटन, कृषि, वैकल्पिक ऊर्जा, पूर्वाधार विकासलगायतका क्षेत्रमा लगानी भित्र्याउन सकिने सम्भावनाबारे छलफल गर्नुभएको छ।




शिक्षा विशेष



# प्लस टु पछिको शिक्षा

ईश्वरराज ढकाल

माध्यामिक शिक्षा (प्लस टु) तह पूरा भएपछि बल्ल विद्यार्थीको भविष्यको बाटो प्रस्ट हुन थाल्छ। अझ भनौं, भविष्यको रेखा कोर्ने कार्यको थालनी हुन्छ। हुन त विद्यार्थीले प्लस टुमा भर्ना हुँदाखेरी नै भविष्यको लक्ष्यका बारेमा सोचिसकेका हुन्छन्, तर प्लस टुको नतिजाले मात्र उनीहरुको सोचाइका खाकाले सार्थकता पाउने गर्दछ। एसएलसी परीक्षाको नतिजाका आधारमा भविष्यमा चिकित्सक बन्ने लक्ष्य लिएको हुनसक्दछ, तर प्लस टुमा चाहेजस्तो नतिजा प्राप्त हुन नसक्दा विद्यार्थीको बाटो अन्यत्र मोडिन सक्दछ। अनि विज्ञान विषय लिएर उच्च शिक्षा अध्ययन गर्ने यात्रा शुरु हुन्छ वा संकाय परिवर्तन गरेर स्नातक तहमा भर्ना हुने निष्कर्षमा विद्यार्थी पुग्दछन्। त्यसैले विद्यार्थीको भविष्य प्लस टुको नतिजाका आधारमा हुन्छ भन्न सकिन्छ।

सही सुझाव वा परामर्शको अभावमा विद्यार्थीले गलत निर्णय लिन पनि सक्दछन्। स्वदेशमै पढ्ने वा विदेशतर्फ लाग्ने ? होटेल व्यवस्थापन विषय लिने वा बीबीएमा भर्ना हुने ? नर्सिङ पढ्ने वा बीएससीका लागि भर्ना हुने ? शिक्षाशास्त्र विषय लिएर अध्यापक बन्ने वा व्यवस्थापन विषय लिएर कुशल व्यवस्थापक बन्ने ? सरकारी क्याम्पसतर्फ लाग्ने वा निजी शिक्षण संस्थामा भर्ना हुने ? लगायतका विषयमा निर्णय लिन विद्यार्थीलाई पक्कै पनि सजिलो हुँदैन। यी कुराहरु विद्यार्थीको बौद्धिक तथा आर्थिक क्षमतामा निर्भर गर्दछ। विषय छनोटमा केही हदसम्म सामाजिक तथा पारिवारिक भूमिका पनि जोडिन आउँछ। नेपालमा स्नातक तहमा चिकित्सा विज्ञान, इन्जिनियरिङ, मानविकी, व्यवस्थापन, विज्ञान तथा प्रविधि, शिक्षाशास्त्र, कृषि, वन, आयुर्वेदिक, संस्कृत र कानुन संकाय छन्। अन्य विषयमा स्नातक तह उत्तीर्ण गरेकाले मात्रै कानुनको स्नातक तहमा भर्ना हुन पाइन्छ।

## कस्ता छन् विषय

विद्यार्थी संख्याका आधारमा सबैभन्दा ठूलो त्रिभुवन विश्वविद्यालय हो। शिक्षा मन्त्रालयको तथ्यांकअनुसार सबैभन्दा बढी विद्यार्थी भर्ना त्रिविमा भएका छन्। ठूलो विश्वविद्यालय भएर होला त्रिविमा पढ्ने विद्यार्थीको संख्या ह्वात्तै बढेर गएको छ। त्रिविले स्नातक तहमा नर्सिङ, आयुर्वेद (बीएएमएस), एमबीबीएस, बीबीए, बीसीए (हाल चार वटा सम्बन्धन प्राप्त क्याम्पसमा सञ्चालित) बी फार्मेसी, बी फर्मा, बीएन, बीई (सिभिल, आर्किटेक्ट, इलेक्ट्रिकल, मेकानिकल, कम्प्युटर, इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन्स), बी टेक, बीएससी टी टेक्नोलोजी एन्ड म्यानेजमेन्ट, बीएससी न्युट्रिसन एन्ड डाइटिटिक्स), बीएससी एजी, बीएससी फरेस्ट, बीबीए, बीए, बीएडलगायतका विषय सञ्चालन गर्दै आएको छ। अहिले अधिकांश विश्वविद्यालयले स्नातक तहमा सेमेस्टर प्रणाली लागू गरिसकेका छन्। ६-६ महिनामा परीक्षा लिने भएर होला व्यवस्थापन संकायको स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीको संख्या बढेको पाइन्छ।

काठमाडौं विश्वविद्यालयले बीएससी इन एप्लाइड फिजिक्स, बीएससी फार्मेसी, बीएससी इन इन्भाइरोमेन्टल साइन्स, बीएससी इन हुमन बाइलोजी, बीई (सिभिल, कम्प्युटर, मेकानिकल, जियोम्याटिक्स), बीए बुद्धिस्ट इस्टडिज, बीए फाइन आर्टस्, एमबीबीएस, बीएससी नर्सिङ, बीडीएसलगायतका कार्यक्रम सञ्चालन गर्दै आएको छ। तर, केयूले स्नातक तहमा व्यवस्थापन विषयमा अध्यापन शुरु गरिसकेको छैन। गत वर्ष केयूमा स्नातक तहमा ८ हजार विद्यार्थी भर्ना भएका थिए। पूर्वाञ्चल विश्वविद्यालयको झन्डै १ सय २५ क्याम्पसमध्ये तीन वटामात्र आङ्गिक छन्, बाँकी सबै सम्बन्धन प्राप्त छन्। यस विश्वविद्यालयले बीए एलएलबी, बीबीए, बीएचएम, बीटीटी (ट्राभल एन्ड टुरिज्म), बीएफडी (फेसन डिजाइ), बीएमटी (मेडिया टेक्नोलोजी), बीजेएमसी (जर्नलिज्म एन्ड मास कम्युनिकेसन्स), बीई (सिभिल, कम्प्युटर, आर्किटेक्ट, बायोमेडिकल), बीएससी बायोटेक्नोलोजी, बीपीएच, बीएससी नर्सिङ, बी फार्मेसीलगायतका कार्यक्रम सञ्चालन गर्दै आएको छ।

पोखरा विश्वविद्यालयले बीई (सिभिल, सिभिल एन्ड रुरल, सफ्टवेयर, आर्किटेक्ट), पब्लिक हेल्थ, नर्सिङ, फर्मास्युटिकल्स साइन्स, बीबीए, बीएचएम, बीसीआईएस, ब्याचलर अफ हेल्थ केयर म्यानेजमेन्ट, ब्याचलर अफ डेभलपमेन्ट स्टडिजलगायतका विषयमा पठनपाठन गर्दै आएको छ। पोखरा विश्वविद्यालयले गत वर्ष स्नातक तहमा झन्डै १५ हजार विद्यार्थी भर्ना लिएको थियो।

कृषि तथा वन, मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल विश्वविद्यालयले पनि शैक्षिक कार्यक्रम शुरु गरेका छन्। कृषि तथा वन विश्वविद्यालयले बीएससी एजी, बीएससी फरेस्ट्री तथा बीएससी भेटनरी साइन्स एन्ड एनिमल हस्वेन्डरी, मध्यपश्चिमाञ्चल विश्वविद्यालयले बीबीए, बीबीएस, बीए, बीएससी तथा बीएड र सुदूरपश्चिमाञ्चल विश्वविद्यालयले बीबीए, बीएड, बीबीएस, बीए र बीएससी कम्प्युटर साइन्स विषयमा पठनपाठन शुरु गरेका छन्। सुप विश्वविद्यालयले बीबीएस र बीए ४ वर्षे अनर्स कार्यक्रम चलाएको छ भने यस वर्षबाट बीएससी र बीई सिभिल कार्यक्रम शुरु गर्दै छ।

## भर्ना समय

प्लस टुको नतिजासँगै विश्वविद्यालय तथा प्रतिष्ठानहरुले नयाँ विद्यार्थी भर्नाको आह्वान गर्ने गरेका छन्। अझ त्रिविको इन्जिनियरिङ अध्ययन संस्थानले नयाँ भर्नाको विज्ञापन गरी भर्ना सकेको अवस्था छ। कतिपयको भर्ना प्रक्रिया आगामी पुस/माघसम्म चलिरहेको हुन्छ। नाम चलेका शिक्षण संस्थाले भने भर्ना प्रक्रिया सकेर मंसिरदेखि पढाइ शुरु गर्ने तयारी गरेका छन्।

## शुल्क र छात्रवृत्ति

विश्वविद्यालय र विषयपिच्छे शुल्क फरक-फरक हुन्छ। आङ्गिक क्याम्पसमा तुलनात्मकरूपमा कम खर्चमै अध्ययन गर्न सकिन्छ। सम्बन्धन लिएका निजी कलेजहरु बढी महँगा छन्।

नेपालमा सबैभन्दा महँगो शिक्षा एमबीबीएस हो। एमबीबीएस तह अध्ययन गर्दा करिब ४५ लाख रुपियाँ खर्च लाग्छ। इन्जिनियरिङ विषय अध्ययन गर्दा सरदर ८ लाख रुपियाँ लाग्छ। इन्जिनियरिङमा विद्यार्थीको सबैभन्दा बढी चाप सिभिल, आर्किटेक्ट र कम्प्युटरमा हुन्छ। सबैभन्दा कम खर्चिलो शिक्षा त्रिविको मानविकी र शिक्षाशास्त्र हो। विज्ञान, व्यवस्थापनलगायतका संकायमा विषय र कलेज हेरी १० हजारदेखि ५ लाख रुपियाँसम्म खर्च लाग्न सक्दछ।

यसबाहेक नेपालका निजी कलेजहरुले पनि विभिन्न विषयमा छात्रवृत्ति उपलब्ध गराउने गरेका छन्। निजी शिक्षण संस्थाहरुले 'बार्गेनिङ' लाई छात्रवृत्तिका रूपमा परिभाषित गर्ने गरेका छन्।

## विदेशी सम्बन्धनका कलेज

नेपालमा विदेशी विश्वविद्यालय तथा संस्थाबाट सम्बन्धन लिएर सञ्चालित कलेजहरु पनि थपिँदै छन्। विदेशी विश्वविद्यालयमा भर्ना भई पढ्ने चाहनालाई घरपरिवारमै बसेर पूरा गर्न सकिन्छ। अझ विदेशमा गई अध्ययन गर्दा लाग्ने कुल खर्चको सरदर १० प्रतिशत रकममा नेपालमा खुलेका विदेशी सम्बन्धन प्राप्त कलेजमा अध्ययन गर्न सकिन्छ। त्यस्ता शिक्षण संस्था करिब ८० वटा पुगे पनि स्नातक तहको कार्यक्रम सञ्चालन गर्ने कलेजहरु करिब २६ वटा छन्।

यी कलेजहरुले बीसीए, बीबीए, बीकम, बीएससी एफडी, बीटीएम, बीएससी बीटी, बीएचएम, बीएजेएम, बीएससी आईटी, बीएससी कम्प्युटिङ, बीएससी मल्टिमिडिया टेक्नोलोजी, बीबीएमलगायतका विषयहरु उपलब्ध गराएका छन्। शिक्षा मन्त्रालयले मलेसिया, सिंगापुर, भारत, यूके, अमेरिका, स्विजरल्यान्ड, अस्ट्रिया, अस्ट्रेलिया, फिलिपिन्स, थाइल्यान्डका विश्वविद्यालयहरुका सम्बन्धन प्राप्त कलेजहरुलाई अनुमति दिएको छ। यस्ता कलेजहरुमा अध्ययन गर्न विषय र विदेशी संस्थाअनुसार ३ देखि १२ लाख रुपियाँसम्म खर्च लाग्छ।

## दूर शिक्षाबाट पनि

दूर शिक्षाका माध्यमबाट पनि स्नातक तह अध्ययन गर्न सकिन्छ। विदेशी विश्वविद्यालयका कार्यक्रमहरु अनलाइनमाध्यमबाट पनि अध्ययन गर्न सकिन्छ। दूर शिक्षाका माध्यमबाट शैक्षिक कार्यक्रम सञ्चालन गर्ने संस्थाहरु करिब १० वटा पुगिसकेका छन्। उनीहरुले बढीजसो भारतीय विश्वविद्यालयका कार्यक्रम सञ्चालन गर्ने गरेका छन्। काठमाडौं विश्वविद्यालयले शिक्षाशास्त्र विषयमा पनि दूर शिक्षाका माध्यमबाट पठनपाठन गर्दै आएको छ। त्रिविले पनि दूर शिक्षाको माध्यमबाट कक्षा सञ्चालन गरेको छ।

## किन पढ्ने म्यानेजमेन्ट

कुनै पनि व्यापारीक कार्यालय होस् वा वित्तीय संस्था सबैले अर्थसँग जोडेका कामका लागि बीबीए वा बीबीएस पढेका विद्यार्थी नै खोजेका हुन्छन्। १२ सकेर बसेका विद्यार्थीको पहिलो रोजाइ बीबीएस वा बीबीएतिर नै हुन्छ। व्यस्थापन संकायअन्तर्गत बीबीए, बीबीएस, बीएचएम, बीआईटी, बीडीएचएम विषयमा माग बढी भएर होला विद्यार्थीको आकर्षण यस्तै विषयमा हुन्छ। विदेश जान लालायित विद्यार्थीले पनि राम्रो काम पाउने आशमा यस्तै विषय छनोट गर्ने गरेका छन्।

आर्थिक क्षेत्रमा लगानी गर्नेको संख्या बढ्दै गएपछि बीबीएस, बीबीए, बीएचएमलगायतका व्यवस्थापनको विषयमा पढ्ने विद्यार्थीको संख्या पनि ह्वात्तै बढेको त्रिविका उपकुलपति प्राडा तीर्थ खनिया बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ- 'यो वर्ष सम्बन्धन र आंगिक गरी त्रिविअन्तर्गत व्यवस्थापन संकायमा अध्ययन गर्नेको संख्या १ लाख ३० हजार छन्। गतवर्षको तुलनामा यो वर्ष व्यवस्थापन संकायमा अध्ययन गर्ने विद्यार्थीको संख्या ३४ प्रतिशतले बढी छ। त्रिविमा करिब ३ लाख ९८ हजार विद्यार्थी अध्ययनरत छन्। पहिला शिक्षा र मानविकी संकायमा विद्यार्थीको घुइँचो बढेको थियो।' गोल्डेनगेट कलेजका सीईयो रमेश सिल्वाल भन्नुहुन्छ- 'उद्योग कलकारखाना, सर्भिस सेन्टर, बैंक वित्तीय संस्था बढेको र विदेशमा जाने अवसर पाउने भएर पनि होला ती विषयमा भर्ना हुने विद्यार्थीको संख्या बढेको छ। तीमध्ये पनि बीबीएस र बीबीए पढ्ने विद्यार्थीको संख्या दिन प्रतिदिन बढ्दै गएको छ।'

स्नातक तहमा पढाइ हुने बीबीएस अर्थात् ब्याचलर इन बिजनेस स्टडिज विषय आजभोलि निकै लोकप्रिय बनेको छ। वि.सं. २०३० बाट नेपालमा व्यवस्थापन विषय भित्रिएको हो।

पहिला त्रिभुवन विश्वविद्यालयले मात्र व्यवस्थापन विषयको पढाइ शुरु गरेको थियो। अहिले काठमाडौं, पूर्वाञ्चल र पोखरा विश्वविद्यालयले समेत यस विषयको कक्षा सञ्चालन गर्दै आएको छ। त्रिविले शुरुमा व्यवस्थापन विषय स्नातक तहमा २ वर्षे बी कमबाट संकायको शुरुआत गरेको थियो। अहिले ३ वर्षीय बीबीएस र समेस्टरअन्तर्गत बीबीएको कक्षा सञ्चालन गर्दै आइरहेको छ। त्रिविले वि.सं. २०५४ बाट खारेज गऱ्यो र २०५५ देखि त्रिभुवन विश्वविद्यालयका आंगिक क्याम्पसहरुमा बीबीएस संकायको नयाँ कार्यक्रम लागू गऱ्यो।

व्यवस्थापन विषयबारे ज्ञान दिनका लागि बीबीएसको पढाइ शुरु गरेको हो। बी कममा एकाउन्ट विषयलाई मात्र लक्षित गरिएको थियो। व्यवस्थापन संकायअन्तर्गत नेपालमा बीबीएस पढाइ हुने कलेजहरुको संख्या सरकारी, निजी र पब्लिक गरी ३ सयको हाराहारीमा छ।

बीबीएस तहको कक्षा विदेशी विश्वविद्यालयबाट सम्बन्धन लिएका कलेजले समेत सञ्चालन गर्दै आइरहेका छन्। नेपालमा मल्पी, इस्लिङ्टन, हेराल्ड, द ब्रिटिस, नामी, प्रेसिडेन्सियल, लर्डबुद्ध एजुकेसन फाउन्डेसनलगायतका कलेजमा समेत विदेशी बीबीए संकायको कक्षा सञ्चालन हुँदै आएको छ। बीबीएका लागि त्रिभुवन विश्वविद्यालयको शंकरदेव, नेपाल कमर्स क्याम्पस र पब्लिक युथलगायतका करिब १५ वटा आंगिक कलेजमा यो विषय पढाइ हुन्छ। २०५८ देखि बीबीएसको पढाइ शुरु गरिएको हो।

अहिलेसम्म करिब ४९ हजारले बीबीए र बीबीएस तहको पढाइ गरेका छन्। वास्तवमा प्रयोगात्मक कक्षा सञ्चालन हुने भएर होला बीबीएको स्कोप बढ्न थालेको। बीबीएभन्दा पनि बीबीएसको माग बढ्दै गएको छ। गोल्डेनगेट कलेका सीईओ रमेश सिलवालले बीबीएसमा पढ्ने ६० र बीबीएका ४० प्रतिशतले रोजगारको अवसर पाउने गरेको दाबी गर्नुभयो। उहाले भन्नुभया- बीबीएमा नयाँ विषय थपेपछि बीबीएस पढाउने कलेजले समेत इन्टर्नसिपको व्यवस्था गरेको छ। नयाँ टेस्ट दिन भन्दै अधिकांश निजी कलेले बीबीएसको सुधार गर्दै गएका छन्। सेमेस्टर प्रणलीमा पढाइ हुने, ग्रेड्रिङमा नतिजा, शैक्षिक क्यालेन्डरअनुसार चलेको, अनिवार्यरूपमा इन्टर्नसिपको व्यवस्था भएकाले पनि बीबीएको पढाइ बढ्दै गएको छ।

अहिले त्रिविले व्यवस्थित गर्ने भन्दै बीबीएको सम्बन्धन दिएको छैन। बीबीएस १ हजार ४ सय पूर्णाङ्कको थियो। ४ वर्षे बीबीएससँगै ४ वर्षे बीबीएको पनि २ हजार पूर्णाङ्क कायम गरेको छ।

> नेपालमा सबैभन्दा महँगो शिक्षा एमबीबीएस हो। एमबीबीएस तह अध्ययन गर्दा करिब ४५ लाख रूपियाँ खर्च लाग्छ। इन्जिनियरिङ विषय अध्ययन गर्दा सरदर ८ लाख रूपियाँ लाग्छ। इन्जिनियरिङमा विद्यार्थीको सबैभन्दा बढी चाप सिभिल, आर्किटेक्ट र कम्प्युटर मा हुन्छ। सबैभन्दा कम खर्चिलो शिक्षा त्रिविको मानविकी र शिक्षाशास्त्र हो। विज्ञान, व्यवस्थापनलगायतका संकायमा विषय र कलेज हेरी १० हजारदेखि ५ लाख रूपियाँसम्म खर्च लाग्न सक्दछ।

## विदेशमा छाप छोड्दै नेपालको एकमात्र शैक्षिक संस्था मल्पी : सुमन्त झा

आजभोलि नेपालको शिक्षा क्षेत्रको कुरा गर्ने हो भने एकदमै दयनीय अवस्थामा छ । जसको मुख्य कारण राजनैतिक अस्थिरता हो। शिक्षा क्षेत्रमा परेको राजनीतिक प्रभाव हो। राजनीतिक अस्थिरता र प्रभावका कारण आज लाखौं विद्याथी विदेश पलायन भइरहेका छन्। अर्को मुख्य कारण यहाँका शैक्षिक संस्था सेवामुखी हुनुको साटो व्यवसायीमुखी हुनु पनि हो। यी सबका बीच बालुवाटारस्थित मल्पी इन्टरनेसनल कलेजले नेपालको शिक्षा क्षेत्रमा एउटा छुट्टै छाप छोडेको छ। नेपाल मात्र नभएर विदेशमा पनि यसको प्रभाव पर्दै गएको पाइन्छ।



जहाँ हामी अर्कोतर्फबाट हेर्दा उच्च शिक्षाका लागि भारत, बंगलादेश, चीन, बेलायत तथा युरोपका विभिन्न देशमा जाने गरेका छौं। त्यस्तै उच्च शिक्षाका लागि भारत, चाइना, तिब्बत, रसियाबाट पनि मल्पी आइरहेका छन्। मल्पी स्कुलबाट शुरु गरेको आज मल्पी इन्टरनेसनल कलेजसम्म पुगिसकेको छ जहाँ बीबीए, बीबीए, बीआई जस्ता स्नातक कोर्सहरु अध्यापन भइरहेका छन् । आउँदा दिनमा एमबीए, एमबीए इन आईटीका लागि योजना शुरु गरिसकेको छ। यदि यसरी नै अघि बढेमा भोलिका दिनमा मल्पीलाई मल्पी विश्वविद्यालयको रूपमा स्थापना गर्ने धेरैको चाहना छ। मल्पी इन्टरनेसनल कलेजले बजारका लागि विभिन्न क्रियाकलापमा विद्यार्थीलाई समावेश गराएमा बजारका लागि उपयुक्त हुने देखिएको छ।

इन्टरर्नसिप र प्लसमेन्ट जस्ता सुविधा दिएर विद्यार्थीको भविष्य सुनिश्चित देख्ने गरेको पाइन्छ। मल्पी इन्टरनेसनल कलेजले विद्यार्थीमा अनुशासन, सामाजिक उत्तरदायित्व, बजार अनुसन्धान र विकास जस्ता विषय समावेश गराई स्ट्यान्डर कायम गरेको छ। यसैका कारण होला मल्पी नेपालको उत्कृष्ट शिक्षालयको रूपमा विकास भएको पाइन्छ।

Admission Open
2017/18
BBA | MBA
Few seats remaining
Scholarships:
- MWU Scholarships* (10%)
- GCI Merit Scholarships* (5%)
- GCI Deprived Scholarships* (5%)
- GCI Merit Stipends* (unlimited)
Global College INTERNATIONAL
A Pioneer of global education in Nepal
(Mid-Western University Affiliate)
Specializations
• Finance
• Marketing
• HR
Contact
Kamaladi, Ganeshthan, Kathmandu
Tel.: 977-1-4254866, 4251409, 4221875
Email: info@gci.edu.np | Web: www.gci.edu.np

ADMISSIONS OPEN
BBA & BBA-BI
Affiliated to Pokhara University
WHY MALPI INTERNATIONAL COLLEGE FOR BBA & BBA-BI ?
❖ 50 % Scholarships on tuition fee for First 20 Students
❖ Internship program
❖ Interactive guest lectures, conferences and seminars for Entrepreneurship and Career Development
❖ Various workshops focused on leadership skills development
❖ Frequent national and international tours
❖ Job placements



MIC
MALPI INTERNATIONAL COLLEGE
GPO Box: 8975, EPC: 4073, Baluwatar, Kathmandu
Phone : 4442066, 4442067, 4442068 , 9841365137
Email : bba@mic.edu.np, mic@mos.com.np
Website : www.mic.edu.np

## छक्का पञ्जा २ ले मनायो ५१ दिन
# ग्रस कलेक्सन १५ करोड रुपियाँ



विदुर गिरी

हास्य कलाकारहरुको निर्माण र सहभागितामा बनेको *छक्का पञ्जा २* केही हिन्दीका साथ नेपाली फिल्मसँगै भिडन्त गर्दै अन्ततः प्रदर्शनको ५१ दिन मनाउन सफल भएको छ।

बलियो मानिएको हिन्दी फिल्म *जुडुवा २* साथमा सँगसँगै चलेको नेपाली फिल्म *मेरो पैसा खोइ* तथा अन्य साता रिलिज भएका रुद्र *प्रिया*, *ऐश्वर्य*जस्ता फिल्मको व्यापारलाई उछिन्दै *छक्का पञ्जा २* ले बिहीबार राजधानीको कमलपोखरीस्थित सिटी सेन्टरको बिग सिनेमामा ५१ दिन मनाएको हो। बिग सिनेमा, गोपीकृष्ण मुभिज, गुण सिनेमा, अष्ट नारायण हलबाट यो फिल्मले ५१ दिन प्रदर्शनको रेकर्ड कायम गरेको छ। ५१ दिनसम्म पुग्दा *छक्का पञ्जा २* ले १५ करोड रुपियाँ ग्रस कलेक्सन गरी नेपाली फिल्मको व्यापारका क्षेत्रमा दोस्रो ठूलो व्यापारको रेकर्ड कायम गर्न सफल भएको छ। नेपाली फिल्ममै सर्वाधिक व्यापार पनि यसको अघिल्लो संस्करण *छक्का पञ्जा*ले गरेको थियो। डेब्यु फिल्मबाटै उत्कृष्ट निर्देशकीय क्षमता प्रस्तुत गरेकी दीपाश्री निरौलाद्वारा निर्देशित यसअघिको *छक्का पञ्जा*ले १६ करोड रुपियाँ ग्रस कलेक्सन गरेको थियो भने सो फिल्मले प्रदर्शनको सय दिनको रेकर्ड कायम गरेको थियो।

फिल्मले ५१औं दिन मनाएको अवसरमा आयोजित कार्यक्रममा यसमा संलग्न कलाकार तथा प्राविधिकलाई मायाको चिनोका साथ सम्मान गरिएको छ। सोही अवसरमा एम्बुलेन्स प्रदान गर्ने घोषणा पनि गरिएको छ। यसअघि *छक्का पञ्जा*ले सय दिन मनाउँदा पनि निर्माण संस्थाका तर्फबाट सुटिङ गरिएको स्थल पनौतीलाई एम्बुलेन्स उपलब्ध गराइएको थियो। फिल्मका प्रमुख कलाकारमध्येका एक दीपकराज गिरीले यसपालिको सफलताको खुसियाली मनाउन पनि एम्बुलेन्स प्रदान गर्ने घोषणा गरे।

कार्यक्रममा बोल्दै गिरीले टिमवर्कका कारण *छक्का पञ्जा २* प्रदर्शनको ५१ दिन मनाउन सफल भएको बताए। 'यो टिमले बनाएको फिल्मले हाइट क्रियट गर्छ भन्छन्, तर यो हाइट यसै क्रियट भएको होइन। हाम्रो टिमले लामो मेहनत गरेर यो सम्भव भएको हो। पहिलो हप्तामै १० करोड कलेक्सन गर्ने पहिलो फिल्म पनि *छक्का पञ्जा २* बन्यो, यो सबै हाम्रो टिमवर्कले सम्भव भएको हो', कार्यक्रममा बोल्दै दीपकले भने- '*छ एकान छ*बाट शुरू भएको हाम्रो फिल्म निर्माण अहिलेसम्म आउँदा हामीले सबैको माया पाएका छौं। *छक्का पञ्जा २* को जति क्रिटिसाइज भए पनि हामी एक ढिक्का भइरह्यौं।' उनले सम्झँदै भने-

'*छ एकान छ* बनाउँदा हिरो नभएको कमेडी फिल्म कसरी चल्ला र भन्ने सोचिन्थ्यो। त्यो फिल्म निर्माण गर्दा हामी दु:खको समयमा थियौं। तर आज खुसी मनाउन पायौं। दीपाजीलाई थ्याक्यु, सेकेन्ड फिल्म पनि राम्रो बनाइदिनुभयो। धेरैले सोध्ने गर्छन् दीपाजी नाम मात्रको डाइरेक्टर हो भनेर। तर उहाँ डमी डाइरेक्क्टर होइन, दीपाजी कमान्डिङ पावर र १२/१३ वर्ष टेलिभिजनमा गरेको कामको अनुभवले सफल हुनुभएको हो। उहाँ आफैमा सफल डाइरेक्टर हो।'

त्यसै गरी ख्यातिप्राप्त हास्य अभिनेता हरिवंश आचार्यले *छ एकान छ*बाट शुरू भएको फिल्म निर्माण *वडा नम्बर छ* हुँदै *छक्का पञ्जा २* सम्म आइपुग्दा यो टिमसँग जोडिन पाएकामा खुसी व्यक्त गरे। हरिवंश मदनकृष्णका साथ मह सञ्चारबाट यो टिमका साथ *शत्रु गते* नामक फिल्म निर्माण गरिहेका छन्। उनले फिल्मका एक सशक्त पात्रका रूपमा देखिएका केदार घिमिरे 'माग्ने बुढा'को प्रशंसामा 'माग्ने बुढा होइन, पैसा कमाउने बुढा हो' भन्दै थपे- 'आगामी दिनमा नेपाली फिल्मले विदेशी फिल्मलाई विस्थापित गर्न सकोस्।' त्यस्तै निर्देशक दीपाश्री निरौलाले फिल्म मन पराइदिएकामा धन्यवाद ज्ञापन गरिन्। 'तपाईंहरूकै साथ र मायाका कारण आज हामीले यो सफलता पाएका हौं। तपाईंहरूकै कारण म राम्रो निर्देशक बनेको हुँ। यस्तै साथ र माया पाएँ भने अर्को राम्रो फिल्म अवश्य बनाउनेछु।' -दीपाश्रीले भनिन्।

सामीप्यराज तिमल्सेनाको कथा, दीपकराज गिरीको पटकथा र संवादले बलियो बनाएको फिल्म दीपक, प्रियंका कार्की, शिवहरि पौडेल, केदार घिमिरे, जितु नेपाल, वर्षा राउत, बुद्धि तामाङ, स्वस्तीमा खड्का, लक्ष्मी गिरी, जयनन्द लामा, रवि शर्मा, आयुषमान जोशी, किरण केसी, टीका पहाडी, गौरव पहाडी, सरोज खनाल, विमला गिरी, राजाराम पौडेल, रवि डंगोल, कविता शर्मा, स्वरुपपुरुष ढकाललगायतको स्वाभाविक र सशक्त अभिनयका कारण दर्शकले मन पराएका छन्।





## होचो कदका कलाकार
# शाहको निधन

रश्मी थापा

संसारकै सबैभन्दा होचो कदका कलाकारका रूपमा गिनिज बुक अफ वर्ल्ड रेकर्डस्मा नाम लेखाउन प्रयासरत कलाकार दिपेन शाहको बिहीबार बिहान असामयिक निधन भएको छ।

छाती र मृगौलामा इन्फेक्सन तथा उच्च रक्तचाप भई ४ दिनदेखि उपचारार्थ ललितपुरको किष्ट अस्पतालमा भर्ना भएका शाहको उपचारकै क्रममा बिहीबार निधन भएको हो। केबल ३१ इञ्च कदका उनलाई शुरूमा छातीमा इन्फेक्सन देखिए पनि पछि मृगौलाको इन्फेक्सन भएको रिपोर्ट आएको थियो। अन्तिम अवस्थामा मुटुको धडकन कम भएको र प्रेसर पनि बढेको थियो। केही चलचित्रका साथमा हास्य टेलिशृंखला *झ्याइँकुटी झ्याइँ*मा दिपेन सरका रूपमा अभिनय गर्दै आएका दिपेन संसारकै होचा कलाकारको रूपमा गिनिज बुक अफ वर्ल्ड रेकर्डस्मा नाम लेखाउने अन्तिम तयारीमा रहेको उनलाई यस अभियानमा सहयोग गर्दै आएका शिखर नेपालका अध्यक्ष शेखर खनालले जानकारी दिएका छन्। 'उनलाई म र दमन रूपाखेतीले कलाकारितामा ल्याएका हौं। उनलाई काम गराउन निकै सजिलो थियो। एकपटक भनेको कुरा टिपेर उनले काम गर्थे', शेखरले आफ्नो अध्यक्षतामा दीपेन शाह फाउन्डेशन खोल्ने अन्तिम चरणमा पुगेका बेला अकस्मात दीपेनको निधनले आफू मर्माहत भएको खुलाउँदै भने- 'उनी संसारका अन्य होचा व्यक्तिभन्दा फरक थिए। यस्तो अवस्थाका व्यक्तिको बोली प्राय: अस्पष्ट हुन्छ तर उनको बोली प्रस्ट र अन्य मानिससरह एक्टिभ थिए।'



१९ वर्षीय शाहको शवलाई अन्तिम श्रद्धाञ्जलिका लागि बिहीबार दिउँसो नै चाबहिलस्थित चलचित्र विकास बोर्डमा राखिएको थियो। बुबा दीपक शाह तथा आमा धनकुमारी शाहको कोखबाट २०५५ सालमा दोलखामा जन्मिएका उनी परिवारको कान्छो छोरा थिए। उनको दाइ दिपेश शाह फिल्म सम्पादनमा सक्रिय छन्। १२ वर्षदेखि अभिनय गर्दै आएका उनले *छेउ न टुप्पो, झयानकुटी झ्याइँ*लगायतका सिरियलमा अभिनय गरी दर्शकको मन जित्दै आएका थिए। उनीद्वारा अभिनित फिल्म *जोकर* रिलिजको तयारीमा छ। जसमा उनी नायकका रूपमा देखिएको फिल्मका निर्माता, निर्देशक महादेव त्रिपाठीले बताए। दिपेनले *ठोक न मादल ठोक, जादुगर*जस्ता फिल्ममा पनि अभिनय गरेका थिए भने विभिन्न मेला महोत्सवका अवसरमा आयोजना हुने सांस्कृतिक कार्यक्रममा हास्य प्रस्तुति पनि प्रस्तुत गर्थे। दिपेनको बिहीबार नै अन्तिम संस्कार गरिएको छ।




# बिहेको सवालमा सलमानको आक्रोश

बलिउड स्टार सलमान खानले आफ्नो विवाहको बारेमा कडा प्रतिक्रिया दिएका छन्। 'मसँग यो प्रश्नको जवाफ नै छैन र मलाई यो कुराको पनि खुसी छ कि धेरै मान्छे मेरो विवाहको बारेमा चिन्तित छन्। तर मेरो विवाहबाट तिनीहरुलाई के फाइदा हुन्छ?' -सलमानले भनेका छन्। विवाह कहिले गर्ने भन्ने प्रश्नबाट आजित सलमानले भनेका छन्- 'मसँग बिहे हुन्छ या हुँदैन भन्ने उत्तर नै छैन र अहिले म अत्यन्तै खुसी छु।'

सलमानले यसअघि नै विवाह हुनका लागि महिला र पुरुष एकआपसमा साझेदारी गर्न र सहजतापूर्वक जीवन जिउनका लागि तयार हुनुपर्ने बताएका थिए। 'मलाई बच्चा निकै मनपर्छ। यदि मैले बच्चाको आमालाई त्यागेर मेरो दुई तीन बच्चा हुन्छन् भने मलाई यसमा कुनै आपत्ति छैन।' -सलमानले एक अन्तर्वार्तामा भनेका थिए। लगातार एकपछि अर्को हिट फिल्म दिइरहेका सलमानले पछिल्लो केही वर्षदेखि रोमानियाकी मोडल तथा अभिनेत्री लुलिया भन्तुरसँग डेट गरिरहेको समाचार बलिउड सञ्चार माध्यममा आउने गरेको छ। यद्यपि सलमानले लुलियासँगको सम्बन्धका बारेमा भने केही खुलासा गरेका छैनन्।








# विचार

मात्र ठूलो मान्छे बन्न नखोज, बरु
असल मान्छे बन्ने प्रयास गर।
- अल्बर्ट आइन्स्टाइन

मस्तिष्क नै त्यो भूमि हो, जसले स्वर्गलाई
नरक र नरकलाई स्वर्ग बनाउन सक्छ।
- जोन मिल्टन

## सम्पादकीय

नेपाल समाचारपत्र

## उम्मेदवारको खर्चमा अंकुश लगाऊ

उम्मेदवार बन्न र निर्वाचनको परिणाम आफ्नो पक्षमा पार्न ठूलै रकम खर्च गर्ने प्रवृत्ति बढेर गएको छ । पैसाको बलमा उम्मेदवार बन्ने र चुनाव जित्ने हतकण्डा अपनाउने गरेकोमा यस्तो प्रवृत्तिप्रति सर्वत्र टिकाटिप्पणी हुने गरेको छ । ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालले समेत एक कार्यक्रमको आयोजना गरी पैसाको आडमा चुनाव लड्ने कार्यप्रति चिन्ता व्यक्त गरेको छ । यसले गर्दा राजनीतिक भ्रष्टाचार बढ्नुका साथै आफ्नो दुनो सोझ्याउन अवैध स्रोत-साधन र शक्तिको दुरुपयोग हुने देखिन्छ, जसको असर सर्वसाधारणले नराम्रैसँग भोग्नुपर्नेछ ।

निर्वाचन आयोगले निर्वाचनपिच्छे हरेक उम्मेदवारले खर्च गर्न पाउने रकमको हद तोक्ने गरेको छ । यद्यपि, पछिल्ला निर्वाचनहरुमा उम्मेदवारले खर्च गर्न पाउने रकमको हद धेरै बढाइए पनि उम्मेदवारले त्यसको सयौं गुणा बढी रकम खर्च गर्ने गरेको पाइएको छ । चुनावी प्रतिस्पर्धामा उत्रिएका अधिकांश राजनीतिक दलले निर्वाचनमा भएको कुल खर्च आयोगमा पेस नगर्ने र पेस गरे पनि सो विवरण यथार्थपरक नहुने बताइन्छ । सो विवरण प्रमाणित गर्ने आधार नहुँदा कारबाही गर्न पनि नसकेको निर्वाचन आयोगले स्वीकारोक्ति छ । निर्वाचनमा कसले कति खर्च कुन स्रोतबाट गरे भन्ने लेखाजोखा गर्ने कानुनी व्यवस्था नहुँदा पनि समस्या बढेर गएको देखिन्छ ।

निर्वाचन आयोगले अहिलेको प्रतिनिधिसभाको प्रत्यक्षतर्फको उम्मेदवारले बढीमा २५ लाख रुपियाँसम्म खर्च गर्न पाउने व्यवस्था गरेको छ । २०४८ सालको निर्वाचनमा खर्चको सीमा ६५ हजार र २०५१ सालको मध्यावधि निर्वाचनमा १ लाख रुपियाँ तोकिएको थियो । साथै उम्मेदवारले निर्वाचनमा गर्ने खर्चको क्षेत्र र खर्च गरेको विवरण निश्चित ढाँचामा तोकिएको मितिमा आयोगमा पेस गर्नुपर्ने व्यवस्था गरिएको थियो । तेस्रो आमनिर्वाचनमा एक उम्मेदवारले २ लाख ७५ हजार, २०६४ सालको संविधानसभाको पहिलो निर्वाचनमा बढीमा ४ लाख ५९ हजार, २०७० सालको संविधानसभाको दोस्रो निर्वाचनमा ९ लाख १९ हजार रुपियाँ खर्च गर्न पाउने सीमा तोकिएको थियो । २७ वर्षको अवधिमा उम्मेदवारले गर्न पाउने निर्वाचन खर्चको सीमा झन्डै ३८ गुणाले वृद्धि भएको छ । तर पनि तोकिएको सीमाभन्दा बढी रकम खर्च गर्न रोकिएको छैन, झनै बढेर गएको छ ।

पद र शक्तिको होडबाजीले गर्दा तोकिएभन्दा बढी खर्च गरी निर्वाचन जित्ने संस्कार र त्यो खर्च असुल्न राज्यका तीनवटै निकाय आफ्नो नियन्त्रणमा लिन खोज्ने प्रवृत्ति हाबी भएको राजनीतिक विश्लेषकहरूसमेत बताउँछन् । यसले गर्दा निर्वाचनको स्वच्छतामाथि प्रश्न उठ्न सक्ने उनीहरुको आँकलन छ । यसरी सीमाभन्दा धेरै गुणा रकम खर्च गरेर निर्वाचन आफ्नो पक्षमा पार्ने होडबाजी लोकतान्त्रिक मुलुकका लागि लज्जास्पद कुरा हो । यसले निर्वाचनलाई दूषित तुल्याउनुका साथै राजनीतिक भ्रष्टाचारले प्रश्रय पाउने हुँदा यस्तो प्रवृत्तिमा कुनै कसर नराखी अंकुश लगाउनु जरुरी छ ।

# दलीय गठबन्धन र चुनावी परिणाम



पविता मुडभरी पुडासैनी

> मतदाताको बुझाइमा हालको दलीय गठबन्धनले ओली र देउवाको उचाइ घटाएको छ भने पार्टीगत आस्थाका आधारमा एमाले र कांग्रेसलाई प्राप्त हुने भोटसमेत स्वात्तै घटाउने आँकलन हवात्तै बढेको छ। पार्टीहरु मिल्दैमा जनयुद्धको त्रासद पीडा देखेका र भोगेका कार्यकर्ता मिल्लान् र मतदाताका मन माझिएर गठबन्धनलाई स्वस्फूर्त भोट जाला भन्नेमा पनि उत्तिकै घोर संसय छ।

बहुदलीय प्रतिस्पर्धाको राजनीतिमा कम्युनिस्ट पार्टीलाई जनताको साथ निराशाजनक नभएको भन्दै राजनीतिक स्थिरता र सहजताका लागि यी पार्टीहरुलाई मिल्न देशी-विदेशीको दबाबसँगै आफ्नो पक्षमा चुनावी नतिजा बलियो बनाउन एमालेले माओवादी केन्द्रसँग वाम गठबन्धनको गाँठो कसेको छ। लोकतान्त्रिक प्रक्रियामा अभ्यस्त हुँदै गरेको एमालेभित्र मार्क्सवादी-लेनिनवादी पनि छ भन्ने समेत जनताले भुल्दै गएका थिए। यस अवस्थामा गठबन्धनबाट हौसिएका एमाले नेता केपी ओलीले आउँदो चुनावमा वाम गठबन्धनले बहुमत प्राप्त गर्ने र चुनावपछि नयाँ राजनीतिक व्यवस्था आउन सक्ने संकेत गरेका छन्। साथै उनले संसदीय व्यवस्था अचुक अस्त्र नभएको अर्थात् संसदीय व्यवस्था निर्विकल्प नभएको भन्दै कार्यकारी शासन व्यवस्था लागू गरी मुलुकलाई नयाँ ढंगबाट अघि बढाउने बताएका छन्। वाम गठबन्धनबाट साम्यवाद र अधिनायकवाद जन्मन सक्ने भन्ने कांग्रेसको अभिव्यक्तिलाई बल पुग्ने गरी सार्वजनिक भएका केपी ओलीका विचारले चुनावी परिणामलाई त असर पार्ला वा नपार्ला, तर नेपालमा कम्युनिस्ट अतिवाद लागू हुने हो कि भन्ने आशंकामा बल पुग्ने देखिन्छ। तर पनि दशकौंदेखि वामपन्थी दलका चरित्र र अन्तर्राष्ट्रिय जगत्मा कम्युनिस्टका चुनावी परिणाम एवं शासन नियाल्दै आएका जनताले भने वाम गठबन्धनको चुनावी आयतनलाई हावा भरेर फुलाएको बेलुनका रुपमा लिएका छैनन् भन्न सकिँदैन।

दलले बहुमत नल्याउने अवस्था, राजनीतिक स्थिरताको चाहना, माआवादीमा विगतका आरोप र मुद्दाविरुद्ध सफाइको चाहना, माओवादीप्रति अन्तर्राष्ट्रिय क्षेत्रको संशकित धारणा, थ्रेसहोल्डको व्यवस्था आदिका कारण वाम एकताको प्रयास अघि बढेको मानिन्छ। राजनीतिक दल धेरै हुँदा नेपालमा जबरजस्ती चन्दाआतंक र पार्टीको सहयोगका लागि भन्दै आउने आर्थिक सहयोगको दबाबबाट खास गरी उद्योगी व्यवसायी र आमजनता नै आजित छन्। चन्दाको नाउँमा विभिन्न दलहरुबाट आउने ठूलै रकमको माग र दबाब थेग्न नसकी विगतमा अनेकौं उद्योगधन्दा बन्द भएका, व्यापार व्यवसाय चौपट भएका थिए। हालसमेत चुनावी खर्चका लागि भन्दै पत्र काट्ने र विरोध गरे धम्की दिने प्रवृत्तिविरुद्ध त्राण पाउन सबै राजनीतिक दलको समायोजन र एकीकरण आवश्यक भइसकेको छ।

हाल वाम गठबन्धन र लोकतान्त्रिक गठबन्धनमा गाँठो कसेर दलहरु चुनावमा होमिएका छन्। आफूप्रति मतदाताको मन खुम्चिएको आँकलन गर्दै राजनीतिक साख जोगाउन कम्युनिस्ट केही दल गठबन्धनमा जुटे पनि राप्रपासँग कांग्रेसको गठबन्धनलाई अस्वाभाविक ठान्नेको जमात बढी छ। दलीय सिद्धान्त र नैतिकतालाई एकातिर पन्छाएर आमकार्यकर्ता र मतदाताको मानसिकतालाई अस्थिरतातर्फ धकेल्ने गरी भएको कांग्रेसको गठबन्धनले उसको साख गिराएको आभास जनतामा बढेको छ। एक भोट दाइलाई र एक भोट गाईलाई भन्दै गत संविधानसभा चुनावमा पनि कांग्रेसको स्वस्फूर्त मत बाँडिएको भए पनि हालको कांग्रेसको राप्रपासँगको गठबन्धनले कांग्रेसलाई नभई राप्रपालाई फाइदा पुग्ने आँकलन बढेको छ। समयको गर्तमा जुनसुकै विलय हुँदै गए पनि दलीय सिद्धान्तको सौन्दर्यका कारण राष्ट्र रहेसम्म नमर्ने दल कांग्रेस नै हो, तर विडम्बना कांग्रेसले आफैंले आफुलाई विश्वास गर्न सकेको छैन। जनमतसामु आफूलाई सिद्धान्ततः अडिग र व्यावहारिकरुपमा विश्वस्त बनाउनै सकेको छैन। पोल्टाको पोको पोख्दै भुइँको भुस टिप्न किन व्यग्र छ कांग्रेस ? मतदाताको बुझाइमा हालको दलीय गठबन्धनले ओली र देउवाको उचाइ घटाएको छ भने पार्टीगत आस्थाका आधारमा एमाले र कांग्रेसलाई प्राप्त हुने भोटसमेत स्वात्तै घटाउने आँकलन हवात्तै बढेको छ। पार्टीहरु मिल्दैमा जनयुद्धको त्रासद पीडा देखेका र भोगेका कार्यकर्ता मिल्लान् र मतदाताका मन माझिएर गठबन्धनलाई स्वस्फूर्त भोट जाला भन्नेमा पनि उत्तिकै घोर संसय छ।

एकताको अग्निमा हामफाल्दै गरेको वामपन्थी गठबन्धनलाई प्रजातान्त्रिक विश्वलाई आवधिक निर्वाचन, स्वतन्त्र न्यायपालिका, शक्ति सन्तुलन र पृथकीकरण, संवैधानिक सर्वोच्चता, मानवअधिकार संरक्षणको ग्यारेन्टीजस्ता कुरामा आश्वस्त तुल्याउने भयंकर अर्को चुनौती उसका सामुन्ने छ। धेरै स-साना पार्टीका घुर्की, धम्की, अवरोधले संविधान निर्माणदेखि निर्वाचन र सरकार गठनमा भएका समस्याले आजित जनतासहित अन्य दल पनि दलीय एकताको कुराले खुशी हुनुपर्ने र एकताका लागि सबक सिक्नुपर्नेमा गठबन्धनकै कारण असर पार्ने चुनावी परिणाम अनि त्यसपछिको दलीय स्वार्थगत ढुलमुले चरित्रप्रति सशंकित छन्।

एक-अर्काबिची तिक्तता, कटुता र कटाक्षपूर्ण टिप्पणी गरिरहने एमाले र माओवादी दलबीचको एकताप्रति आशंका गर्नेहरु प्रशस्त छन्। माओवादीलाई गाली गरेरै लामो राजनीतिक यात्रा तय गरेका र कुनै न कुनै नेता-नेतृलाई गाली नगरी वा व्यंग्यवाण नहानी राजनीतिमा पाइलो नसार्ने बानी परेका एमाले नेता केपी ओलीले एक कार्यक्रममा अब राणासासन र राजतन्त्रजस्तै इतिहास हुने पालो कांग्रेसको हो भनेका छन्। अरुको उछितो काढेर आफू वाहवाही बन्ने उनको यो बानीको निरन्तरता आइन्दा कांग्रेसको लागि सबक बन्नुपर्छ, न कि त्रास। प्रदेश तथा संसदीय चुनावको बलियो नतिजा आफ्नो पक्षमा पार्न र अझ स्पष्ट भन्नुपर्दा ओलीको बोलीमा बहकिँदै आफू राष्ट्रपति पदको आकांक्षा पूरा गर्न माओवादी नेता प्रचण्डले एमालेसँग गठबन्धन गरेकोमा आश्चर्य मान्नुपर्ने जरुरी छैन। वामपन्थीको एकीकरण र विभाजन कुनै नौलो विषय नभए पनि यी दुई पार्टीका कार्यकर्ता र मतदाताबीच विरोधी भावना तीव्र छ। आमजनमानसमा कांग्रेस र एमाले उस्तै हो तर माओवादी मान्छे मारेर आएको उद्दन्ड र बेग्लै विचारधारा बोकेको पार्टी हो भन्ने नकारात्मक दृष्टिकोण हटिसकेको छैन।

प्रतिनिधिसभा र प्रदेशसभाका चुनावमा प्रत्यक्ष र समानुपातिकतर्फको उम्मेदवारले साढे १० अर्बभन्दा बढी खर्च गर्ने अनुमान छ। यसबाहेक निर्वाचन आयोगबाट निर्वाचन प्रयोजनका लागि हुने अर्बौं खर्च जोड्दा आगामी चुनाव अत्यन्त महँगो हुने देखिएको छ। चुनावलाई किन यसरी महँगो, भद्दा र अराजक बनाइँदै छ ? विकास निर्माण तथा उत्पादन वृद्धिका लागि मात्र नभई चुनावी प्रचारप्रसार र मत आफ्नो पोल्टामा पार्न उम्मेदवारहरुले निर्वाचन आयोगले तोकेको भन्दा बढी रकम खर्च गर्ने पनि निश्चित छ। समानुपातिकतर्फका उम्मेदवारले टिकट पाउनकै लागि सतहमा नदेखिने गरी खर्चने करोडौंको खर्चसमेत जोड्दा यति महँगो निर्वाचनले मुलुकको आर्थिक स्थितिमा ठूलो प्रभाव पार्ने देखिन्छ। समानुपातिक व्यवस्थाकै धज्जी उडाउँदै धन हुनेले उम्मेदवारको टिकट पाउने र पार्टीले टिकट बेचेर आर्थिकरुपमा सम्पन्न बन्ने कार्यले महिला, जनजाति, दलितलगायतका व्यक्तिलाई समाहित गर्ने समानुपातिकको मर्म ओझेलमा पर्दै गएको छ। विगतमा एमालेले सभासद् बनाएको धनाढ्य उद्योगपति विनोद चौधरीलाई हाल समानुपातिकमा कांग्रेसले उम्मेदवारी दिएको छ। विगतमा पनि राजनीतिकरुपमा जनतासँग कुनै सरोकार नै नराखेका निजी विद्यालय सञ्चालक गीता राणा र भिएस निकेतन स्कुलका सञ्चालक बाबुराम पोखेल समानुपातिकबाट करोडौं खर्चेर सभासद् बने। यो कस्तो समानुपातिक व्यवस्था हो, जहाँ जनतासँग कुनै निकटता नै नभएको व्यक्ति मोटो रकम खर्चेको भरमा सोझै सभासद् र सांसद बन्न पाउँछ।

दुई दलीय राजनीतिक अभ्यास मुलुकका लागि आवश्यकता नै हो। बेलायत, अमेरिकालगायतका मुलुकमा बहुदलीय राजनीतिक पद्धतिभित्र दुई दलको राजनीति स्थापित भएको र भारतमा समेत दलगत गठबन्धनमार्फत यस्तो अभ्यास हुँदै गर्दा नेपालका वामपन्थी र प्रजातान्त्रिक नेताहरु एकतामा जुट्नु आवश्यकता नै थियो, छ र हुनेछ। निर्वाचन आयोगमा सयौं दल दर्ता हुने तर चुनावी परिणाममा अनेकौं दलको नामै नसुनिने विषम राजनीतिक विवशताका बीच विचार, सिद्धान्त र व्यवहार मिल्ने दलबीचको एकता र राष्ट्रिय राजनीतिमा दलको सीमितता आजको आवश्यकता हो। धेरै दल भएपछि कुनै पनि दलले स्पष्ट बहुमत ल्याउन नसकिरहेको अवस्थामा यो सानो, गरिब र अविकसित मुलुकमा सयौं दल केका लागि भन्ने आमप्रश्नका बीच शुरु भएको दलीय एकता अन्य अनगिन्ती दललाई पनि एकताका लागि सबक बन्न सक्छ। विचार, आस्था र सिद्धान्त एउटै भएका वा हुनसक्नेहरुका बीचको दलीय एकता दलको विलय मात्र होइन कि राजनीतिक दलका लागि शक्ति सञ्चय र अनगिन्ती साना दलको हैसियत जोगाउने विशुद्ध प्रजातान्त्रिक अभ्यास पनि हो। साथै चुनावी प्रक्रिया र परिणामका लागि समेत सहज मार्ग हो यो। आइन्दा हामीले भोट दिएर चुनेका जनप्रतिनिधिहरु कसैको गुलाम नबनून्। फेरि पनि पुरानै दलका केही प्रमुख नेताका बल र विचारधारामा राज्य बन्धक नबनोस्। अब राजनीतिक क्षेत्रमा पुराना पात्र, प्रवृत्ति र प्रयोग फेरिँदै राजनीतिक स्थिरताबाट मुलुक चाँडै सम्पन्न र शक्तिशाली बनोस् भन्ने जनताको अपेक्षा पूरा हुनुपर्छ।

## पाठक पत्र

# शल्यचिकित्सामा बिरामीको मृत्युको सम्भाव्यता : एक कारण



**डा. अनुपराज उप्रेती**
क्लिनिकल फर्मासिस्ट
(डाक्टर अफ फार्मेसी)

केही हप्ताअगाडि पित्तथैलीको शल्यक्रिया गर्दा बिरामीको मृत्यु भएको खबरले ओम अस्पताल परिसर निकै तातेको थियो। यस्तो शल्यक्रिया बिरामीलाई पूर्णरुपमा चेतना शून्य गराई (जेनेरल आनेस्थिजियामा) गर्ने गरिन्छ। बिरामीको आफन्तका अनुसार शुरुमा आत्तिनुपर्दैन, अपरेसन सफल भयो भनियो। तर, त्यसको केही क्षणमा बिरामीको मांसपेशी जाम भएर उठाउन सकिएन भनियो अनि केही क्षण अन्योलता, अस्थिरता र अन्ततः बिरामीको मृत्यु।

जेनेरल आनेस्थिजियामा गरिने शल्यक्रियामा सधैं आनेस्थिजियाको प्रतिकूल असरको सम्भाव्यता हुन्छ। माथि उल्लिखित घटनामा पनि बिरामीको मृत्यु मलिग्नेन्ट हाइपरथर्मियाको कारण हुनसक्छ। मलिग्नेन्ट हाइपरथर्मिया प्राणघातक क्लिनिकल सिन्ड्रोम हो, जसले मांसपेशीको रस प्रक्रिया (मेटाबोलिज्म) अत्यधिक मात्राले बढाउँछ। यो सिन्ड्रोम केही व्यक्तिमा जेनेरल आनास्थिजिया, सक्सिनाइल कोलिन नामक औषधि वा अन्य औषधिको कारण देखिन सक्छ। यस्तो प्रतिकूल असर जेनेरल आनेस्थिजियाको कारण ५ हजारदेखि ५० हजार बिरामीमध्ये एकजनामा देखिने गरेको पाइन्छ। जेनेरल आनेस्थिजियामा शल्यक्रिया गर्दा प्रचण्ड मात्रामा मांसपेशीहरु फक्रिनु, अत्यधिक ज्वोरो आउनु र मुटुको चाल बढ्नु यो सिन्ड्रोमका प्रमुख लक्षणहरु हुन्। यस्तो लक्षण अपरेसन गर्दागर्दै वा अपरेसन गरिसकेको केही समयपश्चात् देखिने गर्दछ। मलिग्नेन्ट हाइपरथर्मियाको मृत्युदर ७० प्रतिशतदेखि ८० प्रतिशत छ।

मलिग्नेन्ट हाइपरथर्मिया किन हुन्छ त भन्दा, केही व्यक्तिमा मांसपेशीमा हुने र्‍यानोरिडिन नामक रिसेप्टर साधारण व्यक्तिको भन्दा अस्वाभाविक स्वरुपको हुन्छ। यो अस्वाभाविक स्वरुपले गर्दा क्यालसियमको मात्रा मांसपेशीमा अत्यधिक वृद्धि हुन्छ, जसका कारण कार्बनडाइअक्साइडको मात्रा बढ्दै जान्छ, शरीरको तापक्रम बढ्छ। साथै पोटासियमको मात्रा पनि अधिक हुन्छ, जुन मुटुको लागि हानिकारक छ। र, अन्त्यमा मल्टिपल आर्गन फेलियर भई बिरामीको मृत्यु हुनसक्छ। मलिग्नेन्ट हाइपरथर्मिया जेनेटिक डिफेक्ट वा त्रुटिका कारण हुने भएकाले यो सिन्ड्रोम वंशाणुगत पनि हुनसक्छ। यसको अर्थ यो सिन्ड्रोम देखा परेको बिरामीको छोरा वा छोरीमा यस्तो सिन्ड्रोम हुनसक्ने अवस्था ५० प्रतिशत छ। त्यसै गरी बिरामीको नजिकको नातेदार जस्तै- मामा, माइजू, नातिमा यस्तो सिन्ड्रोम हुनसक्ने सम्भावना २५ प्रतिशत रहेको अनुसन्धानले देखाएको छ। यही कारणले गर्दा यो सिन्ड्रोमलाई फर्माकोजेनेटिक डिस्अर्डर पनि भन्ने गरिन्छ। अझ डरलाग्दो कुरा के हो भने, यो सिन्ड्रोम मान्छेको जीवनकै पहिलो अपरेसनमा नदेखिए तापनि त्यसपश्चात्को अपरेसनमा पनि यो सिन्ड्रोमको खतरा रहेको अनुसन्धानबाट पुष्टि भएको छ।

यो सिन्ड्रोम कुनै व्यक्तिमा हुन्छ वा हुँदैन भनेर पत्ता लगाउन क्याफिन हेलोथेन कन्ट्राक्चर टेस्ट गरिन्छ, जुन विश्वभर ३० राष्ट्रमा मात्र हुन्छ। यो टेस्टको खर्च ५ हजार डलरसम्म पर्न सक्छ। अर्को विधि जुन अलिक सस्तो छ, त्यो विधिलाई मलिकुलर जेनेटिक टेस्ट भनिन्छ।

जेनेरल आनेस्थिजियापश्चात् कुनै व्यक्तिमा मलिग्नेन्ट हाइपरथर्मिया भएको आशंका लागेमा डेन्ट्रोलिन नामक औषधि दिइन्छ। यो औषधिपश्चात् मृत्युदर ५ प्रतिशतमा झरेको छ। तर विडम्बना, यो औषधि हाम्रो देशभरि नै उपलब्ध छैन। यो औषधिको प्रयोग निकै कम हुने भएकोले फर्मासिटिकल कम्पनीले वा आयातकर्ताले यस्ता औषधि बिक्री वितरण गर्ने गर्दैनन्। यस्तो अवस्थामा नेपाल सरकारले यस्ता औषधि भित्र्याउने पहलकदमी चाल्नुपर्ने देखिन्छ। डेन्ट्रोलिनजस्ता औषधि जसको प्रयोग दुर्लभ रोगमा मात्र गरिन्छ, त्यस्ता औषधिलाई अर्फन ड्रग भन्ने गरिन्छ। अमेरिकाजस्ता राष्ट्रमा यस्ता औषधि बनाउन, आयात गर्न, सञ्चय गर्न आदि सजिलो होस् भन्ने हेतुले अर्फन ड्रग एक्ट भन्ने ऐन नै लागू गरिसकिएको छ।

माथि उल्लिखित घटनाहरुले क्लिनिकल फार्मासिस्टको आवश्यकतालाई पनि स्वीकार गर्दछ। क्लिनिकल फार्मासिस्टहरु चिकित्सक, नर्सलगायत अन्य स्वास्थ्यकर्मीसँग हातेमालो गरेर बिरामीलाई दिइएको औषधि उचित छ वा छैन, दिइएको औषधि बीचमा अन्तरक्रिया हुन गई कुनै नकारात्मक असर देखिएको छ वा छैन, औषधिको मात्रा, दिएको तरिका ठीक छ वा छैन भन्ने कुरामा अग्रसर हुन्छन्। उदाहरणका लागि मलिग्नेन्ट हाइपरथर्मियाको उचित व्यवस्थापन गर्न क्लिनिकल फार्मासिस्टको दायित्व भनेको डेन्ट्रोलिन नामक औषधिको उचित प्रयोग गर्न सुझाव दिनु, त्यस औषधिको मात्रा बिरामीअनुसार मिलाउनु, त्यस्ता औषधि खरिद र सञ्चय गर्न अस्पताल प्रशासनसँगको बैठक गर्नु, मलिग्नेन्ट हाइपरथर्मिया आकस्मिक सन्दुक बनाउनु, यो सिन्ड्रोमबारे स्वास्थ्यकर्मी र आमजनतामा जनचेतना जगाउनु इत्यादि हो।

क्लिनिकल फार्मासिस्टको अवधारणा अमेरिका र युरोपजस्ता देशमा सन् १९७० देखि शुरु भएको देखिन्छ। हाम्रो देशमा पनि सय बेड वा सो भन्दा माथि बेड भएका अस्पतालहरुमा क्लिनिकल फार्मासिस्ट राख्नुपर्ने व्यवस्था भए पनि त्यसको कार्यान्वयन खासै भएको छैन।

अन्ततः बिरामीको मृत्युको उचित छानबिनविना नै स्वास्थ्यकर्मीको दक्षता, सामर्थ्य र योग्यताप्रति प्रश्न गर्नु, लासमाथि पैसाको सौदाबाजी गर्नु, यस्ता कार्य गर्न हुल वा जमातलाई प्रोत्साहन गर्नुजस्ता गतिविधिले केवल जनमानसमा एलोपेथिक चिकित्साप्रति भय पैदा हुन्छ। यस्ता कार्य गर्नुभन्दा मृत्युको कारण के हो भनी छानबिन गरिनुपर्दछ। मानौं, यदि माथि उल्लिखित ओम अस्पतालमा भएको घटना मलिग्नेन्ट हाइपरथर्मिया हो भने बिरामीको आफन्तजनभित्र देखिन सक्ने सोही घटनाप्रति हामी कति गम्भीर र सचेत छौं ? डेन्ट्रोलिन नामक औषधिको उपलब्धताबारे हामी के गर्दै छौं ? यस्ता प्रश्नको उत्तर भनेको निरुत्साहित स्वास्थ्यकर्मी भने पक्कै होइन।

## सामाजिक सञ्जाल



चुनाव यत्तिकै खर्चिलो र भड्किलो रहेसम्म निष्ठाको राजनीति नसोचे पनि हुन्छ। करोडौं खर्च गरेर चुनाव जित्नुपर्ने अवस्था रहेसम्म निष्ठा विष्टा लिन जाने पक्का छ।

**सुरेशे**
@sureshkuntheet



हैन, यो बूढीगण्डकी नै किन चाहिएको मान्छेलाई ? न त्यति बिजुली यहाँ खपत हुन्छ, न भारतले किन्छ। कुरा लगानीको मात्र भएजस्तो।

**केदार शर्मा**
@kedarsh



जब तपाईंले आफ्नो मन-मस्तिष्कबाट नकारात्मक सोच हटाउनुहुन्छ, तब तपाईंले चारैतिर सकारात्मक चीज मात्र देख्नुहुनेछ। अनि बल्ल जीवन सुन्दर लाग्नेछ।

**प्रकृतिकी रानी**
@prakritipaudel8

२०७४, मंसिर
शुक्रबार
१

भौतिक संरचना, परिमार्जित पाठ्यक्रमलगायतका तयारीबिना त्रिविले जसरी समेस्टर प्रणाली लागू गरेको छ। यसले समग्र विद्यार्थीको भविष्यमाथि खेलवाड गरेको छ। तसर्थ समयानुकूल र व्यवहारिक शिक्षा दिनु भन्नेतर्फ त्रिभुवन विश्वविद्यालय पटक्कै लागेको छैन।

# नेपाल

# सेमेस्टरमा झुटको खेती नाम नयाँ प्रणाली पुरानै

प्रशान्त वली, काठमाडौं

त्रिभुवन विश्वविद्यालयले यस वर्षदेखि सेमेस्टर सिस्टम लागू गरे पनि कार्यान्वयन भने प्रभावकारी हुन सकेको छैन। विश्वविद्यालयले काठमाडौं उपत्यकाका सबै क्याम्पसमा यस शैक्षिक सत्रदेखि सेमेस्टर सिस्टम लागू गरेको छ।

विद्यार्थीहरूको गुणात्मक क्षमता बढाउन र विद्यार्थीकेन्द्रित शिक्षण पद्धतिको धारणा विकास गरी अन्तर्राष्ट्रिय बजारमा बिकाउ शिक्षा प्रदान गर्न भनी सेमेस्टर प्रणाली लागू गरे पनि कार्यान्वयनमा चुनौती देखिएको छ।

यद्यपि, सेमेस्टर सिस्टम नयाँ मानिए पनि पद्धति परम्परागत नै रहेको खुलेको छ। सेमेस्टरमा प्रत्येक ६/६ महिनामा परीक्षा हुनुपर्ने, पाठ्यक्रम समयानुकूल हुनुपर्ने, दैनिक हाजिर हुनुपर्ने, विद्यार्थीलाई 'असाइनमेन्ट' दिनुपर्ने, भौतिक पूर्वाधार उपयुक्त हुनुपर्ने प्रावधान रहे पनि अधिकांश कुरा लागू हुन सकेको छैन। जसले गर्दा हजारौं विद्यार्थी अन्योलमा परेका छन्।

प्राध्यापकले हाजिर नै नगराई वार्षिक परीक्षा प्रणालीअनुसार नै अध्यापन गराएको विद्यार्थीको आरोप छ। प्रत्येक सेमेस्टरमा ८० प्रतिशत हाजिरी हुनुपर्ने भनिए पनि प्राध्यापकले एकैचोटि सबैको हाजिरी गराइदिने आश्वासन दिएको महेन्द्ररत्न क्याम्पस, ताहाचलमा अध्ययनरत विद्यार्थी रामराज मैनालीले बताउनुभयो।

उहाँले भन्नुभयो- 'सरहरूले हाजिर नै गर्नुहुन्न हाम्रो। जसले गर्दा हामी नियमित आउने विद्यार्थीलाई मर्का पर्छ। कोर्स अफ स्टडी त छ। तर, त्यसमा अतिरिक्त क्रियाकलाप पनि समेटिएका छन्। त्यसो पनि गर्नुभएको छैन। प्रोजेक्टरअनुसार पढाउने कुरा त कहाँ हो कहाँ ?'

यस्तै वैशाखदेखि पढाइ शुरू भए पनि मंसिर लागिसक्दासमेत परीक्षा हुन नसकेको विद्यार्थीले बताएका छन्। स्नातकोत्तर तह प्रथम सेमेस्टरमा अध्ययन गर्दै गरेका विद्यार्थी तुलक पुलामीले भने- 'हामीले सोचेका थियौं, सेमेस्टरमा सिस्टमअनुसार सबै कुरा हुन्छ। तर, भौतिक पूर्वाधारको तयारीबिना सेमेस्टर चलाउँदा सरहरूसमेत अलमलमा पर्नुभएको छ। विश्वविद्यालयले तयारीबिना नै सेमेस्टर सञ्चालन गरेको रहेछ। यसले हामीजस्ता विद्यार्थी थप द्विविधामा परेका छौं।'

प्राध्यापकले भने विस्तारै प्रणालीमा सुधार आउने भन्दै नआत्तिन आग्रह गर्दै आएका छन्।

शैक्षिक क्यालेन्डर समयमा आउन नसक्दा परीक्षा कहिले हुने भन्ने बारेमा अन्योल भएको महेन्द्ररत्न क्याम्पसमा स्नातकोत्तर प्रथम सेमेस्टर गणित संकायमा अध्ययनरत विद्यार्थी कृष्ण दवाडीले बताए।

उनले भने- 'वैशाखमा पहिलो सेमेस्टरमा भर्ना भएको हुँ। अहिलेसम्म परीक्षाको टुगों छैन। ६ महिनामा परीक्षा हुने त भनेको छ। नियमअनुसार असोजमा हुनुपर्ने हो। प्राध्यापकलाई समेत सेमेस्टरका बारेमा केही थाहा नभएको पाएँ।'

केही प्राध्यापकले विद्यार्थीलाई नेपाली र अंग्रेजी दुवै भाषामा लेखिएका पुस्तकको विषयमासमेत अंग्रेजी माध्यमबाटै परीक्षा दिन दबाब दिएको बुझिन आएको छ। विद्यार्थीले भने आफूहरूले नेपाली माध्यमबाट परीक्षा दिनु आफ्नो मौलिक हक रहेको बताउँछन्। सेमेस्टर सिस्टमलाई सोचेअनुरुप बनाउन प्रत्येक क्याम्पसले छुट्टै योजना बनाउन आवश्यक रहेको विद्यार्थीको तर्क रहेको छ।

असोज मसान्तसम्म परीक्षा भइसक्नुपर्ने भए पनि अहिलेसम्म त्रिभुवन विश्वविद्यालयले केही संकायको परीक्षा तालिकासमेत सार्वजनिक गर्न सकेको छैन। विद्यार्थी संगठनले सेमेस्टर प्रणाली त्रिभुवन विश्वविद्यालयका पदाधिकारीका कारण असफल भएको बताउँछन्।

विप्लब निकट अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य कमल बढुवालले भने- 'भौतिक संरचना, परिमार्जित पाठ्यक्रमलगायतका तयारीबिना त्रिविले जसरी समेस्टर प्रणाली लागू गरेको छ। यसले समग्र विद्यार्थीको भविष्यमाथि खेलवाड गरेको छ। तसर्थ समयानुकूल र व्यवहारिक शिक्षा दिनु भन्नेतर्फ त्रिभुवन विश्वविद्यालय पटक्कै लागेको छैन। अहिले विश्वविद्यालयमा राजनीतिशास्त्र, भूगोल, इतिहासलगायतका विषयमा विद्यार्थीको संख्या निकै कम छ। सेमेस्टर चलेपछि त विद्यार्थी आकर्षित हुनुपर्ने होइन र ? '

सेमेस्टर प्रणाली लागू भए पनि कहिलेबाट परीक्षा गराउने भन्नेबारे त्रिभुवन विश्वविद्यालय नै जानकार छैन। विश्वविद्यालयका मानविकीशास्त्रका डिन शिवलाल भुसालले भन्नुभयो- 'पाठ्यक्रम हतार-हतारमा बनाइयो। शैक्षिक क्यालेन्डर पुससम्म बनाउँछौं। वार्षिक परीक्षा प्रणालीको अझै झन्झट हट्न नसक्दा केही चुनौती देखिएका छन्। चुनौती छिचोल्दै जाने हो। विश्वविद्यालय नै यस्तै छ। विस्तारै सुधार होला।'

# बहुउद्देश्यीय भवन निर्माणका लागि महायज्ञ शुरू



भक्तपुर, (नेस)।

बहुउद्देश्यीय सामुदायीक भवन निर्माणका लागि भक्तपुर नगरपालिका-५ भेलुखेलमा आजदेखि श्रीमद् भागवत धनधान्याञ्चल ज्ञान महायज्ञ शुरू भएको छ। भेलुखेलमा पुस्तकालय, क्लब, हललगायतका विभिन्न सामुदायीक कार्यका लागि उपयोग गर्न मिल्ने गरी भवन निर्माण गर्ने उद्देश्यले महायज्ञको आयोजना गरिएको आयोजक समितिका संयोजक चरण द्यौलाले जानकारी दिनुभयो।

प. रामकृष्ण उपाध्यायबाट कथा वाचन हुने महायज्ञ आगामी ७ गते सम्पन्न हुनेछ। महायज्ञबाट भवन निर्माणका लागि आवश्यक पर्ने करिब रु. ३० लाख संकलन गर्ने लक्ष्य राखिएको आयोजक समितिका व्यवस्थापक बाबुरत्न द्यौलाले जानकारी दिनुभयो।

महायज्ञको पूर्वमन्त्री महेश बस्नेतले उद्घाटन गर्नुभएको थियो। उहाँले भक्तपुर चौतर्फी रुपमा धार्मिक क्षेत्रले घेरिएको जिल्ला भएकाले यस जिल्लालाई धार्मिक पर्यटकीय क्षेत्रका रुपमा विकास गर्नु आवश्यक रहेको औंल्याउनुभयो। यसअघि बिहान महायज्ञ स्थलबाट निकालिएको कलश यात्रा भक्तपुर नगरपालिकाको विभिन्न क्षेत्रको परिक्रमा गर्दै महायज्ञस्थल पुगेको थियो।

## प्रधानसेनापतिद्वारा निरीक्षण

काठमाडौं, (नेस)

प्रधानसेनापति राजेन्द्र क्षेत्रीले सोलुखुम्बुस्थित अमरदल गुल्म, ओखलढुंगास्थित शमशेरदल गण, इटहरीस्थित पूर्वी पृतना हेडक्वाटर, हेटौंडास्थित मध्य पृतना हेडक्वाटर र धादिङको बैरेनीस्थित श्री नं.६ बाहिनी अड्डाको निरीक्षण भ्रमण सम्पन्न गर्नुभएको छ।

निरीक्षण भ्रमणका क्रममा प्रधानसेनापति क्षेत्रीले उक्त युनिटहरूको स्थलगत वस्तुस्थिति, अपरेसन, तालिम, बन्दोबस्तीलगायत आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष तथा भयरहित वातावरणमा सम्पन्न गराउन नेपाली सेनाको तयारीका विषयमा जानकारी हासिल गर्नुभएको थियो। निरीक्षण भ्रमण सम्पन्न गरी प्रधानसेनापति क्षेत्री काठमाडौं फिर्ता हुनुभएको छ।

# कुँवरलाई रथीको दर्ज्यानी चिह्न

नेपाल समाचारपत्र

काठमाडौं

मन्त्रिपरिषद्को हालैको निर्णयले रथीमा बढुवा हुनुभएका हेमन्तराज कुँवरलाई बिहीबार जङ्गी अड्डामा आयोजित एक विशेष समारोहबीच प्रधानसेनापति राजेन्द्र क्षेत्रीले दर्ज्यानी चिह्न प्रदान गर्नुभयो ।

पदोन्नति हुनुभएका रथी कुँवरलाई नेपाली सेनाको बलाध्यक्षको कार्यालय प्रमुखमा पदस्थापना गरिएको छ। साथै, बलाध्यक्षको कार्यालय प्रमुखको जिम्मेवारी सम्हाल्दै आउनुभएका रथी पूर्णचन्द्र थापालाई बलाधिकृतको कार्यालय प्रमुखको जिम्मेवारी दिइएको छ।



# बन्ने भो भक्तपुरमा ट्राफिक प्रहरीको नयाँ भवन

भक्तपुर, (नेस)

भक्तपुरमा निर्माण हुन लागेको महानगरीय ट्राफिक कार्यालय भक्तपुरको भवनको शिलान्यास गरिएको छ। सूर्यविनायक नगरपालिका कटुञ्जे वडा नं. ६ मा निर्माण हुन लागेको भवनको महानगरीय ट्राफिक प्रहरी प्रमुख एवं प्रहरी नायब महानिरीक्षक सर्वेन्द्र खनालले शिलान्यास गर्नुभयो।

कार्यक्रममा उहाँले नियम संगत रूपमा काम गर्दै ट्राफिक नियमलाई कडाइका साथ कार्यान्वयन गर्न र दुर्घटना न्यूनीकरण गर्न चनाखो भएर काम गर्न निर्देशन दिनुभयो। दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीलाई स्थानीय समुदाय, चालक र सर्वसाधारणको सहयोग आवश्यक रहेको उहाँको भनाइ थियो।

कार्यक्रममा ट्राफिक प्रहरी कार्यालय भक्तपुरको भवन निर्माण समितिका अध्यक्ष नवीन प्रजापतिले कुल १ करोड ४१ लाख ८८ हजार ६५० रुपियाँको लागतमा भूकम्पप्रतिरोधी भवन निर्माण हुने बताउनुभयो।

उहाँले यातायात सेवा केन्द्र तथा यातायात कार्यालयले भक्तपुरमा सेवा शुरू गर्दा सवारी चालक अनुमतिपत्र लिन राजस्व तिर्न सहज भएको चर्चा गर्दै कार्यालय भवन निर्माण सम्पन्नसँगै सवारीसाधनको नामसारीलगायत जनताका लागि आवश्यक सम्पूर्ण सेवा भक्तपुरबाट पनि सञ्चालन गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा भवन निर्माण समितिका संयोजक एवं ट्राफिक प्रहरी निरीक्षक सीताराम हाछेतुले कटुञ्जेको कित्ता नं. २३३३ रहेको १३ आना क्षेत्रफलमा आगामी एकवर्षभित्र सुविधा सम्पन्न अत्याधुनिक भवन गर्ने लक्ष्य लिएको बताउनुभयो। आफ्नै संयोजनमा कोटेश्वर, दरबारमार्ग कालीमाटी र सातदोबाटोमा ट्राफिक प्रहरीको कार्यालयको भवन निर्माण सम्पन्न गरेको चर्चा गर्दै उहाँले भक्तपुरको भवन पनि निर्धारित समयमै सम्पन्न गर्ने बताउनुभयो। उहाँले भवन निर्माणमा सहयोग गर्न दातालाई आग्रह गर्नुभयो।

# भक्तपुर वाम गठबन्धनको विवाद मिल्यो

भक्तपुर, (नेस)

भक्तपुरमा उम्मेदवारी दर्ताका क्रममा नेकपा एमाले र माओवादी केन्द्रबीचमा बढेको विवाद मिलेको छ। प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा मुलुकभर वाम गठबन्धन बनाइ ६०-४० को भागबन्डा गरेकोमा भक्तपुरमा माओवादीको भागमा परेको निर्वाचन क्षेत्र नं. १ प्रदेश १(क) चाँगुनारायणमा एमाले र माओवादी केन्द्र दुवैका उम्मेदवारले उम्मेदवारी दर्ता गरेपछि गठबन्धन संकटमा परेको थियो।

भक्तपुरमा विवाद बढ्दै गएपछि दुवै पार्टीको केन्द्रीय नेतृत्वले विवाद मिलाएर सहमति गर्न निर्देशन दिएपछि आज दुवै पार्टीको संयुक्त बैठक बसी ४ बुँदे सहमति भएको छ। सहमतिअनुसार निर्वाचन क्षेत्र नं. १ प्रदेश १(क) चाँगुनारायणमा नेकपा एमालेलाई समर्थन गर्दै माओवादी केन्द्रका उम्मेदवार डीपी ढकालले उम्मेदवारी फिर्ताको घोषणा गर्ने निर्णय गरिएको माओवादी केन्द्रका पोल्युट ब्युरो सदस्य देवेन्द्र श्रेष्ठले जानकारी दिनुभयो।।

संयुक्त बैठकले नेकपा एमालेका केन्द्रीय सदस्य एवं भक्तपुर इन्चार्ज सोम मिश्र र माओवादी केन्द्रका पोल्युट ब्युरो सदस्य देवेन्द्र श्रेष्ठको संयोजकत्वमा एमालेको तर्फबाट १० र केन्द्रको तर्फबाट ७ गरी १७ सदस्यीय पार्टी एकता संयोजन समितिसमेत गठन गरेको छ।

दुवै पार्टीबीच भएको सहमतिले जिल्लामा देखिएको विवाद अन्त्य गर्नुका साथै भक्तपुरका दुवै निर्वाचन क्षेत्र र दुई क्षेत्रका ४ प्रदेशमा वाम गठबन्धनका उम्मेदवार बलियो बनेको एमाले नेता एवं निर्वाचन क्षेत्र नम्बर २ का उम्मेदवार महेश बस्नेतले बताउनुभयो।

# 'अस्वस्थ नेताले अस्वस्थ विचार थुपार्न पाइँदैन'

काठमाडौं, (नेस)

नेपाली कांग्रेसले अस्वस्थ छु भन्दैमा अस्वस्थ विचार थोपार्न नपाइने बताएको छ। एमाले अध्यक्ष केपी ओलीले बुधबार चुनावी सभालाई सम्बोधन गर्ने क्रममा कांग्रेसलाई समवेदना दिएकोप्रति लक्षित गर्दै कांग्रेसले यस्तो धारणा सार्वजनिक गरेको हो।

'पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका एमाले अध्यक्ष केपी ओली अस्वस्थ भएको कारण राज्यले ठूलो धनराशि खर्च गरेर उहाँको उपचार गरिरहेको छ', कांग्रेसका केन्द्रीय निर्वाचन परिचालन समितिका संयोजक बालकृष्ण खाँणले भन्नुभयो- 'उहाँले कांग्रेसलाई समवेदना दिनुभएछ, यस्तो दरिद्र विचार बोक्नेले मुलुकको विकास गर्न सक्दैन।'

पार्टी केन्द्रीय कार्यालयमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा संयोजक खाँणले एउटा विश्वविद्यालय, अस्पताल तथा अन्य ठूलो परियोजना बनाउन पुग्ने पैसा खर्च गरेर एमाले अध्यक्ष ओलीलाई सरकारले बचाइराखेको पनि बताउनुभएको थियो। ओलीले कांग्रेसप्रति समवेदना दिंदै कांग्रेस कार्यकर्तालाई उत्तेजित बनाएको भन्दै नेता खाँणले आफ्ना कार्यकर्तालाई संयमित हुन आग्रह गर्नुभएको थियो। उहाँले निर्वाचनपछि माओवादी केन्द्र अब उपकेन्द्रमा परिणत हुने पनि बताउनुभएको थियो।

भुमिसुधार कार्यालय भ.पु. बाट भ.पु.जि.भ.न.पा. वडा नं. ४ वस्ने आसनारायण दुवालको नाममा विशेष अदालत ऐन २०५९ को दफा १०(९) बमोजिम जारी गरिएको सार्वजनिक सुचना ।
भ.पु.जि.भ.न.पा. वडा नं. १० वस्ने मंगलमाया वनमाला समेत -४ जनाले हामीहरुको नाममा दर्ता रहेको छालिङ्ग वडा नं. ५ ख कि.नं. ५१० क्षेत्रफल २-९-०-० भएको जग्गा पूर्व पश्चिम चिरा गरी उत्तर पूर्वलाई ज.ध. लाई र बाकि दक्षिण पश्चिम तर्फ मोहीलाई आधा हुने गरी वाडफाड गरी पाउ भनि चाँगुनारायण न.पा. वडा नं. ५ को कार्यालयको च.नं. ४८७ मिति ०७४/१/११ को सिफरिस साथ माग गरेकोले नियमानुसार मोहिको नाममा म्याद जारी गर्दा पटक पटक गएर म्याद बुझ्न अनुरोध गर्दा म्याद बुझ्न नमानेकोले म्याद फिर्ता बुभाएको हुदा यो हाजिर हुन आउने बारेमा सार्वजनिक सुचना प्रकाशित गरिएको छ । आफुसंग भएको सप्रमाण सहित ऐनका म्याद भित्र हाजिर हुन आउनु होला अन्यथा नियमानुसार भै जाने व्यहोरा समेत जानकारी गराईन्छ ।

## सिनेमा कर्नर










माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धन प्राप्ति, कार्य सफल, पढाइ-लेखाइमा सफलता।
**वृष** : आर्थिक लाभ, खेलकुद, परीक्षा आदिमा सफलता, सुख-सन्तोष।
**मिथुन** : आर्थिक भार, काममा असफलता, खर्च वृद्धि, चिन्ता।
**कर्कट** : पेटमा समस्या, दौडधुप, पारिवारिक विवाद, हैरानी।
**सिंह** : आर्थिक लाभ, इज्जत-प्रतिष्ठामा वृद्धि, शुभ समाचार।
**कन्या** : धननाश, शारीरिक कष्ट, चिन्ता, खर्च वृद्धि, हुनेछ।
**तुला** : खाद्यान्न-धनसम्पत्ति प्राप्ति, कार्य सफल, उपहार प्राप्ति।
**वृश्चिक** : रोगको भय, विवाद, चोटपटकको सम्भावना छ।
**धनु** : आर्थिक लाभ, कसैबाट सहयोग, मिष्ठान्न भोजन प्राप्ति।
**मकर** : सुख-शान्ति, गरेका कार्य सफल, स्फूर्ति बढ्नेछ।
**कुम्भ** : राज्य एवं राजनीतिकर्मीबाट भय, इज्जत गुम्ने खतरा।
**मीन** : अस्वस्थता, गरिरहेको कार्यमा बाधाव्यवधान, धन हानि।

# नेपाल

खोटाङमा नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले आसन्न प्रतिनिधि तथा प्रदेशसभा सदस्यका उम्मेदवार तथा जनप्रतिनिधिलगायत ७ को घरजग्गा कब्जा गरेको छ।

## खोटाङमा उम्मेदवारको घरजग्गा कब्जा

रामधन राई, खोटाङ

खोटाङमा नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले आसन्न प्रतिनिधि तथा प्रदेशसभा सदस्यका उम्मेदवार तथा जनप्रतिनिधिलगायत ७ को घरजग्गा कब्जा गरेको छ। नेकपाले वाम गठबन्धनबाट प्रतिनिधिसभा सदस्यका साझा उम्मेदवार बन्नुभएको पूर्वसांसद विशाल भट्टराई र कांग्रेसबाट प्रदेशसभा खोटाङ क्षेत्र नम्बर १ का प्रत्यक्ष उम्मेदवार सुवासकुमार पोखरेलको घरजग्गा कब्जा गरेको घोषणा गरेको छ।

विप्लव नेतृत्वले हलेसी चुवाचुङ नगरपालिकाका नगरप्रमुख इवन राई, लामिडाँडा गाउँपालिकाको प्रमुख लीलानाथ निरौला तथा सोही नगरपालिकाको राप्रपा नेता चन्द्रसिं बस्नेत र गिरिराज बस्नेतको घरजग्गा कब्जा गरिएको विज्ञप्तिमार्फत् घोषणा गरेका हुन्। रातको समयमा गाउँ पस्ने नेकपाका कार्यकर्ताले घरको आँगनमा पार्टीको झण्डा गाड्नुका साथै घरजग्गा कब्जा भएको विज्ञप्ति घरको भित्तामा टाँस्ने गरेका छन्।

दिउँसो नभेटिने नेकपाका कार्यकर्ताले फोनमार्फत् चन्दा माग्नुका साथै आसन्न निर्वाचनका लागि उम्मेदवारी दिएका नेताहरूलाई आफूले दिएको उम्मेदवारी फिर्ता लिन पटक-पटक दबाब दिने गरेको बताइएको छ।

नेकपाका कार्यकर्ताको ज्यान धम्की तथा गतिविधिका बारेमा सुरक्षा निकायलाई समेत जानकारी गराइसकेको लामिडाँडा गाउँपालिका प्रमुख निरौलाले बताउनुभयो जिल्लामा नेकपा कार्यकर्ताको गतिविधिका विषयमा गम्भीर भएर अनुसन्धान थाल्नुका साथै प्रहरी टोली परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय खोटाङका प्रहरी नायव उपरीक्षक लोकदर्शन थापाले बताउनुभयो। जिल्लामा आसन्न निर्वाचनलाई प्रभावित पार्न नेकपाले उक्त गतिविधि सञ्चालन गरेको अनुमान गरिएको छ।

कब्जा गरिएको घरजग्गा स्थानीय जनताले उपभोग गर्ने नेकपाले जनाएको छ। विप्लवका कार्यकर्ताले जिल्लाका उद्योगी/व्यापारीलाई समेत ठूलो मात्रामा चन्दा आतंक मच्याएको पाइएको छ।

## घरमा मतदाता नभेटिएपछि धानबारीमै मतदाता शिक्षा शुरू

शालिकराम चालिसे, नुवाकोट

आगामी मंसिर १० गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि नुवाकोटमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्न टोली खटाइएको छ। अन्नबाली भित्र्याउने समय भएकाले मतदाता घरमा नभेटिएपछि नुवाकोटका विभिन्न गाउँमा खेतमा नै गएर मतदाता शिक्षा प्रदान गरिएको छ।

मानो रोपेर मुरी भित्र्याउने समयमा सबै किसान खेतमा धान काट्न र भित्र्याउन मा नै व्यस्त भएकाले मतदातालाई खेतबारीमै गएर मतदाता शिक्षा शुरू गरिएको बेलकोटगढी नगरपालिका-५ की पार्वती थापाले बताउनुभयो। थापाले भन्नुभयो- 'घरमा जाँदा मतदाता नै भेट्न सकिँदैन। खेतबारीमा गए सबै परिवारका मतदाता भेट्न सकिन्छ।'

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको मत बदर हुन नदिन जिल्ला निर्वाचन कार्यालय नुवाकोटले जिल्लामा स्वयंसेवक, सामाजिक परिचालकलाई मतदाता शिक्षाका बारेमा तालिम प्रदान गरेको थियो। तालिमपश्चात् टोली गाउँ-गाउँमा खटिएका छन्।

'निर्वाचनको समय छोटो छ, सबैलाई मतदाता शिक्षाको बारेमा जानकारी दिन सकिँदैन कि भनेर काम गरिरहेकै ठाउँमा गएर मतदाता शिक्षाको बारेमा जानकारी गराउँदै हिँडेका छौं' -स्वयंसेवक कमला प्याकुरेलले भन्नुभयो। विदुर नगरपालिका-१० मा खटिएकी स्वयंसेविका कमला भन्नुहुन्छ- 'मतदाताहरूलाई मंसिरको चटारो छ, घरमा कोही भेटिँदैन, खेतखेतमा खोज्दै हिँड्नुपर्छ, धेरै समस्या भएको छ। खेतमै गएर भोट हाल्ने तरिका सिकाउने गरेको छु। घरमा कोही भेटिन्न, निर्वाचन कार्यालयले जुन जिम्मेवारी दिएको छ जसरी नि पूरा गर्छु।'

मतदाता शिक्षा अलि ढिलो भएकाले स्वयंसेवीकाहरू खेतमा नै धाउनुपरेको विदुर नगरपालिका-११ का रमेश मिजार बताउनुहन्छ। त्यस्तै विदुर नगरपालिकाकै वडा नं. १० कृषक शुकदेव घिमिरेले मानो रोपेर मुरी भित्र्याउने समयमा मतदाता शिक्षा स्वयंसेवक घरमा आउँछन् भनेर काम छाडेर बस्न नसकिने धारणा व्यक्त गर्नुहुन्छ।

मतदाता शिक्षाका लागि जिल्ला निर्वाचन कार्यालयले नुवाकोटले निर्वाचन शिक्षाका लागि भन्दै जिल्लाका प्रत्येक स्थानीय तहमा स्वयंसेवक खटाएको छ। निर्वाचनका लागि नुवाकोटमा जिल्लामा २ सय ६० मतदान केन्द्र निर्धारण गरिएको छ।

२ नगरपालिका र १२ गाउँपालिका रहेको नुवाकोटमा आगामी निर्वाचनमा २ लाख ८ हजार १ सय ७१ जनाले मतदान गर्दै छन्।

## ३५ हजार डलरसहित भारतीय पक्राउ

हेटौंडा, (नेस)

मकवानपुर प्रहरीले ३५ हजार अमेरिकी डलरसहित एक भारतीयलाई पक्राउ गरेको छ। बिहीबार बिहान करिब पौने ६ बजे इलाका प्रहरी कार्यालय पशुपतिनगरबाट खटिएको प्रहरी टोलीले चेक गर्ने क्रममा डलर बरामद गरेको हो। हेटौंडा-१५, रातोमाटेस्थित प्रहरी चेकपोस्टमा काठमाडौंबाट हेटौंडा हुँदै वीरगञ्जतर्फ जाँदै गरेको ना६ख ६२९१ नं. यात्रुवाहक बस चेक गर्ने क्रममा बसमा सवार भारतीय यात्री पक्राउ परेका हुन्।

ग्राम भेडीहारी पोस्ट सिरिसिया भेडीहारी पूर्वी चम्पारण विहार बस्ने वर्ष २५ का शेषनाथ प्रसादले लगाएको जुत्ताभित्र लुकाई ल्याएको अमेरिकी डलर ३५ हजारसहित उनलाई पक्राउ गरिएको थियो। उनलाई आवश्यक कारबाहीका लागि राजस्व अनुसन्धान विभाग, हरिहरभवन ललितपुर बुझाइने प्रहरीले जनाएको छ।

## जिप दुर्घटनामा एकको मृत्यु

गुल्मी, (नेस)

गुल्मीमा जिप दुर्घटना हुँदा १ जनाको मृत्यु भएको छ भने १३ जना घाइते भएका छन्। गए राति मलामी लिएर सदरमुकाम तम्घास फर्किंदै गरेको लु१ज १५२१ नम्बरको जिप जिल्लाको रेसुंगा नगरपालिका-४ स्थित अर्खलेमा दुर्घटना परेको थियो।

दुर्घटनामा परी कपिलवस्तु जिल्ला वाडगंगा नगरपालिका निवासी ५५ वर्षका रुद्रबहादुर डेगाको मृत्यु भएको जिल्ला प्रहरी ट्राफिक कार्यालय गुल्मीका हवल्दार देवीप्रसाद पौडेलले जानकारी दिए। दुर्घटनामा परी १३ जना घाइते भएका छन्। घाइतेमध्ये ६ जनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ। गम्भीर घाइतेहरू धुर्कोट गाउँपालिका आत्माराम राना, रेसुंगा नगरपालिका-४ का देवराज पाण्डेय, डिलबहादुर दर्लामी, सन्तोष पाण्डेय, धुव्र मरासिनी, मोहनविक्रम थापाको पाल्पामा उपचार भइरहेको छ। घाइतेमध्ये अन्य ७ जनाको जिल्ला अस्पताल तम्घासमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

उकालोमा ब्रेक फेलभई दुर्घटना भएको प्रहरीले जनाएको छ। दुर्घटनामा चालक पनि गम्भीर घाइते भएका छन्। मंगलबार डोजले पल्टाएको ढुंगाले लागेर मृत्यु भएका वडा नम्बर ४, अर्खले निवासी ३५ वर्षीय रामबहादुर दर्लामीको शव सदगत गरेर फर्किने क्रममा बुधबार राति दुर्घटना भएको थियो।

## निर्वाचन नजिकिएसँगै आर्थिक गतिविधि बढ्न थाल्यो

गणेश घिमिरे, इलाम

इलामको ग्रामीण क्षेत्रमा चुनावी चहलपहल बढेसँगै व्यापार पनि बढ्दै गएको छ। प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन मिति नजिकिँदै जाँदा गाउँदेखि बजारसम्म आर्थिक गतिविधि बढ्न थालेको हो।

चुनावका लागि दलका बैठक, सभा, कोठे तथा होटलमा हुने छलफल, घरदैलो कार्यक्रमजस्ता गतिविधि गाउँदेखि शहरसम्म आर्थिक कारोबार बढ्दै गएको देखिन्छ। दलका उम्मेदवार र अगुवा मतदाता रिझाउन गाउँ-टोलसम्म नै धाइरहेका छन्। चुनावी अभियान बढेसँगै सामान्य होटल, किराना पसल, यातायात व्यवसायी, ब्यानर छपाइ, इन्धन बिक्री, खसी तथा कुखुरापालक किसानलगायतको व्यापार बढेको व्यापारीहरू बताउँछन्। जिल्लामा वाम गठबन्धन, कांग्रेस, संघीय समाजवादी, नयाँ शक्ति, विवेकशील साझा पार्टीका जिल्ला तहका नेता कार्यकर्ता दैनिकजसो चुनावी कार्यक्रम लिएर जिल्लाका गाउँ-गाउँमा पुग्न थालेका छन्। यसरी गाउँसम्म पुगेका दलका नेता कार्यकर्ताले अर्को पार्टीका कार्यकर्ता आफ्नो पार्टीमा भित्र्याउने अभियानसँगै गर्ने भोजभतेरका कार्यक्रमले खाद्यान्न, मासुलगायतको व्यापार बढाएको छ। पार्टी प्रवेशलगायतका स्वागत कार्यक्रमले अबिर, खादा, खाजा नास्ता तथा अन्य पेय पदार्थको व्यापार बढेको व्यापारीहरूको भनाइ छ।

स्थानीय तहको निर्वाचनपछि सदरमुकाममा खुम्चिएका दलका नेता, कार्यकर्ता प्रतिनिधिसभा र प्रदेशसभाका लागि मनोनयन दर्ता गराएसँगै समर्थकका साथ गाउँ जाने क्रम यतिखेर बढेको हो। 'गाउँको साग, आलु, दूध, दही, अन्डा, घ्यू, कुखुरा, खसी, चामललगायतको व्यापार निकै फस्टाउँदै गएको छ', माङसेबुङ गाउँपालिकास्थित पञ्चमी बजारका व्यवसायी उदय योङहाङले भने- 'सदरमुकाम केन्द्रित नेता आउन थालेपछि उपभोक्ताको मागसमेत बढेको छ।' दलका नेता कार्यकर्ता गाउँ-गाउँसम्म पुगेर चुनावी कार्यक्रम गर्न सवारीसाधन रिजर्भ गरेर हिँड्न थालेपछि साना सवारीधनीले समेत निकै आम्दानी गरिरहेका छन्। जिल्लाभित्र सञ्चालन हुने सवारी कुनै न कुनै दलका नेता कार्यकर्ताले रिजर्भ लिएर हिँड्न थालेका छन्।

चुनावकै कारण सवारीधनी र चालकको समेत राम्रै आम्दानी हुन थालेको छ। जिल्लाबाट अन्यत्रका रुटमा सञ्चालन हुँदै आएका साना गाडीहरू आगामी मंसिर २१ गते हुने निर्वाचनका लागि दलका नेताले लिएर हिँडिरहेका छन्। बैंक, सहकारी, साहु तथा अन्य वित्तीय संस्थाबाट ऋण लिएका सवारीधनीलाई चुनावको आम्दानीले किस्ता र ब्याज बुझाउन सजिलो भएको यातायात व्यवसायी बताउँछन्।


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**

का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।

सम्पर्क नं.:- ९८४१३१४७८१

**वर्गीकृत डिस्प्ले**

आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६ ४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरु**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता। बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता। दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता। मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन : ४७२००४६**
**मोबाइल : ९८५१०७३५००**

## नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**

गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर ।गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**

हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**

सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७४, मंसिर
शुक्रबार
१

२०७४ साउनदेखि दशैंसम्म १६ जनामा मात्रै डेंगु देखिएकोमा दशैंलगत्तै डेंगुको संक्रमण ह्वात्तै बढेर बिहीबारसम्म ७ सय १५ पुगेको को जनस्वास्थ्य कार्यालय रूपन्देहीले जानकारी दिएको छ।



# नेपाल

## निर्वाचनको तयारीमा जनतालाई डेंगुको त्रास

# बुटवलमा डेंगुको महामारी

**यमलाल भुसाल, बुटवल**

पोथी लामखुट्टेबाट सर्ने डेंगुको संक्रमणले बुटवलमा त्रास फैलिएको छ। दिनैपिच्छे डेंगुका बिरामी बढ्न थालेपछि यसले महामारीको रूप लिएको हो।

डेंगु रोग फैलाउने लामखुट्टे नष्ट गर्नेदेखि लिएर प्रत्येक घर-घर पुगेर नागरिकलाई सचेत गराउने काम थालिएको हो। डेंगुविरुद्ध विशेष अभियान शुरु गरिए पनि रोगका कारण सबै नागरिक चिन्तित भएका छन्।

बुटवल उपमहानगर र जिल्ला जनस्वास्थ्य कार्यालय रूपन्देहीको अग्रसरतामा बुटवलमा अभियान चलिरहेको छ। राजनीतिक दलहरू आगामी मंसिर २१ गते हुने प्रतिनिधि र प्रदेशसभाको चुनावको तयारीमा रहँदा बुटवलबासी भने डेंगुविरुद्धको अभियानमा जुट्नुपरेको छ। बुटवल उप-महानगरपालिकाको स्वास्थ्य टोली, वडा अध्यक्ष, प्रहरी, जनस्वास्थ्यका कर्मचारी, स्वयंसेविका तथा टोल विकास समितिका सदस्यको सहभागितामा प्रत्येक घर-घर पुगेर डेंगुबाट बच्ने उपायबारे सचेत गराउने काम गरेका छन्। बिहीबारसम्म ७ सय १५ जनामा डेंगु संक्रमण भेटिएको लुम्बिनी अञ्चल अस्पताल बुटवलले जनाएको छ। बुटवल उप-महानगरका उपप्रमुख गोमा आचार्यले डेंगुको कुनै विशेष उपचार नभएकाले नियन्त्रणमा समस्या भएको बताउनुभयो।

स्थानीय सरकारको रूपमा आफूहरू संवेदनशील रहेकाले वडा अध्यक्ष, स्वास्थ्य स्वयंसेविका र टोल विकास समितिलाई सक्रिय बनाएर लामखुट्टेको टोकाइबाट बच्ने, वातावरण सफा राख्ने र पानी जम्ने खाल्डाखुल्डी पुर्न निर्देशन दिइएको उपप्रमुख आचार्यले बताउनुभयो। बुटवलमा डेंगुका बिरामी बढ्दै गएपछि अस्पतालमा समेत लामखुट्टे मार्ने औषधि छर्कने काम थालिएको छ। अञ्चल अस्पताल बुटवलसहित बिरामीहरूको चाप भएका अस्पतालमा किट छर्कने काम भएको अस्पतालका मेडिकल रेकर्ड अधिकृत लक्ष्मीराज रेग्मीले बताउनुभयो। 'डेंगु नियन्त्रणका लागि विगतमा थालिएका कार्यक्रमलाई अझ प्रभावकारी बनाएका छौं, अहिले हामीले घर-घरमा औषधि छर्केने र झुल बाँड्ने काम थालिसकेका छौं' -रेग्मीले भन्नुभयो। रेग्मीका अनुसार सक्रमित विभिन्न जिल्लाका रहेका भए पनि ८० प्रतिशत रूपन्देहीका रहेका छन्। त्यसमा पनि ७५ प्रतिशत बुटवलका छन्।

बुटवलबाट ३७ वटा नमुना परीक्षणका लागि केन्द्रीय जनस्वस्थ्य प्रयोगशालामा पठाइएको थियो। रूपन्देहीका विभिन्न अस्पतालमा कार्यरत डाक्टर तथा स्वास्थ्यकर्मी गरी १२ जनामा डेंगुको संक्रमण भएको रेग्मीले बताउनुभयो। पछिल्ला दिनहरूमा दिन प्रतिदिन संक्रमण बढेपछि केही दिनअगाडि जनस्वाथ्यको केन्द्रको टोली पनि बुटवलमा आएर अध्ययन गरेको छ। लुम्बिनी अञ्चल अस्पतालमा स्वास्थ्य मन्त्रालयको टोलीसमेत आएको थियो।



डेंगु संक्रमणको परीक्षण निःशुल्क गराउन स्वास्थ्यमन्त्री बोहराले निर्देशन दिँदै शुल्क लिएको पाइए क्लिनिक बन्द गराइदिने चेतावनी दिनुभएको छ।

स्वास्थ्य मन्त्रालयका सचिव डा. किरण रेग्मीसहितको टोलीले अस्पतालमा छलफलसमेत गरेको थियो। अझै पनि इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको टोलीले बुटवलमा देखिएको डेंगुको बारेमा स्थलगतरूपमा निरीक्षण एवं अनुसन्धान गरिरहेको छ। डेंगुको संक्रमणबाट साउन यता रूपन्देहीका एक जना र अर्घाखाँची शीतगंगाका एक जना गरी दुई जना महिलाको मृत्यु भएको छ। २०७४ साउनदेखि दशैंसम्म १६ जनामा मात्रै डेंगु देखिएकोमा दशैंलगत्तै डेंगुको संक्रमण ह्वात्तै बढेर बिहीबारसम्म ७ सय १५ पुगेको को जनस्वास्थ्य कार्यालय रूपन्देहीका प्रमुख केहरसिंह गोदारले जानकारी दिनुभयो। सर्वसाधारणसँगै २ जना चिकित्सकसहित १२ जना स्वास्थ्यकर्मीमा पनि डेंगु रोगको संक्रमण देखिएको थियो तर उपचारपछि सबै निको भएका छन्।

यस्तै बुटवल उप-महानगरपालिका-८ का अध्यक्ष भीमबहादुर श्रेष्ठलाई पनि डेंगुको संक्रमण भएकोमा उपचारपछि निको भएको छ। लुम्बिनी अञ्चल अस्पताल बुटवलमा दैनिक ३० देखि ४० जनामा डेंगुका बिरामी आउने गरेको लुम्बिनी अञ्चल अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. कृष्ण खनालले बताउनुभयो। डेंगुको प्रकोप बढेपछि स्थानीय तहमा डेंगु नियन्त्रलाई प्रभावकारी बनाउन प्रकोप व्यवस्थापन समितिले पनि सक्रियता बढाएको छ। समितिले कार्यक्रम प्रभावकारी बनाउने निणय गरेको छ। प्रहरी, स्वास्थ्यकर्मी, जनप्रतिनिधि, महिला स्वयंसेविकासहितको टोली व्यापक परिचालन गर्ने निर्णय भएको थियो र सोहीअनुसार कार्यक्रम भइरहेको जिल्ला जनस्वास्थ्य कार्यालय रूपन्देहीका प्रमुख गोदारले बताउनुभयो।

त्यस्तै डेंगु नियन्त्रणका लागि टायरबढी चुनौतीका रूपमा पाइएको भन्दै टायरको व्यवस्थापनमा लाग्ने पनि निर्णय गरिएको छ। बुटवलमा रूपन्देहीसहित दाङ, गुल्मी, अर्घाखाँची, पाल्पा, कपिलवस्तु, नवलपरासी, प्यूठान, बाग्लुङ र रोल्पाका बिरामीको उपचार भइरहेको छ। डेंगु रोगको संक्रमण परीक्षण निःशुल्क गराउन स्वास्थ्यमन्त्री दीपक बोहराले निर्देशन दिनुभएको छ। बुटवलमा डेंगुको संक्रमण बढेसँगै निजी क्लिनिकहरूले सरकारी अस्पतालमा निःशुल्क हुने परीक्षणमा २ हजारदेखि ३ हजार रुपियाँ शुल्क लिएको गुनासो बढेपछि स्वास्थ्यमन्त्रीले क्षेत्रीय स्वास्थ्य निर्देशक, जिल्ला जनस्वास्थ्य कार्यालय प्रमुख र लुम्बिनी अञ्चल अस्पतालका मेडिकल सुपरिटेन्डेन्टसहितको बैठकमा यस्तो निर्देशन दिनुभएको हो। मन्त्री बोहोराले डेंगु परीक्षण गर्ने किट अस्पतालबाट लिएर निःशुल्क परीक्षण गर्न निजी क्लिनिकहरूलाई निर्देशन दिँदै यदि शुल्क लिएको पाइए ती क्लिनिकहरू बन्द गराइदिने चेतावनीसमेत दिनुभयो। 'किट चाहिए अस्पतालले दिन्छ, लिनुस् र न्यूनतम शुल्क मात्र लिनुस् तर मौकाको फाइदा उठाउन सर्वसाधारण बिरामीको ढाडै सेक्ने गरी चर्को शुल्क लिन पाइदैन', मन्त्री बोहराले निर्देशन दिँदै भन्नुभयो- 'बिरामीको स्वास्थ्यसँग खेलवाड गर्न पाइँदैन।' मन्त्री बोहराले लुम्बिनी अञ्चल अस्पतालमा बिरामीको चाप ज्यादै बढी भएकाले यसलाई मेडिकल कलेजको रूपमा विकास गर्न स्थानीयस्तरबाट पहल गर्न सुझाव दिँदै आफूले सक्दो सहयोग गर्ने बताउनुभएको छ ।

# प्रधानमन्त्री देउवा बैतडी आउँदै

## वाम गठबन्धनको पनि चुनावी आमसभा

**विनोदसिंह विष्ट, बैतडी**

मंसिर १० गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको मिति नजिक आएसँगै बैतडीमा ठूला दलहरूले दलहरूले चुनावी सभामा जोड दिएका छन्। दलहरूले केन्द्रीय नेताहरूको उपस्थितिमा चुनावी सभा गर्न लागेका हुन्।

नेपाली कांग्रेस र राप्रपाको संयुक्त लोकतान्त्रिक गठबन्धनले कांग्रेस सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाको उपस्थितिमा एकैदिन ३ ठाउँमा चुनावी सभा गर्ने भएको छ। दिउँसो १ बजे पुरचौडी हाटमा, दिउँसो २ बजे पाटनमा र दिउँसो ३ बजे मेलौलीमा आयोजना हुने सभालाई प्रधानमन्त्री एवं पार्टी सभापति देउवा, नेपाली कांग्रेसकी केन्द्रीय सदस्य डिला संग्रौलाले सम्बोधन गर्ने कार्यक्रम रहेको कांग्रेस जिल्ला सचिव वीरबहादुर विष्टले जानकारी दिनुभयो। लोकतान्त्रिक गठबन्धनको औचित्यका बारेमा नागरिकलाई जानकारी गराउन पार्टीसभापति एवं प्रधानमन्त्री आफैं आउन लाग्नुभएको सचिव विष्टले जानकारी दिनुभयो।

यस्तै प्रधानमन्त्री देउवाले आज बिहान १० बजे दार्चुलाको खलंगा र दिउँसो १२ बजे लटिनाथमा आयोजना हुने चुनावी सभालाई सम्बोधन गर्ने कार्यक्रम रहेको नेपाली कांग्रेस दार्चुलाले जनाएको छ।

यस्तै वाम गठबन्धनले पनि चुनाव नजिक आएसँगै केन्द्रीय नेताहरूको उपस्थितिमा चुनावी सभा गर्ने जनाएको छ। भोली बैतडीको देहीमाण्डौंमा वाम गठबन्धनले आयोजना गर्ने चुनावी सभालाई पूर्वमन्त्री एवं एमालेका पोलिटब्युरो सदस्य कर्णबहादुर थापाले सम्बोधन गर्ने एमाले बैतडीका सचिव एवं वाम गठबन्धनबाट प्रदेशसभा सदस्यका बैतडी 'ख' क्षेत्रका उम्मेदवार लीलाधर भट्टले जानकारी दिनुभयो। साना दलहरूले घरदैलोमार्फत चुनावी प्रचारप्रसारलाई तीव्रता दिएका छन्। आफूले घरदैलोमार्फत चुनावी अभियान जारी राखेको विवेकशील साझा पार्टीका तर्फबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार नारायणदत्त अवस्थीले जानकारी दिनुभयो।

चुनावका लागि राजनीतिक गतिविधि बढिरहेको बेला पार्टी परित्याग गर्नेहरूको लर्को लाग्न थालेको छ। राजनीतिक दलहरूले चुनावी आमसभा गरिरहेका बेला गाउँदेखि केन्द्रसम्म एक पार्टीबाट अर्को पार्टीमा प्रवेश गर्नेहरूको संख्या बढेको राजनीतिक दलहरूले बताएका छन्।

बैतडीका विभिन्न ठाउँमा विभिन्न पार्टीले गरेका कार्यक्रममा एक पार्टी परित्याग गर्दै अर्को पार्टीमा प्रवेश गर्नेहरूको संख्या बढेको नागरिकले बताएका छन्। बैतडीमा आफूहरूले कार्यक्रम गरेको ठाउँमा अहिलेसम्म ५ सयभन्दा बढीले विभिन्न पार्टी परित्याग गरी कांग्रेसमा प्रवेश गरेको कांग्रेस बैतडीको जिल्ला कोषाध्यक्ष रमेश पाण्डेले जानकारी दिनुभयो।

अझै चुनावी सभा कार्यक्रममा पार्टी प्रवेश गर्नेहरूको संख्या बढ्ने भएकाले लोकतान्त्रिक गठबन्धनको जित सुनिश्चीत रहेको उहाँले दाबि गर्नुभयो। यस्तै बाम गठबन्धमा अहिले सम्म १ हजार बढीले पार्टी प्रवेश गरेकाले बैतडीमा वाम गठबन्त्रनको जित हुने एमाले जिल्ला सचिव लीलाधर भट्टले जानकारी दिनुभयो। बैतडीमा मंसिर १० गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य चुनावका लागि नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र, राप्रपा, विवेकशील साझा पार्टीलगायतका राजनीतिक दलहरूले चुनावी अभियान तीव्र पारेका छन्।

नेपाली कांग्रेस र राप्रपा सम्मिलित लोकतान्त्रिक गठबन्धनले संयुक्तरूपमा चुनावी प्रचारप्रसार गरिरहेका छन् भने नेकपा एमाले र माओवादी केन्द्रको वाम गठबन्धनले संयुक्तरूपमा चुनावी अभियान थालिरहेका छन्।

विवेकशील साझा पार्टीलगायतका साना दलहरूले पनि चुनावी अभियानलाई तीव्र पारेको जनाएका छन्। चुनावी प्रचारप्रसारमा रहेका विभिन्न राजनीतिक दलहरूले आ-आफ्नो पक्षमा मत पार्न नागरिकलाई विभिन्न आश्वासन दिरहेका छन्।

# खोटाङमा गरिएको नमुना मतदानमा ५ प्रतिशत मत बदर

**नेपाल समाचारपत्र**

खोटाङ

आगामी मंसिर १० गते हुने प्रदेश तथा प्रतिनिधिसभा निर्वाचनका लागि खोटाङमा भएको नमुना मतदानमा ५ प्रतिशत मत बदर भएको छ। बुधबार सदरमुकाम दिक्तेलस्थित हाटडाँडामा निर्वाचन कार्यालयले गरेको नमुना मतदानको क्रममा ५ प्रतिशत मत बदर भएको पाइएको निर्वाचन अधिकारी दिनेश खत्रीले बताउनुभयो।

नमुना मतदानका क्रममा सर्वसाधारणलाई स्वस्तिक चिह्न छाप लगाउन र मतपत्र पट्याएर मत पेटिकामा खसाल्ने विधिलगायतका विषयमा जानकारी गराइएको थियो।

मतदाता शिक्षाका लागि कात्तिक २५ गतेदेखि स्वयंसेवक खटाएको निर्वाचन कार्यालयले मतदातामा देखिएको अलमल हटाउनका लागि नमुना मतदान कार्यक्रम आयोजना गरिएको बताएको छ। नमुना मतदानमा प्रतिनिधिसभा सदस्यको समानुपातिकतर्फ ६५ मत खसेकोमा २ मत र प्रत्यक्षतर्फ ६० मत खसेकोमा ४ मत बदर भएको पाइएको हो। प्रदेशसभा सदस्यतर्फ ६० मत खसेकोमा ५ मत बदर भएको जिल्ला निर्वाचन अधिकारी खत्रीको भनाइ छ। नमुना मतदान कार्यक्रममा ६८ जना सर्वसाधारणले मतदान गरेका थिए।



# सामाजिक सञ्जाल चुनावी सामग्रीले रंगिँदै

**विमल विष्ट, डोटी**

प्रतिनिधि र प्रदेशसभाको चुनाव नजिकिँदै गर्दा सामाजिक सञ्जाल पनि चुनावी सामग्रीले रंगिएका छन्। राजनीतिक दल, तिनका भातृ संगठन, कार्यकर्ता, उम्मेदवार र उम्मेदवारका आफन्त, शुभचिन्तक सामाजिक सञ्जालमार्फत् चुनावमा होमिएका छन्।

आगामी मंसिर १० र २१ गते हुने प्रतिनिधि र प्रदेशसभाको चुनावमा उम्मेदवार र उनका आफन्त समर्थकले गर्दा फेसबुक, ट्विटर, युट्युव, भाइबर, इन्स्टाग्रामलगायत सामाजिक सञ्जालमा चुनावको व्यापक प्रचारप्रसार भएको छ। पछिल्लो समय ७ नम्बर प्रदेशको डोटीलगायतका विभिन्न जिल्लामा उम्मेदवारहरूले पार्टी र उम्मेदवार जिताउ अभियान सञ्चालन गरेका छन्।

डोटीमा उम्मेदवार तथा तिनका सर्मथकहरूले वाम गठबन्धनका प्रेमबहादुर आलेमगर, चक्र मल्ल तथा त्रिलोचन भट्ट जिताउ भन्ने खालका पेज खोलेका छन् भने कांग्रेसका वीरबहादुर बलायर, भरत खड्का र योगेन्द्र शाही उम्मेदवार जिताउ अभियान जस्ता धेरै अभियानहरू अहिले सामाजिक सञ्जालमा छरिएका छन्। यतिमात्र नभई डोटीमा उम्मेदवारहरूलाई जिताउने एप्स र उनीहरूको प्रोफाइल बनाउने लहर चलेसँगै बल्ग स्पोटजस्ता समाचार लेख्ने अनलाइनसमेत खोलिएका छन्।

समाजिक सञ्जालमा प्रायः सबै जोडिने भएकाले प्रचारप्रसार प्रभावकारी हुने देखिँदा यो अभियान सञ्चालन गरेको वाम गठबन्धनतर्फका प्रतिनिधिसभाका उम्मेदवार तथा एमाले वैकल्पिक केन्द्रीय सदस्य प्रेमबहादुर आलेमगरले बताउनुभयो। उहाँले भन्नुभयो- 'अहिलेको जमाना भनेको अनलाइनको जमाना हो, सबैको भेटघाट हुने र सबैले हेर्ने भनेको अनलाइन भएकाले हामीले पनि अनलाइन अभियानको सहयोग लिएका हौं।'

डोटीलगायत यहाँका अन्य जिल्लामा केही समयअघिसम्म परम्परागत शैलीमा चुनावी प्रचारप्रसार गरिए तापनि पछिल्लो समय ती प्रचारप्रसारहरू सामाजिक सञ्जालहरूमा केन्द्रित भएका हुन्। चुनावलाई लक्षित गर्दै उम्मेदवारहरूले धमाधम फेसबुक पेजहरू खोल्न र लाइक बढाउन थालेका छन्।

राजनीतिक दलहरूले पनि चुनाव लक्षित गर्दै आफ्नो फेसबुक पेजमा चुनावी गीत, भिडियो, घोषणापत्रलगायतका प्रचारप्रसारका सामग्री राख्न थालेका छन्। परम्परागत चुनावी प्रचारभन्दा पनि सूचना प्रविधिले अझ प्रभावकारी हुने वाम गठबन्धनका प्रदेशसभाका उम्मेदवार तथा माओवादी केन्द्रका डोटी अध्यक्ष त्रिलोचन भट्टले बताउनुभयो। अघिल्ला वर्षहरूको चुनावमा उम्मेदवार राजनीतिक दलहरूले घोषणापत्र छापेर, पर्चा पम्प्लेट टाँसेर भोट माग्ने गर्दथे तर यसपालि घोषणापत्र सार्वजनिक हुनुभन्दा पहिला नै आफ्नो चुनावी धारणा, योजना सामाजिक सञ्जालमार्फत व्यक्त गरेर भोट मागेकाले सबै जनतालाई उनका कार्यक्रमहरू बुझ्न समस्या भएको स्थानीयबासी बताउँछन्।


## हार्दिक श्रदाञ्जली



जन्म
१९८१/७/१९

स्वर्गारोहण
२०७४/६/१८

**स्व. नानथकु महर्जन**

यस अग्नि बचत तथा ऋण सहकारी संस्था लि.का संस्थापक सदस्य श्री रमेश डंगोलकी पूजनीय हजुरआमा **नानथकु महर्जन**को देहावसान भएको खबरले अग्नि बचत तथा ऋण सहकारी संस्था लि.का हामी सम्पूर्ण परिवार अत्यन्त दुखित भएका छौं । देहावसान भएको आज ४५ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्रदान होस् भनी श्री पशुपतिनाथसँग प्रार्थना गर्दछौं ।

**बाबुराजा महर्जन**
**अध्यक्ष**
**एवंम सहकारी परिवार**

अग्नि बचत तथा ऋण सहकारी संस्था लिमिटेड
AGNI SAVING AND CREDIT CO-OPERATIVE LTD.
**अग्निशाल, ललितपुर-१९**

## हार्दिक श्रद्धाञ्जली



स्व. वृहस्पति निरौला
जन्म : १९९१/०१/०६
स्वर्गारोहण : २०७४/०७/२०

**यस गुठीका सदस्य श्री चुडामणी निरौलाका पुजनिय पिता स्व. वृहस्पति निरौलाको दुःखद निधन भएको आज १२ औ दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति एवं मोक्ष्य प्राप्तिको कामना गर्दै दिवंगत आत्मा प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौ ।**

**हाम्रो धर्म संस्कृति तथा रितीरिवाज अनुसारको सामुहिक गुठी बि ब्लक कुलेश्वर काठमाडौं ।**



नेपाल सरकार
**स्वास्थ्य मन्त्रालय**
**राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र**
टेकु , काठमाडौ, फोन नं. :४२५४२७१

**सिलवन्दी दरभाउपत्र आव्हानको**

**पून सूचना प्रकाशन मिति: २०७४/०८/०१**

यस केन्द्रको आ.ब.२०७४/०७५ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार **किशोर किशोरी तथा प्रजनन स्वास्थ्य सम्बन्धी आठ वटा बुकलेट भएको बुकलेट सेट छपाई** कार्य गर्नुपरेको हुंदा सो कार्य गर्न इच्छुक ईजाजत प्राप्त प्रेस, छापाखाना,फर्म/एजेन्सी/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएकोछ ।

१. दरभाउपत्र फाराम रु. १०००।- नगद (फिर्ता नहुने गरी) तिरी खरिद गर्नुपर्नेछ । दरभाउपत्रफाराम खरिद गर्नको लागि दरभाउपत्रदाताले २०७५ साल आषाढ मसान्तसम्म नवीकरण भएको इजजाजत पत्र, व्यवसायी दर्ता, स्थायी लेखा नम्बर (मूल्य अभिबृद्धिकर सहित) प्रमाणपत्रको प्रमाणित प्रतिलिपी तथा आ.व.२०७३।०७४ को करचुक्ता वाम्याद थप बुझाएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।
२. दरभाउपत्र फाराम सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र यस केन्द्रबाट खरिद गर्न सकिनेछ ।
३. दरभाउपत्र भरी सिलबन्दी गरेर यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे भित्र यस केन्द्रमा बुझाउनु पर्नेछ ।
४. म्याद भित्र दर्ता भएका दरभाउपत्रहरु १६ औं दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधिको रोहबरमा खोलिनेछ । प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
५ दरभाउपत्र खरिद गर्ने र बुझाउने अन्तिम दिनमा सार्बजनिक बिदा परेमा कार्यालय खुलेको दिनलाई अन्तिम मिति मानिने छ ।
६. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने आदि सम्पुर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहनेछ ।
७. यो दरभाउपत्रको मान्य हुने अवधि ४५ दिन हुनेछ ।
८. दरभाउपत्रको साथ रु. २४,८७५।- (अक्षरुपी चौविस हजार आठसय पचहत्तर रुपैयाँ) कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाडौको राष्ट्रिय वाणिज्य बैंक, टेकू स्थित धरौटी खाता नं. १७००२०३, कार्यालय कोड नं. २७-३७०-१८ मा जम्मागरी **उल्लेखित धरौटी रकम दरभाउपत्रको सुचना प्रकासन भएको मिति देखी दरभाउपत्र बुझाउने अन्तिम मिति भित्र धरौटी जम्मा गरी दाखिला गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।** बिडबण्डको हकमा दरभाउपत्र बुझाउने अन्तिम मिति देखि कम्तीमा ७५ दिनको म्याद भएको मान्यता प्राप्त बाणिज्य बैंकको हुनुपर्नेछ । बिदेशी बैंकको ग्यारेन्टी भएमा नेपाली बैंकबाट Endorsed भएको हुनुपर्नेछ ।
९. यस केन्द्रको छाप र अधिकार प्राप्त अधिकृतको दस्तखत भएको दरभाउपत्र फाराम खरिद गर्नु पर्नेछ ।
१०. यो दरभाउपत्र सम्बन्धी अन्य केहि कुराहरु बुझ्नुपरेमा यस केन्द्रमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ।
११. यो सूचनामा उल्लेख भएका कुराहरु प्रचलित ऐन नियमहरुसंग नबाझेको हदसम्म दरभाउपत्र फाराममा यसै अनुसार र अन्य कुराहरु दरभाउपत्र फाराम, प्रचलित ऐन नियमहरु र सार्बजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार हुनेछ ।

# विश्व

## ममी

पुरातत्वविदहरूले इजिप्टमा फेला पारेको सुन लेपन गरिएको र निलो मास्क लगाइएको राम्रो सुरक्षित रहेको ममी।



## अन्त्योष्टी

प्रथम विश्व युद्धमा फ्रान्समा मारिएका दुई अज्ञात भारतीय सैनिकको अन्तिम संस्कार गर्दै एक हिन्दू पुजारी।





**विश्व २ मिनेट**

### फ्रान्स

## सय वर्षपछि अन्त्योष्टी

पेरिस, (एजेन्सी)

फ्रान्सको एउटा सानो गाउँ लाभेन्टीमा सय वर्षपछि दुई भारतीय सैनिकको अन्त्योष्टी गरिएको छ। भारतीय र फ्रान्सेली सैनिकहरू उपस्थित रहेको उक्त अन्त्योष्टी समारोहमा हिन्दू पुजारीको व्यवस्था गरिएको थियो। शव राखिएको कफिनलाई भारतको झण्डा ओढाइएको थियो भने पण्डितहरूले हिन्दू मन्त्रोचारण गरेका थिए। उनीहरूको शव सन् २०१६ मा एउटा ढल फराकिलो गर्ने क्रममा फेला पारिएको थियो। उनको वर्दीमा ३९ अंक उल्लेख गरिएको र ती सैनिक ३९ रोयल गढवाल राइफल्सको एउटा रेजिमेन्टको हिस्सा थिए। उक्त रेजिमेन्टले बेलायती उपनिवेश कालमा प्रथम विश्व युद्धका क्रममा फ्रान्समा युद्धमा भाग लिएका थिए।

### अमेरिका

## दोस्रो नजिकको ग्रह

केप केनभेराल, (एजेन्सी)

खगोलशास्त्रीहरूले पृथ्वी आकारको एउटा नजिकै नयाँ ग्रह पत्ता लगाएका छन्। उक्त ग्रहको एक वर्ष भनेको पृथ्वीको १० दिनबराबरको मात्र रहेको छ। ११ प्रकाशवर्ष दूरीमा रहेको रोस १२८बी सौर्य मण्डलबाट बाहिर अहिलेसम्म फेला परेका मध्ये दोस्रो नजिकको ग्रह हो। जसको सतहको तापक्रम हाम्रो धर्तीकै जति हुने सम्भावना बलियो रहेको जनाइएको छ। रोस १२८ बी उसको ताराको अन्त्यन्त नजिक छ , त्यसैले उसको कक्ष पनि छोटो छ। तर उक्त रातो बामन तारा चिसो भएकाले उसले धरै तापक्रम ब्यहोर्नुपर्दैन। तारा शान्त देखिन्छ, त्यसको अर्थ उसले कुनै प्रकारको रेडिएसन उत्सर्जन गर्दैन।

### जिम्बाबे

## राजनीतिक संकट

हरारे, (एजेन्सी)

जिम्वावेका अपदस्थ राष्ट्रपति रोवर्ट मुगाबेको समस्याबारे छलफल गर्न बिहीबार दक्षिण अफ्रिकी सरकारका मन्त्रीहरू राजधानी हरारेमा भेला भएका छन्। अघिल्लो दिन सेनाले मुगाबेलाई नजरबन्दी बनाएको थियो। तिनीहरूले जिम्बाबेमा ३७ वर्ष शासन गर्ने मुगाबेको भविष्यबारे सहमतिमा पुग्ने प्रयास गरिरहेका छन्। दि साउदर्न अफ्रिकन डेभलेपमेन्ट कम्युनिटीको पनि आपतकालीन बैठक बस्ने भएको छ। तर केही सूत्रले मुगाबेले पदबाट राजीनामा नदिने अडान लिइरहेको जनाएका छन्। मुगाबेले आफू अझै वैधानिक राष्ट्रपति रहेको दाबी गरिरहेको केही संचार माध्यमले जनाएका छन्।

### अमेरिका

## कूटनीतिज्ञ खसे

न्युयोर्क, (एजेन्सी)

एकजना अस्ट्रेलियाली कूटनीतिज्ञको अमेरिकाको न्युयोर्कमा साथीहरूसँग रामाइलो गरिरहेका बेला एउटा भवनको बार्दलीबाट खसेर मृत्यु भएको प्रहरीले जनाएको छ। न्युयोर्क प्रहरीले ३० वर्षीय जुलियन सिम्पसनको म्यानह्याटनको एउटा भवनको सातौं तल्लाबाट खसेर दोस्रो तल्लामा बजारिएर मृत्यु भएको पुष्टि गरेको छ। अमेरिकी सञ्चार माध्यमले खस्नुअघि उनी एकजना साथीसँग 'ट्रस्ट गेम' खेलिरहेको बताइएको छ। सिम्पसन संयुक्त राष्ट्र संघका लागि अस्ट्रेलियाको सहायक कूटनीतिज्ञ हुन्। तत्कालै अस्पताल पुर्‍याइएका उनलाई चिकित्सकहरूले मृत घोषित गरेका थिए।

# प्योङयाङद्वारा अमेरिकालाई पहिले हतियार त्याग्न आग्रह



सोल, (एजेन्सी)

उत्तर कोरियाले बुधबार यदि अमेरिकाले पहिले आफ्नो आणविक हतियार त्यागेको खण्डमा आफूले पनि त्यसको अनुशरण गर्ने जनाएको छ। उत्तर कोरियाको वर्कर्स पार्टीको मुखपत्र रोडोङ सिन्मुनले राष्ट्रको नेतृत्वले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई अमेरिकाको शक्तिशाली र ठूलो आणविक हतियार नष्ट गर्न र निशस्त्रीकरण नीति अवलम्वन गर्न चेतावनी दिएको हो।

उत्तर कोरियाले अमेरिकाले सर्वोच्च नेता किम जोङ उनको सत्ता पल्टाउने सन्त्रासकै कारण आमविनाशकारी हतियार थुपार्नु परेको दाबी गरेको छ। हुन पनि अमेरिकाले उत्तरले आणविक हतियार विकास कार्यक्रम नत्यागेको खण्डमा किमलाई अपदस्थ गराउने चेतावनी दिँदै आएको छ। अमेरिकी धम्कीलाई मात ख्वाउने उद्देश्यले नै उत्तरले अन्तर महादेशीय क्षेप्यास्त्र विकास गरेको सिन्मुनले जनाएको छ।

यसैबीच फिलिपिनी राष्ट्रपति रोड्रिगो डेटेर्टेले उत्तर कोरियासँगको सैनिक द्वन्द्वले संसारमै महाविनाश निम्त्याउने राजधानी मनिलामा आयोजित एक सम्मेलनमा बताएका छन्। ट्रम्पको १२ दिने एसियाली मुलुकको भ्रमण सकिन लागेका बेला डुटेर्टेले यदि अन्तरमहादेशीय क्षेप्यास्त्र विस्फोट हुने हो भने पृथ्वीमा मानव जातिकै अन्त्य हुने जनाएका छन्। ट्रम्पले पूर्वनिर्धारित कार्यक्रममा नभए पनि दक्षिण र उत्तर कोरियाबिचको असैनिक क्षेत्रको पनि भ्रमण गर्न खोजेका थिए। तर हुस्सु लागेको मौसमका कारण सो भ्रमण रद्द गरिएको हो। यसै गरी सिन्मुनले ट्रम्पले गत साता सोलमा विधायकहरूलाई सम्बोधन गर्ने क्रममा उत्तर कोरिया विरुद्ध अभिव्यक्त गरेका कुराहरूलाई लिएर उनले नराम्रो परिणाम भोग्नुपर्ने चेतावनी दिएको छ।

# दा भिन्चीको पेन्टिग कीर्तिमानी लिलामी





न्युयोर्क, (एजेन्सी)

अमेरिकाको न्युयोर्कमा जिसस क्राइस्टको शताब्दियौं पुरानो पेन्टिग ४५ करोड डलरमा एक ग्राहकले किनेका छन्। इसामसिहको उक्त ५ सय वर्ष पुरानो पेन्टिगको नाम 'साल्भाडोर मुन्डी' (धर्तीका संरक्षक) हो र यसलाई लियोनार्दो दा भिन्चीले बनाएका थिए।

उक्त पेन्टिगको लिलामीले विश्वमा अहिलेसम्मको सबैभन्दा महंगो कलाकृति बनेको कीर्तिमान बनाएको छ। चर्चित कलाकार लियोनार्डो दा भिन्चीको सन् १५१९ मा निधन भएको थियो। विश्वमा उनले त्यतिबेला बनाएका २० भन्दा कम मात्र पेन्टिग बाँकी छन्।

खरिदकर्ताले उक्त पेन्टिगका लागि करिब ४५ करोड डलर दिएर किनेका छन्। यद्यपि पेन्टिग किन्ने व्यक्तिको नाम गोप्य राखिएको छ। न्युयोर्कमा लिलामीका क्रममा खरिदकर्ताले २० मिनेटसम्म टेलिफोनमा कुरा गर्दे पेन्टिगका लागि ४० करोड अमेरिकी डलरको अन्तिम बोली लगाएका थिए।

अन्य शुल्कसँग यसको मूल्य ४५ करोड डलर पुगेको हो। कुनै बेला उक्त पेन्टिगलाई ६० डलरमा लिलाम गरिएको थियो। त्यतिबेला उक्त पेन्टिग दा भिन्चीका कुनै शिष्यले बनाएको अनुमान गरिएको थियो।

अहिलेसम्म पनि यो लियोनार्दो दा भिन्ची कै पेन्टिग हो भन्ने विषयमा आम सहमति बनेको छैन। एक जना विश्लेषकले यो एकै समयमा नयाँ र पुरानो लाग्ने गरेकाले उक्त पेन्टिगको सतहमा अहिलेसम्म धेरैपटक काम भइसकेको बताए।

भल्चर डटकममा जेनी साल्ट्जले लेखेकी छिन्- यदि कुनै निजी संग्रहकर्ता यो पेन्टिग किनेर आफ्नो अपार्टमेन्टको स्टोरमा राख्छ भने उसका लागि ठिकै हो।

उक्त पेन्टिग १५ शताब्दीमा इंल्यान्डका राजा चार्ल्स प्रथमको सम्पत्तिका रूपमा रहेको मानिएको छ। ४ वर्षअगाडि मात्रै रुसी संग्रहकर्ता दिमित्री इ रयाबोलोब्लेवले उक्त पेन्टिग १२ करोड ७० लाखमा किनेका थिए। १९औं शताब्दीको पेन्टिग र अन्य कलाकृतिको क्षेत्रमा विशेषज्ञ डाक्टर टिम हन्टरले उक्त पेन्टिगलाई २१औं शताब्दीको सबैभन्दा खोज भएको कृति भएको बताए।


"Success for Personal Touch"

# लिलाम बिक्री बारे ३५ दिने अत्यन्त जरुरी सार्वजानिक सूचना

नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित मिति २०७४/०८/०१ गते, शुक्रवार

यस सुप्रिम बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मुख्य कार्यालय कुमारीपाटी ललितपुरबाट कर्जा लिनु भएका तपशिल बमोजिमका ऋणी सदस्यहरु तथा सो मा धनजमानी बस्नु हुने सवै धनजमानीकर्ता सदस्यहरुका लागि यो ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तपाईहरुले यस संस्थाबाट लिनु भएको/धनजमानी वस्नु भएको कर्जाको भाखा नाघेको, साँवा ब्याज बुझाउन नल्याउनु भएको र पटक पटक लिखित तथा मौखिक तर ताकेता गर्दा समेत हाल सम्म संस्थालाई तिर्नु पर्ने साँवा ब्याज तथा हर्जाना रकम बुझाउन नआउनु भएको हुँदा मिति २०७४/०६/०८ गतेको नेपाल समाचारपत्र पत्रिकामा ३५(पैंतिस) दिने सार्वजनिक सुचना प्रकाशित गरिएकोमा सो समय सिमा भित्र समेत ऋण तिर्न नआउनु भएको हुँदा यस संस्थामा धितोमा रहेको अचल सम्पत्ती बिक्री गर्न यो ३५ दिने लिलाम बिक्री सम्बन्धि अत्यन्त जरुरी सार्वजनिक सुचना प्रकाशित गरिएको छ।

अत : यो सुचना प्रकाशित भएको मितीले ३५ दिन भित्र यस संस्थाको कार्यालयमा सम्पर्क राखि बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना सहितको सम्पुर्ण रकम चुक्ता गरी बुझाउनु होला/बुझाउन लगाउनु होला अन्यथा तपाई ऋणी, जमानी दिनेको नाम समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने लगायतका कानूनी कारवाही समेत अवलम्बन गरी यो सुचना प्रकाशित भएको ३६ औं दिन (सो दिन बिदा परेमा सो को भोलीपल्ट) धितोमा रहेको अचल सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलाम बिक्री गरी संस्थाले आफ्नो लेना रकम असुल उपर गर्ने र लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पुर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन २०७४, यस संस्थाको विनियमावली बमोजिम ऋणी तथा धनजमानी कर्ताहरुको अन्य चल अचल सम्पत्तीबाट धितोले नखामेको बक्यौता रकम असुल उपरको लागि कानूनमा व्यवस्था भएका अन्य कारवाहीहरु समेत गरी असुल उपर गरिने व्यहोरा जानकारी गराईन्छ। लिलाम सकार गरी लिन इच्छुक महानुभावहरुले यसै सुचनालाई आधार मानी लिलाम प्रकृयामा सहभागी हुन आब्हान गरिन्छ। लिलामी प्रक्रीयामा कोही सहभागी नभए वा लिलामी उपर संस्थालाई चित्त नबुझेमा प्रचलित कानुन बमोजिम संस्थाले आफै सकार गरीलिन सक्ने छ। लिलाम सकार गर्न दिने, नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।

| क.स. | ऋणीको नाम ठेगाना र फोटो | धितोको विवरण |
|---|---|---|
| १. | <br>नाम : **सुरेन्द्र राज चम्लागाई**<br>बाबु : किसन लाल चम्लागाई<br>बाजे : मोतीखर चम्लागाई<br>ना.प्र.न.: ११४७०, जि.प्र.का. झापा<br>स्थायी ठेगाना : दमक-०९, झापा<br>अस्थायी ठेगाना :<br>का.म.न.पा.-२२, सुन्धारा, काठमाडौं | तारा ढुङ्गेलको नाममा दर्ता रहेको जिल्ला झापा, मधुमल्ला-६, स्थित कि.नं. १३०८, १७३३ र १७३२ को क्षेत्रफल ०-१०-०-०, ०-४-१०-० र ०-०-१०-०, जिल्ला झापा, तोपगाछी-६, स्थित कि.नं. १३८ को क्षेत्रफल ०-१५-०-० र जिल्ला ईलाम, चुलाचुली-२, स्थित कि.नं. ४५ र २५१ को क्षेत्रफल ५६२५ व.मी. र २१८० व.मी. घरजग्गाहरु तथा सम्पुर्ण लिगलिगापात समेत । |

**धनजमानीकर्ताको नाम ठेगाना तथा फोटो**


१. नाम : **तारा ढुङ्गेल**
बुबा : रोहित प्रसाद ढुङ्गेल
बाजे : तुलसी प्रसाद ढुङ्गेल
पति : सुरेन्द्र राज चम्लागाई
ना.प्र.न.: ५६९५, जि.प्र.का. झापा
स्थायी ठेगाना : दमक-१३, झापा
अस्थायी ठेगाना : का.म.न.पा.-२२, सुन्धारा, काठमाडौं


३. नाम : **मिना देवी चम्लागाई**
पति : किसन लाल चम्लागाई
ससुरा : मोतीखर चम्लागाई
ना.प्र.न.: ४६६२४७०३, जि.प्र.का. झापा
स्थायी ठेगाना : खजुरगाछी-०८, झापा
अस्थायी ठेगाना :
का.म.न.पा.-२२, सुन्धारा, काठमाडौं


२. नाम : **किसन लाल चम्लागाई**
बुवा : मोतीखर चम्लागाई
बाजे : अग्नीधर चम्लागाई
ना.प्र.न.: १६९२/९८४२२, जि.प्र.का.झापा
स्थायी ठेगाना : खजुरगाछी-०८, झापा
अस्थायी ठेगाना :
का.म.न.पा.-२२, सुन्धारा, काठमाडौं


४. नाम : **कुम्भज गिरी**
बुवा : टेकराज गिरी
ससुरा : नारायण गिरी
ना.प्र.न.: १४३०८, जि.प्र.का. गुल्मी
स्थायी ठेगाना : भरभुङ-०१, गुल्मी
अस्थायी ठेगाना :
धापाखेल-०१, खुमालटार, ललितपुर

| क.स. | ऋणीको नाम ठेगाना र फोटो | धितोको विवरण |
|---|---|---|
| २. | <br>नाम : **तारा ढुङ्गेल**<br>बुबा : रोहित प्रसाद ढुङ्गेल<br>बाजे : तुलसी प्रसाद ढुङ्गेल<br>पति : सुरेन्द्र राज चम्लागाई<br>ना.प्र.न.: ५६९५, जि.प्र.का. झापा<br>स्थायी ठेगाना : दमक-१३, झापा<br>अस्थायी ठेगाना :<br>का.म.न.पा.-२२, सुन्धारा, काठमाडौं | तारा ढुङ्गेलको नाममा दर्ता रहेको जिल्ला झापा, मधुमल्ला-६, स्थित कि.नं. १३०८, १७३३ र १७३२ को क्षेत्रफल ०-१०-०-०, ०-४-१०-० र ०-०-१०-०, जिल्ला झापा, तोपगाछी-६, स्थित कि.नं. १३८ को क्षेत्रफल ०-१५-०-० र जिल्ला ईलाम, चुलाचुली-२, स्थित कि.नं. ४५ र २५१ को क्षेत्रफल ५६२५ व.मी. र २१८० व.मी. घरजग्गाहरु तथा सम्पुर्ण लिगलिगापात समेत । |

**धनजमानीकर्ताको नाम ठेगाना तथा फोटो**


१. नाम : **सुरेन्द्र राज चम्लागाई**
बाबु : किसन लाल चम्लागाई
बाजे : मोतीखर चम्लागाई
ना.प्र.न.: ११४७०, जि.प्र.का. झापा
स्थायी ठेगाना : दमक-०९, झापा
अस्थायी ठेगाना :
का.म.न.पा.-२२, सुन्धारा, काठमाडौं


३.नाम : **मिना देवी चम्लागाई**
पति : किसन लाल चम्लागाई
ससुरा : मोतीखर चम्लागाई
ना.प्र.न.: ४६६२४७०३, जि.प्र.का. झापा
स्थायी ठेगाना : खजुरगाछी-०८, झापा
अस्थायी ठेगाना :
का.म.न.पा.-२२, सुन्धारा, काठमाडौं


२. नाम : **किसन लाल चम्लागाई**
बुवा : मोतीखर चम्लागाई
बाजे : अग्नीधर चम्लागाई
ना.प्र.न.: १६९२/९८४२२, जि.प्र.का. झापा
स्थायी ठेगाना : खजुरगाछी-०८, झापा
अस्थायी ठेगाना :
का.म.न.पा.-२२, सुन्धारा, काठमाडौं


४. नाम : **कुम्भज गिरी**
बुवा : टेकराज गिरी
ससुरा : नारायण गिरी
ना.प्र.न.: १४३०८, जि.प्र.का. गुल्मी
स्थायी ठेगाना : भरभुङ-०१, गुल्मी
अस्थायी ठेगाना :
धापाखेल-०१, खुमालटार, ललितपुर

| क.स. | ऋणीको नाम ठेगाना र फोटो | धितोको विवरण |
|---|---|---|
| ३. | <br>नाम : **मिना देवी चम्लागाई**<br>बाबु : श्री राम ढगांल<br>ससरु : मोतीखर चम्लागाई<br>पति : किसन लाल चम्लागाई<br>ना.प्र.न.: ४६६२४७०३, जि.प्र.का. झापा<br>स्थायी ठेगाना : दमक-०९, झापा<br>अस्थायी ठेगाना :<br>का.म.न.पा.-२२, सुन्धारा, काठमाडौं | तारा ढुङ्गेलको नाममा दर्ता रहेको जिल्ला झापा, मधुमल्ला-६, स्थित कि.नं. १३०८, १७३३ र १७३२ को क्षेत्रफल ०-१०-०-०, ०-४-१०-० र ०-०-१०-०, जिल्ला झापा, तोपगाछी-६, स्थित कि.नं. १३८ को क्षेत्रफल ०-१५-०-० र जिल्ला ईलाम, चुलाचुली-२, स्थित कि.नं. ४५ र २५१ को क्षेत्रफल ५६२५ व.मी. र २१८० व.मी. घरजग्गाहरु तथा सम्पुर्ण लिगलिगापात समेत । |

**धनजमानीकर्ताको नाम ठेगाना तथा फोटो**


१. नाम : **तारा ढुङ्गेल**
बुबा : रोहित प्रसाद ढुङ्गेल
बाजे : तुलसी प्रसाद ढुङ्गेल
पति : सुरेन्द्र राज चम्लागाई
ना.प्र.न.: ५६९५, जि.प्र.का. झापा
स्थायी ठेगाना : दमक-१३, झापा
अस्थायी ठेगाना : का.म.न.पा.-२२, सुन्धारा, काठमाडौं


३. नाम : **सुरेन्द्र राज चम्लागाई**
बाबु : किसन लाल चम्लागाई
बाजे : मोतीखर चम्लागाई
ना.प्र.न.: ११४७०, जि.प्र.का. झापा
स्थायी ठेगाना : दमक-०९, झापा
अस्थायी ठेगाना :
का.म.न.पा.-२२, सुन्धारा, काठमाडा र


२. नाम : **किसन लाल चम्लागाई**
बुवा : मोतीखर चम्लागाई
बाजे : अग्नीधर चम्लागाई
ना.प्र.न.: १६९२/९८४२२, जि.प्र.का. झापा
स्थायी ठेगाना : खजुरगाछी-०८, झापा
अस्थायी ठेगाना :
का.म.न.पा.-२२, सुन्धारा, काठमाडौं

| क.स. | ऋणीको नाम ठेगाना र फोटो | धितोको विवरण |
|---|---|---|
| ४. | <br>नाम : **किसन लाल चम्लागाई**<br>बुवा : मोतीखर चम्लागाई<br>बाजे : अग्नीधर चम्लागाई<br>ना.प्र.न.: १६९२/९८४२२, जि.प्र.का. झापा<br>स्थायी ठेगाना : खजुरगाछी-०८, झापा<br>अस्थायी ठेगाना :<br>का.म.न.पा.-२२, सुन्धारा, काठमाडौं | तारा ढुङ्गेलको नाममा दर्ता रहेको जिल्ला झापा, मधुमल्ला-६, स्थित कि.नं. १३०८, १७३३ र १७३२ को क्षेत्रफल ०-१०-०-०, ०-४-१०-० र ०-०-१०-०, जिल्ला झापा, तोपगाछी-६, स्थित कि.नं. १३८ को क्षेत्रफल ०-१५-०-० र जिल्ला ईलाम, चुलाचुली-२, स्थित कि.नं. ४५ र २५१ को क्षेत्रफल ५६२५ व.मी. र २१८० व.मी. घरजग्गाहरु तथा सम्पुर्ण लिगलिगापात समेत । |


१. नाम : **सुरेन्द्र राज चम्लागाई**
बाबु : किसन लाल चम्लागाई
बाजे : मोतीखर चम्लागाई
ना.प्र.न.: ११४७०, जि.प्र.का. झापा
स्थायी ठेगाना : दमक-०९, झापा
अस्थायी ठेगाना : का.म.न.पा.-२२, सुन्धारा, काठमाडौं


३. नाम : **मिना देवी चम्लागाई**
पति : किसन लाल चम्लागाई
ससुरा : मोतीखर चम्लागाई
ना.प्र.न.: ४६६२४७०३, जि.प्र.का. झापा
स्थायी ठेगाना : खजुरगाछी-०८, झापा
अस्थायी ठेगाना : का.म.न.पा.-२२, सुन्धारा, काठमाडौं


२. नाम : **तारा ढुङ्गेल**
बुबा : रोहित प्रसाद ढुङ्गेल
बाजे : तुलसी प्रसाद ढुङ्गेल
पति : सुरेन्द्र राज चम्लागाई
ना.प्र.न.: ५६९५, जि.प्र.का. झापा
स्थायी ठेगाना : दमक-१३, झापा
अस्थायी ठेगाना :
का.म.न.पा.-२२, सुन्धारा, काठमाडौं


४. नाम : **कुम्भज गिरी**
बुवा : टेकराज गिरी
बाजे : नारायण गिरी
ना.प्र.न.: १४३०८, जि.प्र.का. गुल्मी
स्थायी ठेगाना : भरभुङ-०१, गुल्मी
अस्थायी ठेगाना :
धापाखेल-०१, खुमालटार, ललितपुर

**लिलाम बिक्री सम्बन्धि शर्तहरू**

१) लिलामी बोलपत्र फारम संस्थाको मुख्य कार्यालय कुमारीपाटी ललितपुरबाट खरिद गरी लिन सकिने छ। खरिद गरि लिएका बोलपत्र फारम रितपुर्वक भरि पेश गर्नुपर्ने छ।
२) लिलाम प्रकृयामा भाग लिई सबै भन्दा बढि अंक बोली लिलाम बिक्रीको बोलपत्र स्वीकृत भएको ब्यक्ती एवं संस्थाले लिलाम सकार गरि लिन कबुल गरेको रकमको १० प्रतिशतका दरले हुन आउने रकम धरौटि स्वरुप बोलपत्र स्विकृत भएकै दिन कार्यालय समय भित्र यस संस्थाको खाता नं. ०१८१५०७४२५७ मा जम्मा गरि सो को सक्कल भौचर बोलपत्र साथ संलग्न राखि पेश गर्नुपर्नेछ।
३) लिलाम बिक्रीको बोलपत्र स्वीकृत भएको ब्यक्ती एवं संस्थाले लिलाम स्वीकृत भएको मितिले ७ दिन भित्र बाँकी ९० प्रतिशत रकम नबुझाएमा धरौटि रहेको रकम स्वतः जफत हुनेछ।
४) एउटा बोलपत्रमा एउटा मात्र खरिदको लागि प्रस्ताव पेश गर्न सकिनेछ।
५) लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ।
६) धितो सुरक्षण जे जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलाम बिक्री गरिनेछ।
७) धितो सुरक्षण सम्बन्धी कागजात कार्यालय समयमा संस्थामा सम्पर्क गरि अध्ययन गरि आवश्यक जानकारी लिन सकिने छ।
८) लिलाम बिक्रीको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस संस्थामा निहित हुनेछ।
९) बोलपत्र स्वीकृत भएपछि हक हस्तान्तरण गर्दा नियमानुसार लाग्ने दैदस्तुर, राजस्व आदी धितो सम्पत्ती सकार गरी खरिद गरि लिने व्यक्ति वा संस्थाले नै व्यहोर्नुपर्नेछ।
१०) बोलपत्र फारम रु २,०००/- पछि फिर्ता नहुने गरि जम्मा गरेपछि सम्बन्धित कार्यालय बाट बोलपत्र फारम उपलब्ध गराइनेछ।
११) उपरोक्त सम्बन्धमा थप अन्य कुनै कुरा बुझ्न परेमा संस्थाको मुख्य कार्यालय र सदस्य सेवा केन्द्र पुरानो बानेश्वरमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

**लिलामीको मिति, समय र स्थान**

**मिति**: २०७४/०९/०६ गते बिहिवार समय : दिउसो २:०० बजे **स्थान** : सुप्रिम बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मुख्य कार्यालय कुमारीपाटी ललितपुर

**सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि.**
**Supreme Saving and Credit Co-Operative Ltd.**

**Head Office:** Kumaripati-19, Lalitpur, Tel: 55 29 221, 50 08 613
**Member Service Centre:** Purano Baneshwor, Ktm., Tel: 01-44 89 660
**Email:** savingsupreme@yahoo.com, **Website:** www.supremesaving.com.np

"Always Superior in Saving & Credit"

{ नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले कम्युनिस्टहरूको एकता मुलुकको आवश्यकता भएकाले त्यसबाट तर्सिएको कांग्रेसलाई लोकतन्त्रवादी शक्तिसँग सहकार्य गर्न आग्रह गरे।

# राजावादी सलबलाए पूर्वराजा मौन

ईश्वरराज ढकाल, काठमाडौं

पूर्वराजा ज्ञानेन्द्रलाई भेट्न जाने राजावादीले सोध्न थालेका छन्। सरकार हजुर अगाडि बढ्नुपर्‍यो, हामी आन्दोलन गर्न तम्तयार छौं। तर पूर्वराजाले उनीहरूको कुरा सुन्ने मात्र गर्नुभएको छ, प्रतिक्रिया दिने गर्नुभएको छैन।

पूर्वराजा ज्ञानेन्द्रले भाइटीकाको दिन आफूलाई जनताले पत्याए शासन गर्न तयार रहेको बताएपछि राजाका पक्षमा देखिएका राजावादीहरू विज्ञप्ति निकाल्नेबाहेक केही गर्न सकेका छैनन्।

राजालाई प्रमुख पात्र ठान्ने विश्वहिन्दु महासंघका अध्यक्ष एवं पूर्वराजाका आफन्त भरतकेशरी सिंहसमेत चुप लागेर बस्नुभएको छ। पूर्वराजाले प्रतिक्रिया दिएको केही दिनपछि होटल अन्नपूर्णमा पत्रकार सम्मेलन गरी राजाको अभिव्यक्ति स्वागतयोग्य भनेको महासंघले हालसम्म कुनै कार्यक्रम गर्न सकेको छैन।

पूर्वराजालाई मान्ने केही राजावादीले राष्ट्रिय झन्डा बोकेर राजा आऊ देश बचाऊ भन्न थालेका छन्। विगत एक वर्षदेखि मातृभूमि संरक्षण नेपालले राष्ट्रिय झन्डा प्रदर्शन गर्दा समेत पूर्वराजाले न कुनै प्रतिक्रिया दिनुभएको न नत कुनै सहयोग नै गर्नुभएको छ।




'हामीले फागुन १० गने हनुमानढोकामा झन्डा प्रदर्शन गर्‍यौं, फागुन १५ मा कीर्तिपुरमा, फागुन २२ मा भक्तपुरमा राष्ट्रिय झन्डा प्रदर्शन गर्‍यौं, तैपनि पूर्वराजाबाट हामीलाई कुनै सहयोग भएन। यो शासन काम नलाग्ने भएपछि हामीले राजाको शासनको माग गर्दै आन्दोलन गर्‍यौं कसैले सहयोग गरेनन युवा विश्वहिन्दु महासंघका अध्यक्ष राजन मर्हजनले भन्नुभयो।

राजाका नजिक ठान्नेहरूले के के गरे, हामीलाई थाहा छैन महासंघका अध्यक्ष महर्जनले भन्नुभयो- 'हामी त पूर्वराजाको शासन ल्याउनका लागि आन्दोलन गरिरहेका छौं, उनीहरूले के गरे थाहा छैन।'

'हामी त आफ्नै पैसा हालेर झन्डा किन्छौं, थोरबहुत रकम संकलन गरेर राजाको समर्थनमा जुलुस निकाल्छौं, तर राजावादीहरूले केही गर्न सकेका छैनन् ' -महर्जनले भन्नुभयो।

'अहिले पूर्वराजा निर्मल निवासमा आफ्ना कर्मचारी र भेटघाट गर्न आउने केही नजिकका नातेदारहरूको कुरा सुन्नेबाहेक अन्य कुनै काम गर्न छाड्नुभएको छ' -निर्मल निवास स्रोतले भन्यो।

पूर्वराजावादीले पूर्वराजाको समर्थनमा देशका विभिन्न स्थानमा जुलुस निकाले कतै मैनबत्ती बालेर राजाको अभिव्यक्तिको स्वागत गरे तर आफूलाई पूर्वराजाको नजिक ठान्ने कसैले केही गर्न नसकेको केही राजावादीको आरोप छ। युवा विश्वहिन्दु महासंघका अध्यक्ष महर्जनले राजतन्त्र फर्काउन आफूहरूले आन्दोलन शुरू गरेको दाबी गर्नुभयो। 'हामी एक वर्षदेखि पूर्वराजाको समर्थनमा स्वतन्त्र रूपमा आन्दोलन गरिरहेका छौं, राजावादीहरू चुपचाप बसिरहेका छन्।

स्वतन्त्र नागरिकको एक समूहले राजाको शासनको माग गर्दै आज मंसिर १ गते पाटनढोकादेखि हुनमानढोकासम्म झन्डा जुलुस निकाल्ने भएका छन्। राजाका समर्थकको सो भेलामा थप कार्यक्रम तय गर्ने योजना छ' -उहाँले भन्नुभयो ।

# विद्यार्थी यौन र मादक पदार्थको कुलतमा फस्दै

भगवती तिमल्सिना, काठमाडौं

विश्वका विकसित मुलुकले धेरै पहिलादेखि बालबालिकाको स्वास्थ्यमा ध्यान दिएर खानपान, रहनसहन, विद्यालयको वातावरण, शिक्षा, स्वास्थ्यमा ध्यान दिँदै आएका भए पनि नेपाललगायतका मुलुकमा भने बालबालिका कै लागि केन्द्रित भएर खासै खानेकुरा, स्वास्थ्य सेवा प्रवाह हुन सकेको पाइन्न।

यसै विषयमा स्वास्थ्य अनुसन्धान परिषद्ले नेपाली विद्यार्थीको विषयमा स्वास्थ्य सर्वेक्षण गरी हालैमात्र उक्त रिपोर्ट सार्वजनिक गरेको छ। उक्त सर्वेक्षणमा उल्लेख गरिएको छ- 'वयस्क अवस्थामा हानिकारक व्यवहार परिवर्तन गर्नु र रोगको निवारण तथा उपचार गर्नुभन्दा बाल्यकालदेखि नै स्वस्थ व्यवहार अपनाउनु धेरै सहज र प्रभावकारी हुन्छ।'

रिपोर्टमा भनिएको छ- 'किशोर-किशोरी र युवाको स्वास्थ्य प्रवर्द्धनमा विद्यालयको विशेष भूमिका रहने गर्दछ। यी उमेर समूहका स्वास्थ्यको महत्त्वलाई मध्यनजर राख्नुपर्दछ भन्ने मान्यताका साथ नेपाललगायतका मुलुकले पनि पछिल्लो समय जोखिम व्यवहारको रोकथामका लागि केही कदम चालेका छन्।

यसै सन्दर्भमा नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले सर्ने भन्दा नसर्ने रोगको दीर्घकालीन जोखिमलाई समेत किशोर-किशोरीमाझ कसरी प्रभावकारी बनाउन सकिन्छ भनी विद्यालयस्तरका कक्षा ७ देखि कक्षा ११ सम्मका विद्यार्थीका माझ गरेको सर्वे प्रभावकारी हुने विश्वास लिएको परिषद्का अध्यक्ष डा.अञ्जनीकुमार झा बताउनुहुन्छ।

सर्वेक्षण परिमाणात्मक विधि र क्रमरहित विधि अपनाइ ७४ वटा विद्यालयका कक्षा ७ देखि ११ का विद्यार्थीमाझ गरिएको थियो। सन् २०१५ मा गरिएको उक्त सर्वेक्षणमा मादक पदार्थ सेवन, सुर्तीजन्य पदार्थ तथा लागूपदार्थ प्रयोग, सरसफाई, मानसिक स्वास्थ्य, शारीरिक व्यायाम, यौन तथा प्रजनन स्वास्थ्य, एचआईभी, हिंसासम्बन्धी प्रश्न समावेश गरिएको र विद्यार्थीबाट आएका उत्तर र व्यवहारबाट ठोस निष्कर्ष निकालिएको डा.झा बताउनुहुन्छ।

सर्वेक्षणमा ६ हजार ५ सय २९ जना विद्यार्थीले भाग लिएका थिए। जसमा ५१ दशमलव ३ प्रतिशत छात्रा र ४८ दशमलव ७ प्रतिशत छात्र रहेका थिए।

जसमा उमेर समूहको आधारमा विभाजन गर्दा ६४ दशमलव २ प्रतिशत किशोरकिशोरी १३ देखि १५ वर्ष उमेर समूहका थिए भने २१ दशमलव ५ प्रतिशत १६ देखि १७ वर्ष उमेर समूहका रहेका थिए।

यसमा ५ दशमलव ५ प्रतिशतले मादकपदार्थ (जाँड, रक्सी) सेवन गरेको पाइएको थियो। जसमा किशोर ७ दशमलव १ प्रतिशत र किशोरी ३ दशमलव ७ प्रतिशत रहेका थिए।

सर्वेक्षणमा सहभागीमध्ये मादक पदार्थ सेवन गर्नेमध्येका ७४ दशमलव ६ प्रतिशत किशोर-किशोरीले १४ वर्षको उमेर नहुँदैदेखि पहिलो पटक मादक पदार्थ सेवन गरिसकेको देखिएको रिपोर्टमा उल्लेख गरिएकोछ।

अझ डरलाग्दो र तत्काल सुधार गर्नुपर्ने पाटोका रूपमा देखा परेको अर्को अवस्था भनेको मानसिक स्वास्थ्य समस्या रहेको पनि सर्वेक्षणमा देखिएको छ। मानसिक स्वास्थ्यसम्बन्धी तथ्यांकले ६ दशमलव ६ प्रतिशत किशोर-किशोरीले विगत १२ महिनाको अवधिमा सधैंजसो एक्लोपना महसुस गरेको र कतिपयले आत्महत्या गर्ने सोच बनाई प्रयाससमेत गरेको पाइएकाले यसको समाधानका लागि तत्काल घरपरिवार र विद्यालयका तर्फबाट थप ध्यान दिनुका साथै स्वास्थ्य सुधारका लागि राज्यले विशेष व्यवस्था गर्नुपर्ने देखिएको प्रतिवेदनमा उल्लेख गरिएको छ।

यसरी विरक्तिएका ९ प्रतिशत किशोर किशोरीले सूर्तीजन्य पदार्थ पनि सेवन गरिसकेका पाइएको थियो। सर्वेक्षणमा सहभागी १० दशमलव ९ प्रतिशत किशोर किशोरीमा पोषणको कमी भएका कारण कम तौल भएको पाइएको जनाएको छ।

सहभागी किशोरकिशोरीले सर्वेक्षणका क्रममा राखिएका प्रश्नावलीका क्रममा १ महिनाअघि मात्र फलफूल खाएको उल्लेख गरेका थिए। सर्वेक्षणमा सहभागीमध्ये ४ प्रतिशतले खाना खानुभन्दा अघि कहिल्यै हात धुने नगरेको या विरलै मात्र धुने गरेको जनाएका थिए।

यसका साथै ५० प्रतिशत किशोर-किशोरी सर्वेक्षणका अवधिमा शारीरिक रूपमा निष्क्रिय थिए।

## पश्चिम...

२०६८ साल फागुनमा ऊर्जा मन्त्रालय र सीडब्लूईबीच भएको सम्झौताअनुसार ६ महिनाभित्र आयोजनाको अध्ययन सकेर एक वर्षभित्रमा जेभीए गरिसक्ने कुरा उल्लेख थियो। सम्झौताको करिब ६ वर्षपछि जेभीए प्रक्रियाले पूर्णता पाएसँगै आयोजना अगाडि बढ्नेमा केही आशा देखिएको छ। यसअघि सरकारले सन् १९९४ मा अस्ट्रेलियन कम्पनी स्मेकलाई सर्वेक्षणको अनुमतिपत्र दिए पनि कम्पनी र सम्बन्धित निकायको समन्वय हुन नसक्दा सन् २०११ मा खारेज गरिएको थियो।

आयोजनाबाट डोटी, डडेल्धुरा, बझाङ र बैतडी गरी ४ जिल्लाको ४ हजार २ सय ५० वर्गकिलोमिटर क्षेत्रफल प्रभावित हुनेछ। सन् २००७ मा एसियाली विकास बैंकले गरेको वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) अनुसार आयोजनाका लागि १ सय ९६ मिटर अग्लो ड्याम निर्माण गरिनेछ। साविकका ३० वटा गाविस र २ वटा नगरपालिका आयोजनाबाट प्रभावित हुने देखिन्छ। १ खर्ब ६० अर्ब रुपियाँ लागत अनुमान गरिएको आयोजनाको ७ सय ५० मेगावाट क्षमताको खपत गर्न सक्ने मुलुकको क्षमता, जलाशययुक्त आयोजनाको ऊर्जा खरिद सम्झौता, खरिद दरबारे नीतिगत व्यवस्था, जग्गा अधिग्रहण, पुन:स्थापना, पुनर्वास, प्रसारणलाइन निर्माणको विषय भने अझै बाँकी रहेको छ।

# नेपालमा अब कहिल्यै नाकाबन्दी हुन सक्दैन : *ओली*



दुर्गाप्रसाद शर्मा, पर्वत

नेकपा(एमाले)का अध्यक्ष केपी शर्मा ओलीले देशमा नेपालमा कहिल्यै पनि नाकाबन्दी हुन नसक्ने बताएका छन्। संयुक्त वाम गठबन्धन निर्वाचन परिचालन समिति पर्वतले कुस्मा बजारमा आयोजना गरेको चुनावीसभालाई सम्बोधन गर्दै उत्तर र दक्षिणका नाका खोलिएका कारण अब नेपालमा नाकाबन्दी हुनै नसक्ने बताएका हुन्।

वाम गठबन्धनले चुनाव जितेपछि नाकाबन्दी हुन्छ भनेर हौवा फैलाइएको बताउँदै अध्यक्ष ओलीले भने- 'उत्तर-दक्षिणका नाका खोलिएका छन्, कसैले चाहेर पनि नाकाबन्दी हुन सक्दैन।' उनले उत्तर तर्फ खोलिएका नाकाहरू पुग्ने मोटरबाटो अब पक्की बनाएपछि उत्तर-दक्षिणमा सहज व्यापार गर्न सक्ने उनको भनाइ थियो। ओलीले आफू प्रधानमन्त्री हुँदा मुस्ताङ र तिब्बत जोड्ने कोरल्ला नाका पुग्ने बाटोका लागि ३ अर्ब ६० करोड रुपियाँ बजेट समेत विनियोजन गराएको बताउँदै ३ वर्षभित्र कालोपत्रे गरिसक्ने आश्वासन पनि दिए।

मध्यपहाडी लोकमार्ग पूरा भएपछि यस क्षेत्रको आर्थिक र सामाजिक क्षेत्रमा ठूलो परिवर्तन ल्याउँदै उनले काठमाडौंदेखि पोखरा सम्म आउने रेललाई कुस्मा हुँदै बेनी पुर्‍याउने बताए। 'पोखरासम्म आउने रेललाई कुस्मा हुँदै बेनी पुर्‍याउने छौं', उनले भने- 'यसका लागि केही वर्ष मात्रै लाग्छ।'

यसैगरी सभालाई सम्बोधन गर्दै नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नेताहरूले समयमा निर्णय गर्न सक्ने हो भने सय ५० वर्षको समयलाई अगाडि ल्याउन सकिने बताए। उनले कम्युनिस्टहरूको एकता मुलुकको आवश्यकता भएकाले त्यसबाट तर्सिएको कांग्रेसलाई लोकतन्त्रवादी शक्तिसँग सहकार्य गर्न आग्रह गरे। 'कम्युनिस्टहरूलाई विभाजित गरेर शासन गर्ने सपना नदेख्नुस्', उनले भने- 'अब कम्युनिस्टहरूले ५० वर्ष मुलुकमा शासन गर्छन्, मुलुकमा आमूल परिर्वतन ल्याउँछन्।' उनले कम्युनिस्टहरूको एकता बहुमतको सरकारलाई मात्रै नभई राजनैतिक स्थिरताका लागि भएको पनि स्पष्ट पारे।


## सम्झौता गर्न आउने वारेको सूचना

**प्रकाशित मिति २०७४।०८।०१**

सिद्धिचरण नगरकार्यपालिका उद्योग विकास शाखा ओखलढुंगाको चालु आ.व. २०७४/०७५ सालको गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गर्न मिति २०७४।०५।२६ गते प्रकाशित सूचना अनुसार प्रारम्भिक छनौटमा परेका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुले पेश गरेको प्राविधिक र आर्थिक प्रस्तावको मूल्यांकन गर्दा देहाय बमोजिम संस्था छनौट भएको व्यहोरा जानकारी गराईन्छ, साथै छनौट भएको संस्थालाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सम्झौता गर्न आउन मिति २०७४।०७।३० गते बसेको जिल्ला उद्यम विकास समिति ओखलढुंगाको निर्णयानुसार सूचित गरिन्छ । म्याद भित्र सम्भौता गर्न नआएमा कानुन बमोजिम भैजाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपशिल**

**छनौटमा परेको संस्था**

१) सगरमाथा राष्ट्रिय विकास मञ्च, ओखलढुंगा

**बैकल्पिक संस्था**

१) ग्रामिण विकास समाज ओखलढुंगा र मेघा मल्टि प्रपोज टेनिङ्ग इन्स्टिच्युट प्रा.लि., रौतहट (जे.भी.)

२) उद्यम विकास सेवा समाज, रामेछाप

**कपिल बहादुर अधिकारी**
**सदस्य-सचिव**
**जिल्ला उद्यम विकास समिति, ओखलढुंगा**
**सचिवालय : सिद्धिचरण नगर कार्यपालिकाको कार्यालय**
**उद्योग विकास शाखा, ओखलढुंगा**



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड
को

## धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशन मितिः- २०७४/०८/०१

तपसिलमा उल्लेखित ऋणीहरुले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साविक नेपाल हाउसिङ्ग एण्ड मर्चेण्ट फाईनान्स लि.) बाट विभिन्न शिर्षक अन्तर्गत लिएको ऋण कर्जा तथा बैंकिङ सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न तपाईलाई मिति वि.सं. २०७३/०२/२६ र वि.सं. २०७३/०३/१५ मा आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा मिति वि.सं. २०७४/०१/२२ मा हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा ऋण कर्जा चुक्ता भुक्तान गर्न जारी गरेको १५(पन्ध्र) दिने सूचना तथा मिति वि.सं.२०७३/०४/३१ र वि.सं. २०७४/०५/१२ मा अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्तासमेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधरणको जानकारीको लागि यो १५ दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आह्वान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ औ दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड प्रधान कार्यालय, नारायणहिटी पथ, काठमाण्डौमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी खोलिनेछ। सो अवधिमा ईच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ।

**तपसिल**

**१) कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष कर्जा**

ऋणीको नाम : अमृता चालिसे
बाबु : केदार नाथ चालिसे
पति : कविराज के.सी. खत्री
ठेगाना : का.म.न.पा. - ६, काठमाडौं
ना.प्र.नं. : २३४४५



| धितो राखिएको सम्पत्ति विवरण | |
|---|---|
| धनीको नाम | अमृता चालिसे |
| जिल्ला | काठमाडौं |
| क्षेत्र | कपन |
| वडा नं | ५ |
| कि.नं. | २२२ |
| क्षेत्रफल (व.मी) | ९५.३७ |
| कैफियत | सो जग्गामा निर्माण भएको तथा भविष्यमा निर्माण हुने घर र सो को लिग लगापात समेत। |

**२) कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष कर्जा**

ऋणीको नाम : कविराज के.सी. खत्री
बाबु : सानु बाबु खत्री
बाजे : चन्द्र बहादुर के.सी.
ठेगाना : कपन - ५, काठमाडौं
ना.प्र.नं. : ९९१२/३५४४९



जमानीकर्ताको नाम र ठेगाना
नाम : सानु बाबु खत्री
बाबु : चन्द्र बहादुर के.सी.
बाजे : नर बहादुर खत्री
ठेगाना : कपन - ५, काठमाडौं
ना.प्र.नं. : १००४७/२०३६/१/२९



धितो राखिएको सम्पत्ति विवरण

| धनीको नाम | जिल्ला | क्षेत्र | वडा नं | कि.नं. | क्षेत्रफल (विगाहा) | कैफियत |
|---|---|---|---|---|---|---|
| कविराज के.सी. खत्री | झापा | ज्यामिरगढी | ५ | ५० | ०-१६-१५-० | सो जग्गामा निर्माण भएको तथा भविष्यमा निर्माण हुने घर र सो को लिग लगापात समेत। |

**३) कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष कर्जा**

ऋणीको नाम : प्रकाश नवाछें श्रेष्ठ
बाबु : प्रेम कृष्ण नवाछें श्रेष्ठ
बाजे : जगत बहादुर श्रेष्ठ
ठेगाना : मध्यपुर ठिमी न.पा. वडा नं. - १३, भक्तपुर
ना.प्र.नं. : १७८३४



धितो राखिएको सम्पत्ति विवरण

| सि.नं. | धनीको नाम | जिल्ला | क्षेत्र | वडा नं | कि.नं. | क्षेत्रफल (व.मी) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | प्रकाश नवाछें श्रेष्ठ | झापा | दमक न.पा. | १३ | ६९ | ७५९.१८ | सो जग्गामा निर्माण भएको तथा भविष्यमा निर्माण हुने घर र सो को लिग लगापात समेत। |

**४) कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष कर्जा**

ऋणीको नाम : मुक्तिनाथ गौतम
बाबु : फौद प्रसाद गौतम
बाजे : मनोरथ गौतम
ठेगाना : लखनपुर - २, रामेछाप
ना.प्र.नं. : ७५९१/२११०४५/६२५४



| धितो राखिएको सम्पत्ति विवरण | |
|---|---|
| धनीको नाम | मुक्तिनाथ गौतम |
| जिल्ला | झापा |
| क्षेत्र | दमक न.पा. |
| वडा नं | १३ |
| कि.नं. | ६८ |
| क्षेत्रफल (व.मी) | ७५९.१९ |
| कैफियत | सो जग्गामा निर्माण भएको तथा भविष्यमा निर्माण हुने घर र सो को लिग लगापात समेत। |

**५) कर्जा शिर्षक : सिटिजन्स् अधिविकर्ष कर्जा**

ऋणीको नाम : लक्ष्मी गोतामे
बाबु : रत्न बहादुर अधिकारी
पति : शेर बहादुर गोतामे
ठेगाना : कटलपौवा - १, धादिङ्ग
ना.प्र.नं. : ३७५०



जमानीकर्ताको नाम र ठेगाना
नाम : शेर बहादुर मगर
बाबु : कृष्ण बहादुर थापा मगर
बाजे : ईश्वरी बहादुर मगर
ठेगाना : कालिका देवी-९, ओखलढुंङ्गा
ना.प्र.नं. : ९८०



धितो राखिएको सम्पत्ति विवरण

| सि.नं | धनीको नाम | जिल्ला | क्षेत्र | वडा नं | कि.नं. | क्षेत्रफल (व.मी) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | लक्ष्मी गोतामे | काठमाण्डौं | सुन्टोल | ९ग | ३१५ | ७६३।११ | सो जग्गामा निर्माण भएको तथा भविष्यमा निर्माण हुने घर र सो को लिग लगापात समेत। |

**६) कर्जा शिर्षक : सिटिजन्स् अधिविकर्ष कर्जा**

ऋणीको नाम : एभरेष्ट कृषि फर्म प्रा.लि.
रजिष्टर्ड ठेगाना : का. जि. का.म.न.पा. वडा नं. २२, सुन्धारा
रजिष्ट्रेसन नं. : ८६७३७/०६८/०६९ (कम्पनी रजिष्ट्रारको कार्यालय)
पान नं. : ६००३७९७७७

जमानीकर्ताको नाम र ठेगाना
नाम : शेर बहादुर मगर
बाबु : कृष्ण बहादुर थापा मगर
बाजे : ईश्वरी बहादुर मगर
ठेगाना : कालिका देवी-९, ओखलढुंङ्गा
ना.प्र.नं. : ९८०



धितो राखिएको सम्पत्ति विवरण

| सि.नं | धनीको नाम | जिल्ला | क्षेत्र | वडा नं | कि.नं. | क्षेत्रफल (रोपनी) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | शेर बहादुर मगर | काठमाण्डौं | सुन्टोल | ८ड | १८२ | १-०-०-० | सो जग्गामा निर्माण भएको तथा भविष्यमा निर्माण हुने घर र सो को लिग लगापात समेत। |

**७) कर्जा शिर्षक: सिटिजन्स् अधिविकर्ष कर्जा**

ऋणीको नाम: शेर बहादुर मगर
बाबु : कृष्ण बहादुर थापा मगर
बाजे : ईश्वरी बहादुर मगर
ठेगाना : कालिका देवी(९, ओखलढुंङ्गा
ना.प्र.नं. : ९८०



| धितो राखिएको सम्पत्ति विवरण | |
|---|---|
| धनीको नाम | शेर बहादुर मगर |
| जिल्ला | काठमाण्डौं |
| क्षेत्र | सुन्टोल |
| वडा नं | ९ग |
| कि.नं. | ३२२ |
| क्षेत्रफल (व.मी) | ५०८।७४ |
| कैफियत | सो जग्गामा निर्माण भएको तथा भविष्यमा निर्माण हुने घर र सो को लिग लगापात समेत। |

**८) कर्जा शिर्षक : सिटिजन्स् अधिविकर्ष कर्जा**

ऋणीको नाम : लोक नाथ सुबेदी
बाबु : खेम राज सुबेदी
बाजे : ईन्द्र लाल सुबेदी
ठेगाना : गौरीगन्ज - ५, झापा
ना.प्र.नं. : ९२४०



जमानीकर्ताको नाम र ठेगाना
नाम : शेर बहादुर मगर
बाबु : कृष्ण बहादुर थापा मगर
बाजे : ईश्वरी बहादुर मगर
ठेगाना : कालिका देवी-९, ओखलढुंङ्गा
ना.प्र.नं.: ९८०



धितो राखिएको सम्पत्ति विवरण

| सि.नं | धनीको नाम | जिल्ला | क्षेत्र | वडा नं | कि.नं. | क्षेत्रफल (व.मी) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | लोक नाथ सुबेदी | काठमाण्डौं | सुन्टोल | ९ग | ३१६ | ७६३।११ | सो जग्गामा निर्माण भएको तथा भविष्यमा निर्माण हुने घर र सो को लिग लगापात समेत। |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

**लिलाम बिक्रीको वारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुन: लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा ५७ को उपदफा ७ का अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

**लिलाम खोलिने मिति :- २०७४/०८/१८**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड, प्रधान कार्यालय, नारायणहिटी पथ, दरबारमार्ग, काठमाण्डौ ।**

Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA




# काठमाडौंमा कांग्रेसलाई साख जोगाउन मुस्किल

दोस्रो चरणअन्तर्गत मंसिर २१ गते निर्वाचन हुने काठमाडौंको चुनावी माहोल अझै तातिसकेको छैन्। मुलुकको राजधानीसमेत रहेको काठमाडौंमा उम्मेदवारहरू घरदैलो र कोणसभा गर्दै चुनाव प्रचारप्रसारमा जुट्न थालेसँगै यहाँ चुनावी माहोल विस्तारै बढ्दै भने गएको छ। प्रदेश नम्बर ३ अन्तर्गत पर्ने काठमाडौं जिल्लामा रहेका १० वटा क्षेत्रमध्ये कांग्रेसले ९ वटा क्षेत्रमा आफ्नो उम्मेदवार उठाएको छ भने एउटा क्षेत्रमा गठबन्धनका तर्फबाट राप्रपालाई सघाउने भनेको छ।

प्रतिनिधिसभातर्फ कांग्रेसले काठमाडौं क्षेत्र नम्बर १ मा प्रकाशमान सिंह, २ मा दीपक कुइकेल, ३ मा अम्बिका बस्नेत, ४ मा गगन थापा, ५ मा डा. प्रकाशशरण महत, ६ मा भीमसेनदास प्रधान, ८ मा नवीन्द्रराज जोशी, ९ मा ध्यानगोविन्द रञ्जित र १० मा राजनकुमार केसीलाई उम्मेदवार बनाएको छ। यीमध्ये केही कांग्रेसका प्रभावशाली नेता छन्। प्रतिनिधिसभातर्फ कांग्रेसले जित्ने दाबी गरेको ७२ सिटमध्ये काठमाडौंमा ४ सिट जित्ने अनुमान गरेको छ।

आन्तरिक रुपमा गुट उपगुटमा विभाजित कांग्रेस एक ढिक्का भएर चुनावमा होमिएको जनाए पनि टिकट वितरणमा भएको असन्तुष्टि प्रकट गर्दै काठमाडौंमा कांग्रेस (वीपी) को नाममा समेत केही नेताले उम्मेदवारी दिएका छन्। विकल्प शक्तिका रुपमा देखा पर्न लागेका विवेकशील साझा पार्टीका प्रभावशाली नेताले पनि काठमाडौंमा उम्मेदवारी दिएका छन्। स्थानीय निर्वाचनमा वैकल्पिक शक्ति र आन्तरिक विवादका कारण अन्य जिल्लामा जस्तै काठमाडौंमा पनि अनपेक्षित हार व्यहोरेको कांग्रेसलाई २१ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन पनि सकस भएको छ। प्रारम्भिक अनुमानमै कांग्रेसले जितको आकलन गरेको काठमाडौंका केही क्षेत्र भने विवेकशील साझा पार्टी प्रमुख चुनौतीका रुपमा देखिएको छ। प्रमुख वाम घटक दल नेकपा एमाले र माओवादी केन्द्र संयुक्त चुनावी मोर्चामा होमिएका बेला काठमाडौंका केही क्षेत्रमा विवेकशील साझा पार्टीको चुनावी प्रचारप्रसार आक्रमक भएसँगै जित निश्चित भनिएका क्षेत्रमा पनि कांग्रेस अत्तालिएको छ।

काठमाडौं क्षेत्र नम्बर १ का उम्मेदवार प्रकाशमान सिंह यस क्षेत्रका चर्चित उम्मेदवार हुन्। गणेशमान सिंहका लिगेसी मात्र हैन कांग्रेस राजनीतिमा आफ्नो छुट्टै पहिचान बनाइसकेका कांग्रेसका पूर्वमहामन्त्रीसमेत रहेका सिंहले आफ्नो क्षेत्रमा प्रतिस्पर्धी नै नभएको बताइरहेका छन्।



यही क्षेत्रमा विवेकशील साझा पार्टीका चर्चित उम्मेदवार रवीन्द्र मिश्र चुनावी मैदानमा छन्। वाम गठबन्धनका तर्फबाट उम्मेदवार बनेका माओवादी नेता अनील शर्माको भन्दा बढी चर्चा भइरहेको मिश्रको भनाइ पनि सिंहको जस्तै चुनावी मैदानमा आफूले हार्ने कुनै संकेत नभएको भन्ने छ। काठमाडौं क्षेत्र नम्बर २ मा वाम गठबन्धनका तर्फबाट एमालेका नेता एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल चुनावी मैदानमा छन्। कांग्रेस नेता कुइँकेललाई आफ्ना प्रमुख प्रतिपक्ष उम्मेदवार नेपाललाई पाखा लगाउन हम्मेहम्मे पर्ने छ। यही क्षेत्रमा विवेकशील साझा पार्टीले डा. सूर्यराज आचार्यलाई उम्मेदवार बनाएको छ।

काठमाडौं क्षेत्र नम्बर ३ मा नेपाली कांग्रेसले मन्त्री अम्बिका बस्नेतलाई उठाएको छ भने वाम गठबन्धनका तर्फबाट एमालेका जिल्ला अध्यक्ष कृष्ण राईलाई उठाएको छ। यो क्षेत्र एमालेको पकेट क्षेत्र हो।

काठमाडौंका चर्चित क्षेत्रमध्ये क्षेत्र नम्बर ४ र क्षेत्र नम्बर ५ पनि पर्दछन्। क्षेत्र नम्बर ४ मा वाम गठबन्धनबाट एमालेका डा. राजन भट्टराई र विवेकशील साझाबाट सबुना बस्नेत चुनावी मैदानमा छन्। चुनावी प्रचारप्रसारलाई तीव्रता दिइरहेका भट्टराई र बस्नेतको तुलनामा कांग्रेसका उम्मेदवार थापा यो क्षेत्रमा बलियो उम्मेदवार भएको अनुमान गरिएको छ। क्षेत्र नम्बर ५ मा भने कांग्रेसका डा. प्रकाशशरण महतलाई चुनाव जित्न सजिलो नभएको बताइन्छ। यसअघि कांग्रेस नेता नरहरी आचार्यले चुनाव जित्दै आएको यो क्षेत्रमा वाम गठबन्धनका तर्फबाट एमालेका प्रभावशाली नेता ईश्वर पोखरेल र विवेकशील साझाका संयोजक उज्ज्वल थापा चुनावी मैदानमा छन्। प्रमुख प्रतिस्पर्धी वाम गठबन्धनका उम्मेदवार पोखरेल नै हुने अनुमान गरेको कांग्रेसले विवेकशील साझा पार्टीले कति मत लैजान्छ भन्ने अनुमान गर्न सकेको छैन।

मतदाताको घरदैलो अभियानमा गइरहेका काठमाडौं क्षेत्र नम्बर ८ का कांग्रेस उम्मेदवार नवीन्द्रराज जोशी आफूले जित्नेमा ढुक्क भएको भन्दै नेपाल समाचारपत्रसँग भन्नुभयो- 'यो क्षेत्रमा सधैं मतदाताका घरदैलोमा पुगेको छु। साथै यहाँका जनताको दु:ख कष्टमा साथ दिनुका साथै विकास निर्माणमा पनि आफूले पुऱ्याएको योगदानका बारेमा यहाँका जनतालाई राम्रोसँग थाहा छ।' जहिले पनि यो क्षेत्रबाट चुनाव जित्दै आएका जोशीले चुनावी मैदानमा आफ्ना प्रमुख प्रतिद्वन्द्वी वाम गठबन्धनका जीवनराम श्रेष्ठ नै हुने बताउनुहुन्छ।

त्यस्तै क्षेत्र नम्बर ९ मा कांग्रेसका ध्यान गोविन्द रञ्जित र एमालेका कृष्ण गोपाल श्रेष्ठबीच कडा प्रतिस्पर्धा हुने देखिएको छ। यहाँ अहिले माओवादी र एमालेबीच चुनावी तालमेल भएकाले श्रेष्ठको पल्लाभारी भएको बताइएको छ।

यसअघि सम्पन्न संविधानसभा निर्वाचनमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' लाई हराएर चर्चामा आएका काठमाडौं क्षेत्र नम्बर १० का उम्मेदवार राजनकुमार केसी यो पटक अझै फराकिलो मत अन्तरले आफू विजयी हुने बताउनुहुन्छ। यो क्षेत्रमा वाम गठबन्धनका तर्फबाट माओवादी केन्द्रका हितमान शाक्य चुनावी मैदानमा छन्। सत्तारुढ दल नेपाली कांग्रेसलाई काठमाडौंमा पुरानो साख जोगाउन मुस्किल परिरहेको सन्दर्भमा काठमाडौं जिल्लाका पूर्वसभापति एवं क्षेत्र नम्बर ६ का उम्मेदवार भीमसेनदास प्रधान भन्नुहुन्छ- 'स्थानीय चुनावको परिणाम र वाम गठबन्धनका कारण काठमाडौंमा कांग्रेसलाई अप्ठेरो परेको भनिए पनि अनपेक्षित मत ल्याएर कांग्रेस विजयी हुन्छ।'



# 'निष्ठा र क्षमता नै जित्ने आधार'

आउँदो मंसिर २१ हुने प्रतिनिधिसभाको निर्वाचनमा ललितपुर क्षेत्र नं १ मा वाम गठबन्धनका साझा उम्मेदवारका रूपमा नेकपा एमालेबाट **नवराज सिलवाल**ले प्रतिस्पर्धा गर्दै हुनुहुन्छ। प्रहरी नायब महानिरीक्षकबाट अवकाश लिएर राजनीतिमा प्रवेश गर्नुभएका उम्मेदवार सिलवालसँग नेपाल समाचारपत्रका लागि **सुनील महर्जन** र **सुरेश तामाङ**ले गरेको कुराकानीको सम्पादित विवरण :

**तपाईंको उम्मेदवारी किन ?**

म चुनाव लडेको निर्वाचन क्षेत्रमा अधिकांश जनता गरिबीको मारमा छन्। राज्यको स्रोत र साधनबाट विमुख छन्। जनता राज्यका पहुँचसम्म पुग्न नसकेका मुद्दा छन्। आर्थिक रुपमा परिवार, व्यक्तिलाई स्वावलम्बन नबनाइकन यो विकासका जतिसुकै कुरा गरे पनि त्यसले जनताको जीवनस्तमा खासै प्रभावित पार्ने भएन। सडक बनाउने भनियो। सडक बनायो। सडकमा धुलो छ। सडक वरपरका घरका मान्छे पूरै रोगी भएका छन्। बिहान उठ्नेबित्तिकै स्वच्छ हावाको सट्टा धुलो खान बाध्य छन्। अब विकासका नाममा मान्छेको स्वास्थ्य खराब हुने स्थिति भएको छ। विकासलाई योजना बनाएर सन्तुलित रुपमा गर्नुपर्ने हो त्यो देखिएन। कृषि पेसा निर्वाहमुखी हिसाबले गरिरहेका छन्। उद्योगधन्दा छैनन्। भूकम्पपीडित अझै पनि पालमुनि बास बस्न बाध्य छन्। उनीहरूले राज्यबाट पाउनुपर्ने किस्ता पाउन सकिरहेका छैनन्। र त्यो ठाउँसम्म हामीले चुनेर पठाएका जनप्रतिनिधिसमेत पुग्न सकेका छैनन्। भोट माग्न मात्रै त्यस ठाउँमा पुग्ने गर्दछन्। त्यसपछि पुग्दैनन्। यसमा उनीहरूमा वितृष्णा उत्पन्न भएको छ। त्यसलाई चिरेर कृषिमा पर्यटनका सम्भावनाहरू, विद्युत्का सम्भावनाहरूमा सहकारीसँग माइक्रो क्रेडिट जोडेर प्रत्येकको घरघरमा महिलालाई पनि उत्प्रेरित गर्नुपर्दछ। उनीहरूले पनि आफैं काम गर्न सक्ने बनाउने भनेर आर्थिक समृद्धिको नारालाई मैले महत्त्वपूर्ण रुपमा उठाएको हुँ।

जहाँ स्वास्थ्यचौकी छन् त्यहाँ स्वास्थ्य कर्मचारी छैनन् अथवा कर्मचारी छन् औषधी छैन। ललितपुरको दक्षिण भेगका बासिन्दा कर्णालीजस्तै बत्तीमुनिको अँध्यारोमा छन्। अझै पनि त्यहाँका महिलाहरू सुत्केरी हुन अस्पताल सही समयमा पुग्न नसकेर बीच बाटोमा प्राण त्याग्नुपरेको दुरावस्था ज्युँका त्युँ छन्। त्यसकारण स्वास्थ्य, शिक्षाका कुरा, स्वच्छ पिउने पानीका कुरालगायतका राज्यले नागरिकलाई नदिईश नहुने आधारभूत कुरा जोड्ने, गाउँमै बसेर पनि समृद्धि ल्याउन सकिने भएकाले त्यहीं विकास भएको कृषि खेतीलाई आधुनिक प्रविधिसँग जोडेर आर्थिक समृद्धि ल्याउनका लागि सहयोग गर्न मैले उम्मेदवारी दिएको हुँ।

**तपाईं लामो समय राज्यको एउटा महत्त्वपूर्ण निकाय नेपाल प्रहरीमा काम गर्नुभएको व्यक्ति। त्यतिबेला दक्षिण भेगका जनताको कष्टकर अवस्था वा राज्यको विभेदको अनुभूति गर्नुभएको थियो त ?**

मैले यसरी नजिकबाट हेरेको थिइनँ। मैले शान्ति सुरक्षाको कोणबाट मात्र हेर्थें। त्यसकारण यहाँ राज्यको सेवा सुविधाबाट वञ्चित, पीछडिएका, जनप्रतिनिधिको पहुँचबाट बाहिर रहन्छ होला भन्नेचाहिँ सोचेको थिइनँ।

**अहिलेको विन्दुबाट हेर्दाखेरी राज्यको बनोट कस्तो पाउनुभयो त ?**

यही जिल्ला सदरमुकामबाट ३०/३५ किमिका गाउँमा त यस्तो स्थिति छ भने, बाहिरको अवस्था कस्तो होला ? राज्य त खालि सिंहदरबारभित्र मात्रै सीमित रहेर बसेको छ। राज्य पहुँचवालाहरूमा मात्रै पुग्ने। जो गरिब छ, निमुखा छ, जो कुनै समूहमा सक्रिय रुपमा छैन। त्यसता जनता धेरै छन्, जो मजदुर छन्, किसान छन्। ती तहका जनता राज्यका पहुँचभन्दा बाहिर भएको अनुभुति भएको छ। त्यो अत्यन्तै दु:खद कुरो हो। राज्यको यस्तो पराकाष्ठा उदासीनता देख्दा एक किसिमले दु:ख पनि लागेको छ भने अर्को कुरा यसलाई जोडेर अगाडि जानुपर्दछ र यसलाई फेरि जहाँ-जहाँ खाली ठाउँ छन्, त्यसलाई भरेर जानुपर्दछ भन्ने सकारात्मक सोच पनि मैले अगाडि बढाउँदै लगेको छु।

**तपाईंले घरदैलो अभियान शुरू गर्नुभएको छ। यस क्रममा जनताको आकांक्षा के-कस्तो पाउनुभएको छ ?**

यस भेगका जनताले हामीले चुनेर पठाएका उम्मेदवार सुख दु:ख पर्दा बारबार घरदैलोमा आइपुगोस्। हाम्रा समस्या सुनोस्। विकासका कुरा अगाडि बढाइयोस्, सामाजिक सवालका विषयमा छलफल गरोस्। फेरि अर्को ५ वर्षपछि भोट माग्न आउँदा गर्न नसक्ने सपना बाँड्नुको सट्टा गर्न सक्ने काम मात्रै भनोस्। गर्न सक्ने कुरामा मात्रै प्रतिबद्धता दियोस् भन्ठान्नुहुन्छ। त्यसकारण मैले एकदमै ठूल्ठूला कुरा गरेको छैन। मैले सामान्य रुपमा कृषिलाई प्रविधिमा जोडेर अगाडि बढन सक्छौं। त्यस्तै अर्को पर्यटनको सम्भावना रहेका स्थानमा होमस्टेको प्रवर्द्धन गरेर आर्थिक आर्जन गर्न सकिन्छ। हाम्रा युवालाई त्यहीं रोजगारी सिर्जना गर्न सकिन्छ। मासखण्ड, दलचोक जस्ता पर्यटनका उच्च सम्भावना बोकेका अनेकन ठाउँ छन् जहाँ राज्यको लगानी मात्रै होइन स्थानीय निजी लगानीकर्तालाई उत्साहित गरेर व्यवस्थित ढंगले गरियो भने पनि विकासलाई मजबुत बनाउन सकिन्छ। महिलाहरुलाई आर्थिक रुपमा सशक्त बनाउनका लागि पनि जोड दिनुपर्दछ। किनकि यसो भएमा महिला भोलि उत्पीडन र शोषणमा पर्ने सम्भावना रहन्न।

**निर्वाचनमा तपाईंले किन जित्नै पर्दछ ?**

आर्थिक समृद्धिका लागि अगाडि बढ्नुपर्ने जति पनि समस्या छन् त्यसका लागि आर्थिक समृद्धिका सवाललाई अगाडि बढाउनका लागि, सुशासनका मुद्दाहरू स्थापित गर्नका लागि, सामाजिक न्याय स्थापना गर्नका लागि, युवाहरू विदेसिनुपर्ने बाध्यता छन्, उनीहरूलाई गाउँ फर्काएर यहीं रोजगारी सिर्जना गर्दै विदेश कमाउनेभन्दा बढी यहीं कमाउन सक्ने खालका वातावरण बनाउन, यहीं नै उत्पादन भएका कृषि सामग्रीलाई बजारीकरण गर्न, र समग्र यस भेगको भौतिक विकासका लागि निकासीका माध्यम खोल्नका लागि सक्षम रहेको हुनाले मैले यस क्षेत्रमा जित्न आवश्यक छ। किनकी यो सबै काम मेरो जितले सम्भव छ। अरुले यो काम गर्न सक्दैन। अरुले त सपना बाँड्दै हिँड्ने मात्रै हुन्।

**तपाईं लामो समयसम्म प्रहरी सेवामा हुनुहुन्थ्यो, तपाईं राजनीतिमा आउनुको मुख्य कारणचाहिँ के हो त ?**

म राजनीतिमा आउनुको कुनै खास कारण छैन। यो परिस्थितिले ल्याएको परिणाम मात्रै हो। परिस्थितिले मलाई राजनीतिमा ल्यायो, यो एउटा कुरा भयो। अर्को कुरा, म अर्कै दुनियाँमा थिए। तर उद्देश्य एउटै थियो। देश र जनतालाई नि:स्वार्थ सेवा दिइरहने। देश र जनतालाई सेवा गर्न त्यो सीमित मात्रै हुन्थ्यो भने यो अलि बृहत्तर भाग हो भन्ने मलाई लागेको छ। त्यसकारण मैले राजनीतिमा आएर राम्रै काम गरेको छु जस्तो लागिरहेको छ। यो बेला मलाई जनताको आशा र भरोसा छ। यो कुनै नवराज सिलवालको सवाल होइन, पूरै मुलुकको सवाल हो, यो समृद्धिलाई अगाडि पुऱ्याउने सवाल हो। लोकतन्त्रलाई संस्थागत रुपमा अगाडि बढाउने सवाल, संविधान कार्यान्वयन गर्ने सवाल हो, समग्रमा राष्ट्रिय सार्वभौमसत्ता, मुलुकको पहिचान र प्रतिष्ठा छ हाम्रो नागरिकको, त्यसलाई बढाउने सवाल भएकाले त्यसमा मेरो भूमिका रहन्छ र जुन राजनीतिप्रति युवापिँढीको अनि जनमानसको आम वितृष्णा छ त्यसलाई चिरेर राजनीति भनेको पवित्र सेवा हो। यसमा लागेर पनि सेवा गर्न सकिन्छ भन्ने कुरा स्थापित गराएर राजनीतिप्रति सकारात्मक सोच जनतासम्म पुऱ्याउन सकियो भने मेरो योगदान ठूलो हुन्छ भन्ने लाग्छ।

**तपाईं राजनीतिमा आउँदा अरू राष्ट्रिय दल पनि थिए। तपाईंचाहिँ एमालेमा प्रवेश गर्नुको कारणचाहिँ के होला ?**

म जतिखेर अदालतमा एक्लै पूरै लडिरहेको थिएँ। राज्य सञ्चालक र देशका प्रमुख पार्टीले मप्रति जुन व्यवहार देखाइरहेका थिए। त्यसमा अदालतको समेत निर्णय नमान्ने भएपछि, सरकारले नै न्यायिक स्वतन्त्रतामाथि धावा बोल्ने कार्य भइसकेपछि विपक्षी दलले आवाज उठायो। विधिको शासनको अभ्यास गरिरहेको मुलुकका पार्टी र सरकारले अदालतको आदेशलाई मान्नुपर्दछ, लोकतन्त्रमा यसरी जानुहुँदैन भनेर सशक्त आवाज उठायो। यो आवाजले म एक्लै लडिरहेका बेला मलाई सहारा मिलेको जस्तो भयो। मेरो पक्षमा आवाज उठाएका कारणले गर्दा म यो पार्टीप्रति प्रभावित भएर आवद्ध भएको हो।

**तपाईंका मुख्य चुनावी एजेन्डा के-के हुन् ? मैले यो यो कामलाई पहिलो प्राथमिकता दिन्छु भन्ने केही सोच्नुभएको छ ?**

प्राथमिकताको कुरा गर्दाखेरी आधारभूत रुपमा विकासका पूर्वाधारलाई जोड्नु पऱ्यो। आर्थिक समृद्धिलाई अगाडि लैजानका लागि कृषिलाई आधुनिकीकरण गर्ने, कृषि प्राविधिकको व्यवस्था गर्ने, आधुनिक कृषिबाली, माटो परीक्षण गरी खेती गर्न प्रणालीको विकास, प्रांगारिक खेतीलाई निरन्तरता, कृषि पर्यटनलाई प्रवर्द्धन गर्ने, पर्यटनमा पदमार्गको विकास र विस्तार गर्ने, होमस्टेको प्रशस्त विकास गर्नेजस्ता काम म प्राथमिकताका साथ काम गर्नेछु। शिक्षा, स्वास्थ्य खानेपानीको सेवा दिनसमेत आवश्यक रहेकोले यसमा काम गर्नुपर्दछ भन्ने लागेको छ। गाउँ-गाउँमा रोजगारी सिर्जना गराएर गाउँमै समृद्धि खोज्ने काम मेरो प्राथमिकतामा परेको छ।

**तपाईंले यस क्षेत्रमा जित्नै पर्ने आधार के-के छन् ?**

यस क्षेत्रमा घरदैलो गर्दा सबै जनतामा मभन्दा पहिलाका उम्मेदवारप्रति जुन किसिमको वितृष्णा पैदा भएको छ। र उहाँले बाँडेका जति पनि आश्वासन थिए, त्यो पूरा हुन नसकेका कारणले पनि जनतामा निराशा छ।

र यस क्षेत्रमा म नयाँ अनुहार हुँ। मेरा मुद्दा स्पष्ट छन्। मेरो सोच स्पष्ट छ। मेरो दृष्टिकोण स्पष्ट छ। मैले गर्न नसकिने ठूल्ठूला र झुटा आश्वासन जनतालाई बाँडेको छैन। म तपाईंको घरदैलोमा आएर तपाईंसँगै सधैंभरि यसरी नै जोडिने छु। त्यो प्रकारले गरेको हुनाले जनताको मप्रतिको आशा, भरोसा र विश्वास जनताको आँखामा देखेको छु। जनताका यिनै विश्वास नै मेरो जितका आधार हुन्। हिजोका दिनमा पनि म आफ्ना कार्य निष्ठावान् रहेर गरेको सबैले देख्नुभएको र विचार गर्नुभएको कुरा हो। यसकारण पनि अन्य पार्टीका साथीले पनि मेरो। निष्ठा, क्षमतालाई ध्यानमा राखेर मत दिनुहुनेछ भन्ने आशा गरेको छु। यिनै कुरा म जित्ने आधार हुन्।

**तपाईं राजनीतिमा आउनुभएको छ। अहिले उम्मेदवारको रूपमा चुनावी राजनीतिक पृष्ठभूमिभन्दा बाहिरको माहोललाई हेर्दा तपाईंले कस्तो अनुभूति गरिरहनुभएको छ ?**

मेरो पेसा र राजनीति फरक विषय हो। तर मैले नेपालको राजनीति, समाज, अर्थतन्त्र, भूगोल, यथार्थ, संस्कृति, इतिहास बुझेको हुनाले त्यस्तो मलाई गाह्रो त भएको छैन तर चुनौती त छ। प्रशस्तै अवसर पनि छ। म उत्साहित पनि छु। जनताको माया र स्नेहले गर्दा म एकदमै उत्साहित भएर अगाडि बढेको हो। र म यो मुलुकको सेवामा अझ बढी बृहत्तर रूपमा आफ्ना क्षमता र प्रतिबद्धता लिएर सेवा गर्न सक्छु र राजनीतिमा एउटा फरक धारको पहिचान, सकारात्मक परिवर्तन ल्याउने एजेन्टका रूपमा आफूलाई प्रस्तुत गर्न सक्छु।

**ललितपुर जिल्ला अवैध रूपमा ढुंगा खानीहरू भएकाले गर्दा निकै विवादित पनि बनेको छ। यसमा तपाईंको धारणा केही छ कि ?**

यो विवादित कुरा तपाईंले सोधिहाल्नुभयो। मेरो यसमा के छ भने, खानीक्षेत्र व्यवस्थापन गर्नुपर्छ। निश्चित ठाउँमा खानीक्षेत्र तोक्नुपर्छ। उद्योगधन्दालाई करको दायरामा ल्याउने, वातावरणको पनि संरक्षण हुने ढंगले व्यवसायीलाई उत्साहित र लगानीलाई पनि प्रोत्साहन गर्दै रोजगारीको सिर्जना गरिनुपर्दछ।

खानीक्षेत्र सञ्चालनका लागि बस्तीलाई समेत व्यवस्थापन गर्नुपर्ने देखिन आएको छ। यसलाई नीतिअन्तर्गत ल्याउनु आवश्यक छ। भूकम्पका कारण भग्नावशेषमा परिणत भएका घरलाई पुन:निर्माणका लागि पनि खानीजन्य सामग्रीको आवश्यकता परेकाले पर्यावरणलाई खलबल नबनाइकन व्यवस्थित रुपमा खानी सञ्चालनमा ल्याउनुपर्छ।

**प्रहरी सेवाबाट सेवा निवृत्त भइसकेर राजनीतिमा प्रवेश गरेका थुप्रै भीआईपीहरू फेल भएका उदाहरण पनि छन्। तपाईंचाहिँ पास हुनुहुन्छ भन्नेमा तपाईंलाई कत्तिको विश्वास छ ?**

तपाईं हेर्दै जानुहोस्। मेरो कामले तपाईंलगायत जनतालाई प्रभाव पार्नेछ।

२०७४, मंसिर
शुक्रबार
१

आर्थिक वर्ष २०७३/७४ मा ३ अर्ब २२ करोड खुद मुनाफा गरेको बैंकले चालू आवको पहिलो त्रैमासमा करिब ९७ करोड रुपियाँ खुद नाफा गर्न सफल भएको छ।

# अर्थ

## ३५ प्रतिशत हकप्रद जारी गर्दै सिद्धार्थ इन्स्योरेन्स

काठमाडौं, (नेस)

सिद्धार्थ इन्स्योरेन्स लिमिटेडको वार्षिक साधारणसभाले ३५ प्रतिशत हकप्रद शेयर जारी गर्ने प्रस्ताव पारित गरेको छ। बुधबार बुधबार कम्पनीको १६औं वार्षिक साधरणसभाले हाल कायम रहेको चुक्तापुँजीको २० प्रतिशत बोनस शेयर जारी गरेपछि कायम हुन आउने चुक्तापँजीको बाट हकप्रद जारी गर्ने निर्णय गरेको हो। उक्त वार्षिक साधारणसभामा सञ्चालक समितिका अध्यक्ष ताराचन्द्र केडियाले कम्पनीको कारोवार एवम् वार्षिक प्रतिवेदन तथा वित्तिय विवरण प्रस्तुत गर्नुभएको थियो।

ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६/९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२/६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।
JAGDAMBA E
EARTHQUAKE RESISTANT REBAR
Fe 500
NS:191
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

## सेन्चुरीले ल्यायो मल्टिकरेन्सी कार्ड



काठमाडौं, (नेस)

सेन्चुरी बैंकले आफ्नो सेवालाई विस्तार गर्ने क्रममा एक्सिस बैंक इन्डियाको सहकार्यमा नेपालमै पहिलो पटक 'मल्टी करेन्सी कार्ड' शुरुवात गरेको छ। बुधबार नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर शिवराज श्रेष्ठले उक्त सेवाको शुभारम्भ गर्नुभएको हो।

बैंकले ल्याएको नयाँ कार्डका प्रयोगकर्ताले विश्वका १६ देशमा ती देशको मुद्रा एउटै कार्डमा लोड गरी लैजान सक्ने बैंकले जनाएको छ। यसबाट नगद विदेशी मुद्रा अभाव झेलिरहेका ग्राहकलाई केही राहत मिल्ने बैंकको दावी छ। त्यस्तै अमेरिकी डलर सटही गरी अन्य मुद्रामा भुक्तानी गर्दा हुने विनिमयको नोक्सानी तथा नगद चोरी जस्ता जोखिमलाई समेत न्यूनिकरण गर्ने बताइएको छ।

यसैगरी बैंकले एक्सिस बैंककै सहकार्यमा इन्डो-नेपाल इजी रेमिट सेवा पनि शुरु गरेको छ। उक्त सेवाबाट भारतमा रहेका नेपालीले एक्सिस बैंकका ३ हजार ५ सय शाखा कार्यालयबाट नेपालमा पैसा पठाउन सक्नेछन्।

## नेपाल बैंक ८१ वर्षमा

काठमाडौं, (नेस)

नेपाल बैंक ८० वर्ष पूरा गरी ८१औं वर्षमा प्रवेश गरेको छ।

वार्षिकोत्सवको उपलक्ष्यमा ब्रैकले खुल्ला रक्तदान तथा मधुमेह परीक्षण तथा जनचेतनासम्बन्धी कार्यक्रम सञ्चालन गरेको जनाएको छ।

आर्थिक वर्ष २०७३/७४ मा ३ अर्ब २२ करोड खुद मुनाफा गरेको बैंकले चालू आवको पहिलो त्रैमासमा करिब ९७ करोड रुपियाँ खुद नाफा गर्न सफल भएको छ।

निजी-सरकारी साझेदारीको अवधारणामा स्थापना बैंकमा सरकारको ६२ दशमलव २१ प्रतिशत र सर्वसाधारणको ३७ दशमलव ७९ प्रतिशत शेयर हिस्सा रहेको छ। बैंकको चुक्ता पुँजी ८ अर्ब ४ करोड पुगेको छ। ३० वर्षदेखि ऋृणात्मक रहेको पुँजीकोष गत आर्थिक वर्षदेखि धनात्मक भई कूल जगेडाकोष आव २०७३/७४




मा ३ अर्ब ५१ करोड, पुँजी पर्याप्तताको अनुपात १५ दशमलव ६१ प्रतिशत पुगेकोमा चालू आवको प्रथम त्रैमासमा कुल जगेडा कोष ४ अर्ब ७५ करोड र पुँजी पर्याप्तता अनुपात १६ दशमलव ५९ प्रतिशत पुगेको छ। यो राष्ट्र बैंकले तोकेको न्यूनतम विन्दुभन्दा माथि हो। चालू आवको पहिलो त्रैमासमा बैंकको कुल कर्जामा खराब कर्जा अनुपात ३ दशमलव ४२ प्रतिशत रहेको छ।

१२ लाख ग्राहक रहेको बैंकमा असोज मसान्तसम्म करिब ९३ अर्ब निक्षेप तथा ७४ अर्ब रुपियाँ कर्जा प्रवाह गरेको बैंकले जनाएको छ।

## ओप्पोको नयाँ फोन नेपाली बजारमा

काठमाडौं, (नेस)

ओप्पोले आफ्नो नयाँ उत्पादन नयाँ सेल्फी एक्स्पर्ट एफ फाइभ नेपाली बजारमा भित्र्याएको छ। कम्पनीले नेपाल आइडलका उत्कृष्ट तीनको समेत सहभागिता सहित एक कार्यक्रमका बीच नयाँ स्मार्टफोन सार्वजनिक गरेको हो।

नेपाली बजारमा नयाँ फोन बुधबारदेखि बजारमा उपलब्ध गराएको जनाएको छ। कम्पनीले फोनको मूल्य ३३ हजार ९ सय ९० रुपियाँ तोकेको छ। फोनमा ओप्पोको कलर ओएस ३.२ सञ्चालन प्रणाली रहेको कम्पनीले जनाएको छ।

फोनमा ३ हजार २ सय एमएएच व्याट्रि जडान गरिएको मोबाइलमा क्यामेराको एप्लिकेसन चलिरहेको अवस्थामा पनि निरन्तर १२ घण्टासम्म सहज रूपमा फोन चलाउन सकिने सुविधा रहेको छ।

फोनमा व्लूटुथको तुलनामा १ सय गुण तिव्र गति सहितको ओसेयर फाइल सेयरिङ प्रविधि उपलब्ध रहेको छ। यसको सहयताले ३ एमबी क्षमताका ८ देखि १० वटासम्म तस्विर एकै सकेन्डमा पठाउन सकिने प्रविधि रहेको कम्पनीको दावी रहेको छ।

फोनमा सेल्फी प्रेमीलाई विशेष ध्यानमा राखि उद्योगकै पहिलो आर्टिफिसियल इन्टेलिजेन्सी (एआई) प्रविधि उपलब्ध गराइएको ओप्पोका प्रोडक्ट म्यानेजर जिथिन अब्राहमले जानकारी दिनुभयो। नेपालमा उपस्थित फोन ब्राण्ड मध्ये पहिलो पटक ओप्पोले यस फोनमार्फत् सेल्फीका लागि फ्रन्ट क्यामेरामा आर्टिफिसियल ईन्टेलिजेन्सी प्रविधि समाहित रहेको अब्राहमको दावी छ।




सार्वजनिक भएको नयाँ फोन ओप्पोकै पहिलो फुल स्क्रिन एफएचडी डिस्प्ले मोडल हो। उच्च रिजोलुसन क्षमतासहितको स्क्रिनले उपभोक्तालाई जीवन्त दृष्यानुभुति प्रदान गर्ने कम्पनीको दावी छ। यो स्मार्टफोन तीनवटा संस्करणमा आउने बताईएको छ। जसमा एफ ५, एफ ५ ६ जीबी र एफ ५ यूथ रहेका छन्।

फोनको यसको आधारभूत संस्करणमा ४ जीबीको ऱ्याम र ६४ जीबीको आन्तरिक स्टोरेज हुनेछ भने अर्कोमा ६ जीबीको ऱ्याम र ६४ जीबीको स्टोरेज छ। यसमा फोटोको लागि २० मेगापिक्सेलको फ्रन्ट क्यामरा छ भने १६ मेगापिक्सेलको रियर क्यामरा छ। यो फोन गोल्ड र ब्ल्याक कलर अप्सनमा आउने छ।



# पेरू विश्वकपमा छनोट

लन्डन, (एजेन्सी)

पेरु छनोट भए लगत्तै आगामी वर्ष रसियामा हुने फिफा विश्वकपका लागि सहभागी हुने सबै ३२ राष्ट्रको टुंगो लागेको छ। दक्षिण अमेरिकी राष्ट्र पेरू रसिया विश्वकपमा छनोट हुने अन्तिम राष्ट्र हो। अन्तर महादेशीय प्लेअफमा ओसियाना क्षेत्रका च्याम्पियन न्युजिल्यान्डलाई दोस्रो लेगमा २-० ले पराजित गर्दै पेरुले विश्वकपमा स्थान बनाएको हो। पेरु सन् १९८२ पछि पहिलोपटक विश्वकपमा छनोट भएको छ।

बिहीबार पेरुले आफ्नो घरेलु मैदानमा सफलता हासिल गर्ने क्रममा खेलको २८औं मिनेटमा जेफरसन फर्फानले गोलमार्फत शुरूआती अग्रता लिएको थियो। त्यस्तै ६५औं मिनेटमा क्रिस्टियन रामोसले गोल गर्दै पेरुको जित सुनिश्चित गरे। यसअघि न्युजिल्यान्डमा खेलिएको पहिलो लेग गोलरहित बराबरीमा सकिएको थियो

### विश्वकपका ३२ राष्ट्र

आगामी विश्वकपमा युरोपबाट सबैभन्दा धेरै १४ राष्ट्र छनोट भएका छन्। जसअन्तर्गत आयोजक रसिया र वर्तमान च्याम्पियन जर्मनीसहित इंग्ल्यान्ड, पोर्चुगल, फ्रान्स, स्पेन, बेल्जियम, पोल्यान्ड, आइसल्यान्ड, सर्बिया, स्वीट्जरल्यान्ड, क्रोएसिया, डेनमार्क र स्वीडेन रहेका छन्। तर ४ पटकको च्याम्पियन इटाली भने ६० वर्षपछि विश्वकपमा अटाउन सकेन।

यसैगरी दक्षिण अमेरिकाबाट ब्राजिल, अर्जेन्टिना, उरुग्वे, कोलम्बिया र पेरु छनोट भएका छन्। एसिया र अफ्रिकाबाट भने समान ५-५ राष्ट्र विश्वकपमा पुगेका छन्। एसियाबाट जापान, दक्षिण कोरिया, साउदी अरेबिया, इरान र अस्ट्रेलिया तथा अफ्रिकाबाट इजिप्ट, नाइजेरिया, सेनेगल, मोरोक्को र ट्युनिसिया छनोट भएका हुन्। यसैगरी उत्तर अमेरिकाबाट मेक्सिको, कोस्टारिका, पानामाले विश्वकपको अन्तिम ३२ स्थान पक्का गरेका छन्।

# मायांका, माहिका र अभिलाषाको जित



इन्द्रकला श्रेष्ठ विरुद्ध प्रतिस्पर्धा गर्दै माहिका राणा। उजोल डंगोल, काठमाडौं

काठमाडौं, (नेस)

नेपाल प्रहरीका मायांका राणा र माहिका राणा तथा नेपाली सेनाकी अभिलाषा विष्टले राखेप च्याम्पियनसिपअन्तर्गत १४ औं राष्ट्रिय लनटेनिस प्रतियोगिताको महिला सिंगल्समा बिहीबार दोहोरो जित हात पारेका छन्।

सातदोबाटोस्थित टेनिस कोर्टमा मायांकाले पश्चिमाञ्चलकी गंगा शर्मालाई ६-२ र ६-२ तथा एपीएफकी एनी माथेमालाई ६-१ र ६-४ को सोझो सेटमा पराजित गरिन्। माहिकाले एपीएफकी इन्द्रकला श्रेष्ठ तथा सेनाकी इरा रावतलाई समान ६-० र ६-० को सीधा सेटमा सहजै हराइन्। अभिलाषाले इरालाई ६-४ र ६-३ तथा एपीएफकी भगवती विकलाई ६-२ र ६-० को सोझो सेटमा हराइन्।

## घरहरा

### कसले पुष्टी गर्ने ?



निकै लामो राजनीतिक रस्साकसी र राजनीतिक भागबण्डापश्चात गत असारमा मित्रराष्ट्र बहराइनका लागि पदम सुन्दास राजदूत नियुक्त भए। उनीसहित विभिन्न १२ मुलुकले यही वर्ष नयाँ राजदूत पाएको छ। नयाँ जिम्मेवारी पाएका अधिकांशले दशैंअघि नै औपचारिक रूपमा कार्यभार सम्हालिसकेका छन्।

सुन्दास भने त्यो मामिलामा पछि परेछन्। नियुक्ती लिएको ४ महिनापछि मात्रै उनले सो मुलुकका लागि आफ्नो ओहोदाको प्रमाणपत्र बुझाएको धरहराले थाहा पायो। यही बुधबार सुन्दासले बहराइनका राजा हअमद विन इसा अल खलिफा समक्ष प्रमाणपत्र बुझाएको व्यहोरा परराष्ट्र मन्त्रालयले पुष्टी गरेको छ।

त्यसो त अन्य मुलुकका नयाँ दूतलाई राष्ट्राध्यक्ष वा सरकार प्रमुखले समय तोकेपछि मात्रै प्रमाणपत्र बुझाउने चलन छ। ढिलै भए पनि प्रमाणपत्र बुझाएका छन्, उनलाई कार्यकालको शुभकामना। गत वर्ष बहराइनकै लागि दूत सिफारिस भएर नियुक्ती लिन नपाएका उनै सुन्दास हुन्। तर चन्द्रमा दाहिना भएपछि कसको के नै लाग्छ र ? जे भाग्यमा लेख्या थियो, त्यति भयो यसपटक।

सुन्दासले ढिलै भए पनि प्रमाण बुझाएको पुष्टी गर्दै परराष्ट्रले जारी गरेको विज्ञप्तीको मिति चाहिँ कसले पुष्टी गर्नुपर्ने हो, धरहराले बुझ्न सक्या छैन।

# ओडीसी र स्किब्स च्याम्पियन



काठमाडौं, (नेस)

ओडीसी इन्टरनेसनल एकेडेमी, स्किब्स र एन्जल लर्डले प्रथम हेम्स कप थ्री अन थ्री अन्तरविद्यालय बास्केटबल प्रतियोगताको उपाधि बिहीबार जितेका छन्। ओडिसी सिनियर ब्वाइज, स्किब्स सिनियर गर्ल्स र एन्जल लर्ड जुनियर ब्वाइजमा च्याम्पियन बने। रातोपुलस्थित आयोजक हेम्सको कोर्टमा भएको सिनियर ब्वाइज फाइनलमा ओडिसीले ग्रिनल्यान्डलाई २१-१२ ले पराजित गऱ्यो। ग्रिनफिल्ड तेस्रो भयो।

त्यस्तै सिनियर गर्ल्सको उपाधि भिडन्तमा स्किब्सले जेनिथलाई ८-४ ले हरायो। ग्रिनल्यान्डले तेस्रो स्थानमा चित्त बुझायो। जुनियर ब्वाइजको फाइनलमा एन्जल लर्डले पिपुल्स एकेडेमीको चुनौती १२-८ ले समाप्त पाऱ्यो। ग्रिनफिल्ड तेस्रोमै चित्त बुझायो।

## मोडर्न इन्डियनमा प्रतियोगिता जारी

काठमाडौं, (नेस)

चोभारस्थित मोडर्न इन्डियन स्कुलद्वारा आयोजित अन्तरविद्यालय प्रतियोगिताअन्तर्गत बिहीबार टेबल टेनिस, बास्केटबल र फुटबलका खेलहरू सम्पन्न भएका छन्। टेबलटेनिसमा ब्वायज टिम इभेन्टमा आयोजक मोडर्न इन्डियन स्कूलले फाइनलमा त्रियोग स्कूललाई ३-२ ले हरायो। जुनियर गर्ल्स सिंगल्स फाइनलमा त्रियोगकी आश्मा पाण्डेले डीएभी स्कूलकी लस्ता श्रेष्ठलाई हराइन्।

यस्तै बास्केट बलतर्फ सेन्ट जेभियर्सले केएमसी र केन्द्रीय विद्यालयलाई तथा ह्वाइट हाउसले मोडर्न इन्डियन र केएमसीलाई हराएका थिए।


# आवश्यकता

यस प्रकाशन गृहलाई आफ्नो प्रकाशनको बजार प्रवर्धनको लागि केही कर्मचारीको आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिहरूले तुरुन्त सम्पर्क गर्नुहोला ।

**पद** :- बजार प्रतिनिधि
**सख्या** :- २०
**योग्यता** :- +२
**सेवा सुविधा** :- आकर्षक तलब + कमिसन

कामना न्यूज पब्लिकेसनस् प्रा.लि.
भिमसेन स्थान काठमाडौं
सम्पर्क :- २६११७९ , ९८५१०६९८३०
Email :- circulation.nsp112@gmail.com


# संकटा सेमिफाइनलमा

काठमाडौं, (नेस)

सिएमजी क्लब संकटा नैकापमा जारी प्रथम चन्द्रागिरी गोल्डकपअन्तर्गत बिहीबार सेमिफाइनलमा प्रवेश गरेको छ।

नैकापस्थित चन्द्रागिरी नगरपालिकाका मैदानमा भएको खेलमा विभागीय टोली नेपाल पुलिस क्लबलाई २-० ले हराएर संकटाले अन्तिम चारमा स्थान सुरक्षित गरेको हो। टोलीको जितमा विदेशी खेलाडी फ्लोरेन्स कोआभा र मार्टिन्स अजयीले गोल गरे। संकटाले सात मिनेट भित्र दुई गोल गरेपछि जित संभव भएको थियो। पाचौं मिनेटमा फ्लोरेन्सले हेडगोलमार्फत संकटालाई सुरुवाती अग्रता दिलाएका थिए। दुई मिनेटपछि मार्टिन्स अजयीले बाइ साइकिल किकबाट गोल गर्दै संकटाको अग्रता दोब्बर पारेका थिए।

# कान्जिरोवा बास्केटबलमा ३० टोली

काठमाडौं, (नेस)। कान्जिरोवा नेसनल स्कुलको आयोजनामा कान्जिरोवा कप थ्री बाइ थ्री अन्तरविद्यलय बास्केटबल शुक्रबारदेखि हुने भएको छ। प्रतियोगितामा विभिन्न विद्यालयका ३० टिमको सहभागिता रहने कान्जिरोवाका प्रिन्सिपल रन्जित थापाले जानकारी गराए। ब्वाइजमा १६ र गर्ल्समा १४ टिम सहभागी हुनेछन्।





सम्मान चलचित्रको
उत्सव उत्कृष्टताको

CG Entertainment Presents
LUX Kamana Awards

LUX कामना फिल्म अवार्ड्स् २०७४
मन परेको फिल्म र फिल्मकर्मीलाई
SMS गर्नुहोस्, विजेता बनाउनुहोस्

CO-SPONSOR: Pashupati BISCUITS
RED CARPET: YETI PVC FLOORING Live with honour...
OFFICIAL DRINK: RUSLAN 100% PURE MOVIES
OFFICIAL BANK: prabhu Bank

ASSOCIATE SPONSOR: NIC ASIA एन आई सी एशिया बैंक लि. | IME International Money Express Fast, Reliable And Secure Remittance | KILOMETER

विधा: सर्वोत्कृष्ट चलचित्र
छक्का पञ्जा (KFA 1A)
डाइङ क्यान्डल (KFA 1B)
गाजलु (KFA 1C)
जात्रा (KFA 1D)
के म तिम्रो होइन र (KFA 1E)

विधा: सर्वोत्कृष्ट निर्देशक
सुवर्ण थापा - बाटोमुनिको फूल-२ (KFA 2A)
दीपेन्द्र के खनाल - चपली हाइट-२ (KFA 2B)
हेमराज बीसी - गाजलु (KFA 2C)
आकाश अधिकारी - के म तिम्रो होइन र (KFA 2D)
निश्चल बस्नेत - लुट-२ (KFA 2E)

विधा: सर्वोत्कृष्ट अभिनेता
दयाहाङ राई - वीरविक्रम (KFA 3A)
अनमोल केसी - गाजलु (KFA 3B)
विपीन कार्की - जात्रा (KFA 3C)
निखिल उप्रेती - निर्भय (KFA 3D)
सौगात मल्ल - शब्द (KFA 3E)

विधा: सर्वोत्कृष्ट अभिनेतृ
प्रियंका कार्की - छक्का पञ्जा (KFA 4A)
सृजना सुब्बा - डाइङ क्यान्डल (KFA 4B)
वर्षा राउत - जात्रा (KFA 4C
केकी अधिकारी - लभ सासा (KFA 4D)
नीता ढुंगाना - निर्भय (KFA 4E)

विधा: सर्वोत्कृष्ट खलपात्र
ध्रुव कोइराला - बाजिगर (KFA 5A)
अर्पण थापा - वीरविक्रम (KFA 5B)
दीपकराज गिरी - छक्का पञ्जा (KFA 5C)
कमलमणि नेपाल - जात्रा (KFA 5D)
कामेश्वर चौरासिया - पलाँस (KFA 5E)

विधा: सर्वोत्कृष्ट हास्य कलाकार
केदार घिमिरे - छक्का पञ्जा (KFA 6A)
रवीन्द्र झा - जात्रा (KFA 6B)
दयाहाङ राई - लुट-२ (KFA 6C)
सलोन बस्नेत - गाजलु (KFA 6D)
बुद्धि तामाङ - छक्का पञ्जा (KFA 6E)

विधा: सर्वोत्कृष्ट संगीतकार
ताराप्रकाश लिम्बु - वीरविक्रम/ हारें हारें (KFA 7A)
राजनराज शिवाकोटी - छक्का पञ्जा/ पूर्व-पश्चिम रेल (KFA 7B)
कालिप्रसाद बासकोटा - लुट-२/ ठमेल बजार (KFA 7C)
अर्जुन पोखरेल - निर्भय/ यो दुनियाँ (KFA 7D)
वसन्त सापकोटा - राधा/ छपक्कै (KFA 7E)

विधा: सर्वोत्कृष्ट पार्श्व गायक
ताराप्रकाश लिम्बु - वीरविक्रम/ हारें हारें (KFA 11A)
राजनराज शिवाकोटी - छक्का पञ्जा/ पूर्व-पश्चिम रेल (KFA 11B)
कृष्ण काफ्ले - छक्का पञ्जा/ सुन न चम्पा (KFA 11C)
प्रताप दास - के म तिम्रो होइन र/ पागल (KFA 11D)
युवराज चौलागाईं - पलाँस/ तिमी साथमा (KFA 11E)
स्वरूपराज आचार्य - शब्द/ हरपल (KFA 11F)

विधा: सर्वोत्कृष्ट पार्श्व गायिका
जलजला परियार - बाटोमुनिको फूल-२/ केही कदम (KFA 10A)
मिलन अमात्य - हाउ फन्नी/ यो के हो (KFA 10B)
अञ्जु पन्त - किस्मत-२/ यी आँखा लैजाउ (KFA 10C)
मीना निरौला - लुट-२/ ठमेल बजार (KFA 10D)
मेलिना राई - राधा/ छपक्कै (KFA 10E)

विधा: लक्स पपुलर च्वाइस अवार्ड
वर्षा राउत (KFA 8A)
केकी अधिकारी (KFA 8B)
प्रियंका कार्की (KFA 8C)
ऋचा शर्मा (KFA 8D)
सृष्टि श्रेष्ठ (KFA 8E)

मनपर्ने चलचित्र तथा सिनेकर्मीलाई जिताउनका लागि माथि उल्लेखित Short Keywords टाइप गरी ३२७२२ मा पठाउनुहोस् । जस्तै, सर्वोत्कृष्ट चलचित्र विधामा भोट गर्नका लागि KFA<space> र तपाईंलाई मन परेको चलचित्रको कोड नम्बर टाइप गरी ३२७२२ मा पठाउनुहोस् ।


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ